# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ५, अङ्क २२, पूर्णाङ्क २१७ | २०७६ मङ्सिर ११ गते बुधवार | Wednesday, 27 Nov 2019 | www.eratokhabar.com | मूल्य रु. १०


पार्टी पुनर्गठन दिवसका अवसरमा विशेष अन्तर्वार्ता

विप्लव

महासचिव, नेपाल कम्युनिस्ट पार्टी




अन्तर्वार्ता

पृष्ठ ३

# दुई तिहाइको अस्थिरता बढ्दै

■ रातो खबर संवाददाता/काठमाडौं

प्रधानमन्त्री केपी वलीले सरकारले अत्यन्त राम्रो काम गरिरहेको, समृद्धि र विकासको नेतृत्व गरिरहेको दाबी गरिरहेको बेला मन्त्रिमण्डल हठात् पुनर्गठन भएको छ। सरकारले राम्रो काम गरिरहेको भए मन्त्रिमण्डल किन पुनर्गठन भयो त ? स्वाभाविक प्रश्न उठेको छ। पुनर्गठनमा बेदखली भएका र कायम रहेका अनुहार हेरेर पार्टीभित्र र बाहिर व्यापक असन्तुष्टि मुखर भएको छ। लोकलाज पचेका र टोलभरि दुर्गन्ध फैलाइरहेका भ्रष्ट कतिपय नेताका आफन्त मन्त्रीहरू कायमै रहनुले नेताहरूको नियत र नियति छताछुल्ल भएको छ। भारतले सीमा अतिक्रमण गरिरहेको बेला भएको मन्त्रिमण्डल पुनर्गठन र त्यसबाट उत्पन्न अन्योल र असन्तुष्टिको व्यवस्थापन गर्नमै सरकारको शक्ति खर्च भइरहेको छ।

अर्कोतिर नेपालको भूभाग अतिक्रमण गर्ने दिल्लीलाई खुसी पार्न देशभक्त शक्तिहरूको शान्तिपूर्ण विरोध प्रदर्शनमाथि वली प्रशासनले गिरफ्तारी, झूट्टा मुद्दा र आक्रमण तीव्र पारेको छ। काङ्ग्रेस, राप्रपा र ने.क.पा. का प्रदर्शनकारीहरूमाथि दमन गरिएको छ। सरकारमाथि लाग्ने गरेको लम्पसारवादीको आरोप पुष्टि भएको अवस्था छ।



सरकारको नेतृत्व गरिरहेका प्रम वली उपचारका लागि लामो समय विदेश जाने खबर बाहिरिएको छ। राष्ट्रिय सङ्कटको परिस्थितिमा भौतिक र मानसिक रूपमा बलियो कार्यकारी प्रमुखको आवश्यकता रहन्छ। मान्छेका मानसिक अवस्थाहरू उसका भौतिक अवस्थाका प्रतिबिम्बहरू हुन्छन्। विद्यमान कार्यकारीको भौतिक अवस्था, हठ र गिर्दो स्वास्थ्य अवस्थाका कारण अनेक हल्ला, अनुमान र स्वार्थ समूह टक्कर भुसको आगोझैँ सल्किरहेको छ। सत्तारूढ पार्टी त्यही आगो बाल्ने र निभाउने खेलमा व्यस्त छ। सरकारको भूमिका हेर्दा रोमका निरो वादशाहको झल्को दिन्छ जो रोम सहर जलिरहँदा पियानो बजाएर मनोरञ्जन गरिरहेका थिए। सरकार र सत्तारूढ पार्टीको किचलोले राष्ट्रिय मुद्दा नै ओझेलमा परेको छ।

नेपालमा संयुक्त सरकार हुनुको कारण राजनीतिक अस्थिरता भएको भन्दै आइएको थियो। जहाँ भ्रष्ट सरकारका विरुद्ध विकल्पको खोजी हुन्थ्यो। तर हाल दुई तिहाइ बहुमतको सरकार भएका कारण त्यसप्रकारको निकास पनि बन्द भएको छ। न सरकारले स्थिरता र विश्वासयोग्य भूमिका नै निर्वाह गर्न सकेको छ। सुविधाजनक बहुमत नै स्थिरता होइन भन्ने कुरा घटनाक्रमहरूले देखाएका छन्। नेपालकै इतिहासमा दुई तिहाइ बहुमतको अस्थिरता प्रकट भएको छ। यसले न निकास, न त विकल्पको ढोका नै खोलेको छ। कार्यकारीविहीन कामचलाउ सरकार लामो समय देशमाथि थोपरिने निश्चित छ। यस्तो सारतः कामचलाउ, अस्थिर सरकारले सीमा अतिक्रमणका विषयमा भारतसँग कसरी पहलकदमी लिन सक्छ ? जनताको विश्वास कसरी लिन सक्छ ? त्यसप्रकारको सरकारलाई न कर्मचारीतन्त्रले विश्वास गर्छ, न त कूटनीतिक शक्ति नै प्रयोग गर्न सक्छ। अस्थिर र कामचलाउ सरकारलाई विदेशी शक्तिकेन्द्रले पत्याउने कुरा पनि हुँदैन। त्यसप्रकारको सरकारको भूमिकाप्रति जनविश्वास र जनसमर्थन पनि रहन्न।

महाकाली नदी बेचिएको विरोधमा आवाज उठाएकै कारण आफू कारबाहीमा परेको गुनासो सोही पार्टीका वरिष्ठ

बाँकी पृष्ठ ७ मा

## नेकपाले गाड्यो नेपालको सिमानामा झन्डा

**काठमाडौं** : सरकारले प्रतिबन्ध लगाएर व्यापक दमन गरिरहेको बेला नेकपाले भने सार्वजनिक रूपमै गाउँगाउँमा गएर जनकारबाहीको अपिल गरेको छ। नेकपाले झापाका विभिन्न चोक, बजार र गाउँहरूमा ब्यानर टाँगेर जनकारबाही गर्ने विषय सार्वजनिक गरेको हो। भ्रष्टाचारीहरूलाई जनकारबाही गरौँ, मिटर ब्याजेहरूलाई जनकारबाही गरौँ, लागूपदार्थ दुर्व्यसनीहरूलाईजनकारबाहीगरौँ,भूमाफियाहरूलाई जनकारबाही गरौँलगायत

... बाँकी पृष्ठ ७ मा

## होस्टलमा आफैँले हतियार राखेर प्रहरीले विद्यार्थीलाई फसाउन खोज्यो : चन्द

**चितवन** : चिकित्सा शिक्षा सङ्घर्ष समितिका संयोजक प्रकाश चन्दले प्रहरी र प्रशासन मिलेर होस्टलमा हतियार राखी तस्बिर खिचाएर विद्यार्थीलाई फसाउन खोजेको र सरकारले मेडिकल माफियाको स्वार्थमा फसेर विद्यार्थी र अभिभावकको घाँछी रेटिरहेको बताएका छन्। चन्दले आइतबार विज्ञप्ति जारी गर्दै भनेका छन्, 'राज्य विद्यार्थीलाई न्याय दिनुको साटो आज डरलाग्दो षड्यन्त्रसहित

... बाँकी पृष्ठ ७ मा

## सीएमसीका विद्यार्थीको आन्दोलनप्रति नेकपाको ऐक्यबद्धता

**'कलेजको छात्रावासमा हतियार भेटिएको हल्ला विद्यार्थीलाई फसाउने षड्यन्त्र'**

■ रातोखबर संवाददाता/काठमाडौं

शैक्षिक माफियाविरुद्ध चितवन मेडिकल कलेजका विद्यार्थीले अघि बढाएको आन्दोलनप्रति नेपाल कम्युनिस्ट पार्टीले ऐक्यबद्धता व्यक्त गरेको छ। नेकपा चितवनले आइतबार विज्ञप्ति जारी गरी चितवन मेडिकल कलेज (सीएमसी) को होस्टलको क्यान्टिनमा पेस्तोल फेलापरेको भन्ने समाचारप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको र उक्त घटना षड्यन्त्रपूर्ण र आपराधिक रहेको निष्कर्ष पनि निकालेको छ।

नेकपा चितवनका इन्चार्ज शार्दूल र सेक्रेटरी विजय शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ, '२०७६ साल मङ्सिर ७ गते चितवन मेडिकल कलेज (सीएमसी) को होस्टलको क्यान्टिनमा पेस्तोल फेलापरेको भन्ने समाचारप्रति हाम्रो पार्टीको ध्यानाकर्षण भएको छ। मेडिकल माफियाहरूले विद्यार्थीबाट तोकेभन्दा बढी शुल्क लिई लुटिरहेको बेला विद्यार्थीहरू माफियाका विरुद्ध आन्दोलन गरिरहेका छन्। विद्यार्थीले गरेको आन्दोलनप्रति पार्टीको समर्थन र ऐक्यबद्धता रहेको छ।'

विज्ञप्तिमा भनिएको छ, 'विद्यार्थीले उठाएको जायज माग पूरा गर्नुको सट्टा प्रहरी प्रशासन र सीएमसी कलेज प्रशासनको मिलोमतोमा क्यान्टिनमा आफैँ पेस्तोल राखी कलेजको छात्रावासमा हतियार भेटिएको हल्ला गरेर विद्यार्थीलाई फसाउन खोज्ने षड्यन्त्रकारी सरकार र यसका मातहतका निकायको बहुलट्ठीपूर्ण हर्कतको हाम्रो पार्टी घोर भर्त्सना गर्दछ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'जनतालाई ठग्ने मेडिकल माफिया र षड्यन्त्रको योजना बनाउने दलाल सामाजिक फासिवादी सरकारको प्रहरी प्रशासनको आपराधिक गतिविधिका विरुद्ध आन्दोलन गर्न सबै जनसमुदायमा अनुरोध गर्दछौँ।'

## नेकपाले पार्टी पुनर्गठन दिवस देशैभर मनायो

■ भीम प्रसाद चापागाई/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले पार्टी पुनर्गठन गरेको छैठौ वर्ष प्रवेशको अवसर पारेर देशैभर पार्टी पुनर्गठन दिवस मनाएको छ।

नेपाल कम्युनिस्ट पार्टी मेची-कोसी ब्युरोका १० वटा जिल्लामा आफ्नो पार्टीको छैटौँ पुनर्गठन दिवस भव्य रूपमा सम्पन्न गरेको छ। ब्युरोअन्तर्गतका इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, ताप्लेजुङ, उत्तरी मोरङ, दक्षिणी इलाम र तेह्रथुममा जनताका बीचमा नेकपाले पार्टी पुनर्गठन दिवस मनाएको हो।

झापा जिल्लाका शिवसताक्षी, बिर्तामोड, बुद्धशान्तिसहित ३ स्थानमा, मोरङका कानेपोखरी र रतुवामाई २ स्थानमा, सुनसरीका २ स्थानमा, धनकुटाको सहिद भूमि गाउँपालिकामा, ताप्लेजुङ्का ३ स्थानमा, दक्षिणी इलामको चुलाचुली गाउँपालिकामा, इलामको सन्दकपुरमा, उत्तरी मोरङका २ स्थानमा पार्टी पुनर्गठन दिवस मनाइएको हो।

कार्यक्रममा दीप प्रज्वलन, शुभकामना आदानप्रदान, झन्डा राख्ने, सहिद परिवार भेटघाट गर्दै जनतालाई शुभकामना प्रदान गर्नुका साथै सम्बोधन गर्ने काम भएको थियो। पार्टीका जिल्ला इन्चार्ज, सेक्रेटरी तथा स्थानीय नेता-कार्यकर्तासहित व्यापक जनताको उपस्थितिमा बेग्लाबेग्लै स्थानमा भएको कार्यक्रममा जिल्ला नेताहरूले बोलेका थिए। प्रतिबन्ध चिर्दै धेरै स्थानमा सम्पन्न कार्यक्रममा बोल्ने नेता-कार्यकर्ताले सामाजिक फासिवादविरुद्ध प्रतिरोध गर्दै अगाडि बढ्नुपर्ने बताए। उनीहरूले देश सङ्कटमा परेको हुनाले यसको मुख्य कारण

... बाँकी पृष्ठ ७ मा

## श्रीखण्ड दिएर कालापानी लुट्ने षड्यन्त्र

■ रातोखबर संवाददाता/काठमाडौं

**समाचार विश्लेषण**

हालसम्म प्राप्त जानकारीअनुसार सन् १९६२ को भारत-चीन युद्धमा भारतको पराजय भएपछि लिपुलेक क्षेत्रबाट फर्केको भारतीय सेना कालापानीमा शिविर बनाएर बस्यो। कालापानीको रणनीतिक महत्वलाई बुझेको भारतले त्यस क्षेत्रलाई कब्जा गर्ने मनसायले लिम्पियाधुरा मुहान भएको काली नदीलाई 'कुटियाङ्दी' र लिपुलेकबाट झर्ने सानो खोला (लिपुखोला) लाई 'काली नदी' भनेर प्रचार गर्न थाल्यो। २०२६ सालमा उत्तर सीमानाका १४ स्थानबाट फर्केको भारतीय सेना टिङ्करबाट २०१९ वि.सं. (तदनुसार १९६२) मा कालापानीमा गएर बसेको मानिन्छ। २०३२ सालमा नेपालले उक्त क्षेत्र आफ्नो नक्साभित्र पारेर सार्वजनिक गऱ्यो। कालापानीमा भारतीय सेना बसेकोमा जनस्तरबाट व्यापक विरोध भइरहेको बेला नेपाली जनमतको नाडी छाम्न भारतीय राजदूत के.भी. राजनले कालापानी भारतकै भएको दाबी गरे। त्यसको चर्को विरोध भएपछि राजनले 'वार्ताद्वारा समस्या समाधान गर्ने' भन्दै आफ्नो भनाइ सच्याएका थिए। त्यहाँ भारतले ६० हजार ६ सय ६२ हेक्टर नेपाली भूमि अतिक्रमण गरेको छ।

भारतका प्रम नरेन्द्र मोदी नेपाल आएर पशुपतिनाथको मन्दिरमा श्रीखण्ड चढाए। त्यसको लगत्तै कालापानी क्षेत्र हडप्ने प्रयास भएको छ। श्रीखण्ड अर्पण गरेर जनताको भावना समेटेर मातृभूमिमाथि आक्रमण गर्ने षड्यन्त्र भएको छ। अमेरिकाले 'मिलेनियम च्यालेन्ज' अन्तर्गत नेपाललाई दिने

... बाँकी पृष्ठ ५ मा

## देश युद्धमा जाने खतरा बढ्यो : अधिकारकर्मी




■ रातो खबर संवाददाता/नवलपुर

अधिकारकर्मीहरूले सरकारको गलत कार्यशैलीले देश गम्भीर खतरामा फस्न लागेकाले जिम्मेवार बन्न सुझाव दिएका छन्।

जनपत्रकार सङ्गठन नेपाल लुम्बिनीद्वारा शनिबार नवलपुरको कावासोतीमा आयोजित 'मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवम् वर्तमान राजनीतिक अवस्था र राष्ट्रियता' विषयक अन्तरक्रियाका वक्ताहरूले बढ्दो राजनीतिक जटिलता र जनआक्रोशलाई बेलैमा गम्भीरतापूर्वक नलिए देश नयाँ अवस्थामा प्रवेश गर्ने चेतावनी दिएका हुन्। प्रमुख जिल्ला अधिकारीले कार्यक्रम रोक्न भन्दै चेतावनी दिइरहेका बेला वक्ताहरूले शान्तिपूर्ण रूपमा कार्यक्रम

... बाँकी पृष्ठ ७ मा

## सामाजिक दलाल पुँजीवादका नेपाली विशेषताहरू

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



सर्वविदितै छ- नेपालमा अहिले चलिरहेको सरकारलाई हामीले सामाजिक दलाल पुँजीवादी र फासिवादी भन्ने गरेका छौँ। यो सरकारलाई हामीले किन सामाजिक दलाल पुँजीवादी भन्यौँ ? किन यो फासिवादी हो ? यो भन्नुको पछाडिका सैद्धान्तिक, राजनीतिक एवम् आर्थिक कारणहरू के हुन् ? यसका बारेमा हामी यहाँ चर्चा गर्नेछौँ।

सामाजिक दलाल पुँजीवाद भन्नुको कारण के हो भने एमाले-माके मिलेर बनेको संशोधनवादी सरकारले नाममा आफूलाई कम्युनिस्ट भन्ने गरेको छ तर काममा साम्राज्यवादी एकाधिकारवादी पुँजीपति वर्गको सेवा गर्छ र नेपालमा उसको मुनाफा र नेपाली जनताको उत्पीडनका लागि दलालको काम गरिरहेको हुन्छ। साम्राज्यवाद तथा एकाधिकार पुँजीवादी वर्गको दलाली गर्नु सरकारी नेकपाको राजकीय काम हो। नेपाली काङ्ग्रेस र एमालेले यसप्रकारको दलाली तत्कालीन पञ्चायतमा प्रवेश गरेदेखि नै सुरु गरेका थिए। 'प्रजातान्त्रिक समाजवाद' को नारा दिने नेपाली काङ्ग्रेस र नयाँ जनवादी क्रान्तिको नारा दिने तत्कालीन नेकपा माले साम्राज्यवाद, विस्तारवादको दलालीमा फस्नुको मुख्य कारण अर्धसामन्ती, अर्धऔपनिवेशिक अवस्थामा रहेको नेपाली सत्तामा परिवर्तन हुन नसक्नु थियो। तत्कालीन नेकपा माओवादी पनि अहिले त्यही अवस्थाको सिकार बनेको छ जुन काङ्ग्रेस र एमाले बनेका थिए। अहिले एमालेकृत नेकपाले वास्तविक नाराहरू समाप्त पारिसकेको छ र आफूलाई साम्राज्यवादको अब्बल दलालका रूपमा उभ्याउन प्रतिस्पर्धा गर्दै आएको छ। यो पार्टीले नाममा आफूलाई समाजवादी भन्ने गरेको छ र काममा एकाधिकार पुँजीवादको सेवा गर्ने र त्यो दलालीबाट प्राप्त निगाहबाट देश चलाउने नीति लिएको छ जसको कारण यो सामाजिक दलाल पुँजीवादी भयो।

नेपाली जनताले हरेक दिन, हरेक घन्टा, हरेक मिनेट र हरेक सेकेन्डमा अनुभूति गरिरहेका छन्- यो सरकारबाट कुनै पनि नयाँ काम हुन सक्दैन र यसको अन्त्य हुनु आवश्यक भइसकेको छ। विस्तृत रूपमा जनताले बुझिसकेका छन्- यो एमाले नेकपाको सामाजिक दलाल पुँजीवादी सरकारका ठाउँमा विशुद्ध दलाल पुँजीवादी नेपाली काङ्ग्रेस वा कुनै अर्को दलाल पुँजीवादी पार्टीको नेतृत्वमा बन्ने सरकारले देशको भलो हुन सक्दैन। त्यसकारण दलाल नेतृत्व पैदा गर्ने संसदीय सत्ता नै समाप्त पार्न आवश्यक छ र त्यसको स्थानमा वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्छ। त्यही कारण सत्ताको विकल्प होइन, सरकारको विकल्प हुन सक्छ भन्ने बहस अहिले सरकारी नेकपा (अथवा एमाले

...बाँकी पृष्ठ ४ मा

वर्ष ५, अङ्क २२, पूर्णाङ्क २१७
रातो खबर साप्ताहिक

## सम्पादकीय

# नेकपा पुनर्गठनका ६ वर्ष

नेपाल कम्युनिस्ट पार्टी पुनर्गठन भएको ६ वर्ष भएको छ । नेपाली कम्युनिस्ट आन्दोलनको गौरवशाली इतिहास र विरासत बोकेको नेकपाले देशभर प्रचारप्रसार, सहिद तथा बेपत्ता परिवारसँगको भेटघाट, बन्दीहरूसँगको भेटघाट, जनतासँग अन्तरक्रिया, खेलकुद र खुसीयाली साटासाट गर्दै भव्य रूपमा जनताका बीचमा पार्टी पुनर्गठन दिवस मनाइएको छ। छैटौँ पार्टी पुनर्गठन दिवसको यो खुसीयालीमा सबैखाले शोषण, दमन र उत्पीडनबाट मुक्तिका लागि अर्थात् वैज्ञानिक समाजवाद- साम्यवादको स्थापनाका लागि एकीकृत जनक्रान्तिको कार्यदिशामा निरन्तर र अटल विश्वास बोकेर क्रान्तिमार्गमा हिँडिरहेका सम्पूर्ण क्रान्तिकारीहरूमा हार्दिक शुभकामना तथा शुभेच्छा व्यक्त गर्दछौँ । हाम्रो यो खुसीयाली एकीकृत जनक्रान्ति सफल भएपछि पूर्ण रूपमा सार्थक हुनेछ। यसका लागि सबैले आआफ्नो मोर्चाबाट निरन्तर, नजित्दासम्म लडिराख्नु आवश्यक छ। पार्टी पुनर्गठन दिवसका अवसरमा उत्पीडित-श्रमिक वर्गले गर्नुपर्ने प्रतिबद्धता हो यो। महान् जनयुद्ध, जनआन्दोलन र विद्रोहहरूमा बलिदान गर्ने हजारौँ सहिद, बेपत्ता योद्धा, घाइते-अपाङ्ग योद्धाहरू र उत्पीडित जनताका सपना साकार पार्न यस किसिमको प्रतिबद्धता, दृढता आवश्यक छ र त्यसलाई दृढताका साथ कार्यान्वयन गर्नुपर्ने खाँचो छ।

नेपाल कम्युनिस्ट पार्टी विश्व कम्युनिस्ट आन्दोलनको एक एकाइ र नेपाली श्रमिक-उत्पीडित-सर्वहारा वर्गको अग्रदस्ता हो। यो पार्टीको पुनर्गठन कम्युनिस्ट आन्दोलनकै बीचमा आन्दोलनका पत्रुहरूका रूपमा जन्मिएका आत्मसमर्पणवादी, विसर्जनवादी, दलाल, गद्दारहरूको चिहानमाथि भएको हो। महासचिव कमरेड विप्लवले भन्नुभएको छ, 'पुँजीवादी, दलाल पुँजीवादी, विसर्जनवादी, आत्मसमर्पणवादीहरूले क्रान्तिको घाँटी निमोठेको, क्रान्तिकारी कम्युनिस्ट पार्टी समाप्त पारेको, नेपाललाई दलाल पुँजीवादभित्र थुन्न सफल भएको कल्पना गरेका थिए तर हामीले त्यो परिकल्पनालाई कल्पनामै समाप्त पारिदियौँ ।' हो, यही दृढता, गम्भीरता, जिम्मेवारीबोध र तत्परताका बीचबाट ६ वर्षअघि नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन भएको थियो। यो पुष्पलालले २००६ सालमा स्थापना गर्नुभएको कम्युनिस्ट पार्टीको असल उत्तराधिकारी हो। यो नेपालमा भएका सबै असफल विद्रोह, आन्दोलन र युद्धहरूलाई सफल र सार्थक बनाउने प्रतिबद्धताका साथ निर्माण भएको मालेमावादी क्रान्तिकारी विचार, आस्था, निष्ठा, क्रान्तिकारी आशावाद र क्रान्तिकारी योजना-कार्यक्रमसहित पुनर्गठित दस्तो हो। यो नेपाली जनताको मात्र नभएर विश्वकै क्रान्तिकारीहरूको आशा र भरोसाको केन्द्र हो। त्यसैले नेपालमा विद्यमान दलाल पुँजीवादी सत्ता ढाल्न, त्यसको चिहानमा वैज्ञानिक समाजवादी- साम्यवादी सत्ता स्थापना गर्न र संसारकै क्रान्तिकारीहरूलाई क्रान्तिका माध्यमबाट दलाल सत्ताहरूलाई खरानी बनाएर साम्यवाद स्थापना गर्न क्रान्तिको मार्गनिर्देशन गरिरहेको, सुकेको खररूपी दलाल पुँजीवादी सत्ता डढाउन तत्पर एउटा जाज्वल्यमान आगोको झिल्को हो। त्यसैले नेपाली दुष्ट शासकहरू मात्र होइन, विश्वसाम्राज्यवादका नाइकेहरू पनि यो भर्भराउँदो आगोको झिल्कोविरुद्ध एकगठ छन्। यसको ज्वाला निभ्न नदिन र दलाल सत्तारूपी सुकेको खरको जङ्गल डढाएर सुन्दर पालुवाले हराभरा उद्यान निर्माण गर्न सबै क्रान्तिकारीहरू, देशभक्तहरू, श्रमिक जनताका पक्षधरहरू यसमा गोलबद्ध र लामबद्ध हुन आवश्यक छ।

फासिवादी दलाल पुँजीवादी सत्ताले यतिबेला क्रान्तिको यो दियो र फिलिङ्गो निभाउन झन्डै एक वर्षदेखि नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध मात्र लगाएको छैन, दसभन्दा बढी होनहार योद्धाहरूलाई लुकेर, छलेर, षड्यन्त्रपूर्वक हत्या गरेको छ, बलिदान गर्न बाध्य बनाएको छ। यतिबेला सुन्दर नेपाल निर्माण गर्न र नेपाली मुहार हँसमुख बनाउने यात्रामा हिँडिरहेका हजारौँ सन्ततिलाई केपी वली नेतृत्वको दलाल सत्ताले जेल र हिरासतका चिसा छिँडीहरूमा बन्दी बनाइराखेको छ। मूर्ख शासकहरू सुकेको खर वा भुसले छोपेर आगोको फिलिङ्गो निभ्दैन, उल्टै दावानल बनेर सल्किन्छ र सिङ्गो जङ्गललाई नै भष्मखरानी पारिदिन्छ भन्ने बुझ्दैनन् वा बुझपचाइरहेका छन्। त्यसैले उनीहरू फेरि पनि सहिदको खेती गरिरहेका छन्, हत्या-हिंसाको अपसंस्कृतिलाई राज्यको नीति बनाइरहेका छन्। महासचिव विप्लवले पार्टी पुनर्गठन दिवसको स्मरण गर्दै भन्नुभएको छ, 'हामीले माओवादीको खरानीबाट ६ वर्षअगाडि नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन गर्‍यौँ । जनताले आफ्नो मुक्ति, देशको स्वाधीनता र वैज्ञानिक समाजवादी सभ्यताको नेतृत्व गर्ने नेतृत्व, साधन र दस्ता प्राप्त गरे। संयोगले हामीले यसको नेतृत्व गर्ने अवसर प्राप्त गर्‍यौँ। अहिले यसैको नेतृत्वमा एकीकृत जनक्रान्ति अगाडि बढेको छ। वैज्ञानिक समाजवादी व्यवस्थालाई कसैले पनि रोक्न सक्ने छैनन्। यो वास्तवमै ऐतिहासिक महत्वको क्षण हो।'

हो, यतिबेला फेरि नेपाली जनताले आफ्नो काखमा, आफ्नो मनमा क्रान्ति र मुक्तिअभियानको नेतृत्व गर्ने पार्टी पाएका छन् र यो पार्टी हिजो क्रान्तिको नेतृत्व गरेका तर क्रान्तिको झन्डालाई हिलोधुलोमा फ्यालेर दुस्मन क्याम्पमा घुस्निन पुगेका दलाल र गद्दारहरूलाई नाङ्गेझार र भन्डाफोर गरेर हिलोभित्रैबाट अङ्कुराएको क्रान्तिको फूल हो। संसारभरका जनताका दुस्मनहरूले क्रान्तिको घाँटी निमोठेर समाप्त पार्ने योजनाबद्ध षड्यन्त्र गरेर केही थान पुष्पकमल, बाबुराम र रामबहादुरहरूलाई आफ्नो चरणको दास बनाइसकेपछि त्यहीँबाट विस्फोट भएर निर्माण भएको पार्टी हो नेपाल कम्युनिस्ट पार्टी। देश र जनताको आशाको केन्द्र यही पार्टीको छैटौँ पुनर्गठन दिवस यो वर्ष वली सरकारको प्रतिबन्धको प्रतिरोध गर्दै क्रान्तिको मोर्चाभित्र, दमन र विद्रोह, प्रतिबन्ध र प्रतिरोध, प्रतिरोध र बलिदान, क्षति र उपलब्धिहरूबीच मनाइएको छ। यो दिवसले नेपाली भूमिबाटै मालेमाको नयाँ प्रयोगका रूपमा एकीकृत जनक्रान्ति सफल हुँदैछ र वैज्ञानिक समाजवाद- साम्यवाद स्थापना हुँदैछ, भएरै छाड्नेछ भन्ने सन्देश प्रवाह गरेको छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# क्रान्ति र कार्यशैली



माइला लामा

क्रान्ति आफैँमा एक पूर्ण शब्द हो जुन शब्दको अन्तर्यमा लुकेको महान् परिभाषा हो- आमूल परिवर्तन अर्थात् सम्पूर्ण रूपले जनअधिकार सुनिश्चित गर्नु । यही युगान्तकारी अभियानमा आजसम्म संसारमा लाखौँ क्रान्तिकारी योद्धाहरूले बलिदान गरिसकेका छन्। समाज विज्ञानका यिनै वीर-वीराङ्गनाको बलिदानले भरिएको छ- मानव समाजको इतिहास । त्यही इतिहासको जगमा उभिएका तिनका समकालीन क्रान्तिकारी उत्तराधिकारीहरूको काँधमा भोलिको सुनौलो दुनियाँको अभिभारा जीवित छ। एउटा महान् क्रान्ति उठ्नेछ जसको अग्निज्वालामा भष्म हुनेछन् सबै मानवइतिहास र मूल्यमान्यताका विरुद्ध उभिनेहरू। तिनको चिहानमा एउटा भव्य, शान्त र समृद्ध मानवदुनियाँ खडा हुनेछ।

नेपालको सन्दर्भमा विडम्बना नै भनौँ, विगत सात दसकयता अघि बढेका हरेक क्रान्ति र आन्दोलनहरू जहाँ नेपाल आमाका होनहार असल र उत्कृष्ट छोराछोरीहरूको त्याग, कष्ट, वीरता र बलिदान भए। प्रायः त्यसका नेतृत्वकै धोकाधडी र जनताका वैरीहरूको सिकार भए अनि क्रान्ति-आन्दोलनहरू सम्झौतामा टुङ्गिए । जसका विरुद्ध क्रान्ति बढे, तिनै कुनै न कुनै रूपमा सत्ताको बागडोर समाल्न पुगे र सहिदका सालिकमा घोडा चढे । करिब सत्तरी वर्षअघि सम्पन्न नेपाली काङ्ग्रेसको नेतृत्वमा सञ्चालित राणविरोधी आन्दोलन सम्झौतामा टुङ्गियो । जनताको रगत चुस्ने तिनै राणाका प्रतिनिधि मोहनशमशेर प्रजातन्त्रको नेतृत्व गर्न पुगे। तीस वर्षसम्म चलेको पञ्चायतविरोधी आन्दोलन २०४६ सालमा सम्पन्न हुँदा सम्झौतामा मात्र टुङ्गिएन, कालान्तरमा क्रान्तिकारीका हत्यारा र विदेशी दलाल सूर्यबहादुर थापा प्रधानमन्त्री बने र महान् बलिदानको खिल्ली उडाए। पुँजीवादी लुटेराहरूले सन् ९० को दसकमा विश्वमा क्रान्ति सम्भव छैन, समाजवादको अन्त्य भइसक्यो भनेर ढोल पिटिरहेको बेला दुनियाँलाई नै चकित पार्ने गरी अघि बढेको र विजयको सँघारमै पुगेको दसबर्से जनयुद्ध प्रचण्ड-बाबुरामको गद्दारी र आत्मसमर्पणका कारण सम्झौतामा गएर टुङ्गियो। उनीहरूले जनताको महान् बलिदानको अपमान गर्ने, जनयुद्धलाई आतङ्कवादी क्रियाकलाप भन्ने र टाउकाको मूल्य नै तोक्ने काम गरे। आज पनि दमनको कुरूप अनुहार बोकेको कथित प्रजातन्त्रवादी, सहिदको रगतले लतपतिएको आपराधिक हातले सत्ताको बागडोर हाँकिरहेका छन्। अनि लाजै नमानी विश्वको उत्कृष्ट लोकतान्त्रिक व्यवस्थाको दुहाइ दिइरहेका छन्। दलालहरूको त कुरै छाडौँ, जनयुद्धका नायक भनिनेहरू नै गन्धे सत्ताको नालीमा मुन्टो गाडेर विदेशी मालिकहरूको जुठोपुरोमा रमाइरहेका छन्।

पाखण्डीहरूको लोकतन्त्रले मुलुकलाई नराम्ररी थलापारेको छ । राष्ट्र र जनताको अवस्था झनुपछि झन् खराब बन्दै गइरहेको छ । नेपालको राष्ट्रियता नराम्ररी धरापमा परेको छ । इतिहासविद् र विज्ञहरूको यही भनाइ पर्याप्त छ, 'विगतमा कहिल्यै पराधीन नभएको र वर्तमानमा स्वाधीन नरहेको मुलुक बनेको छ नेपाल।' हाम्रो राष्ट्रियता यति धेरै कमजोर पहिले कहिल्यै थिएन। यस्तो छ नेपालको स्वाधीनताको अवस्था। अर्थतन्त्र चौपट छ। दलाल पुँजीले नराम्ररी जकडिएको छ। भित्रभित्रै खोक्रो बनेको अर्थतन्त्रलाई रेमिट्यान्सको टेको दिएर आर्थिक समृद्धिको डङ्का पिटिँदैछ। विदेशी ऋणको भार बढेको बढ्यै छ। निर्यात नगन्यबराबर छ। व्यापारघाटा बर्सेनि बढिरहेको छ। रोजगारको अभावमा युवाहरूले विश्वबजारमा सोह्रौँ शताब्दीका दासझैँ बेचिनुपरेको छ। भ्रष्टाचारमा टुप्पीसम्मै चुर्लुम्म डुबेको मुलुकको पहिचान बनेको छ । नेपाल एकपछि अर्को जघन्य काण्डैकाण्डको पर्यार्य बनेको छ । जनताको जीवन अत्यन्त सकसपूर्ण बनेको छ। सत्तरी वर्षअघि करिब सँगसँगैजसो परिवर्तनको घुम्टो ओढेको चीन विश्वको दोस्रो शक्तिराष्ट्र बनिरहँदा तथा भारत संसारमा उदीयमान बनेर उभिँदै गर्दा नेपाल भने झनुपछि झन् दयनीय अवस्थातिर ओरालो लाग्दैछ। त्यसैले यो दुरवस्थाबाट देश र जनतालाई मुक्त गर्न नेपाललाई एउटा निर्णायक क्रान्ति चाहिएको छ, एकीकृत जनक्रान्ति । त्यही जनक्रान्तिले स्थापना गर्ने वैज्ञानिक समाजवादी व्यवस्था नै नेपालीहरूको शान्ति, समृद्धि र स्वाभिमानसहितको व्यवस्था हुनेछ। त्यसैले यो प्रहरमा क्रान्ति जरुरत छ, त्यो अनिवार्य र अपरिहार्य भइसकेको छ।

एकीकृत जनक्रान्तिभित्र नेपाली जनताको उज्यालो भविष्य र सुनौलो जीवन लुकेको छ भने दलाल, विदेशीका नोकर र जनविरोधीहरूको अन्त्य! त्यसैले राष्ट्र र जनताका बैरीहरू कुनै हालतमा यो क्रान्तिको हत्या गर्न चाहन्छन्। हाम्रो पार्टीमाथिको राजनीतिक प्रतिबन्ध त्यसैको उपज हो। हिजोका जनयुद्धका गद्दार, लोभीपापीसमेत यो कुकर्ममा टुप्पीदेखिको बल लगाएर लागेका छन् । क्रान्तिको गला रेट्ने जघन्य अपराधमा संलग्न वर्तमान दलाल सत्ता, त्यसको मालिक र नोकरहरू जनक्रान्तिका विरुद्ध कसरी काम गरिरहेका छन् त? प्रारम्भमा यसबारे सङ्क्षिप्त चर्चा गरौँ।

साम्राज्यवादी मालिकहरूको उपहार होलीवाइन पिउनेदेखि तलुवा चाट्नसम्म पछि नपर्ने नेपाली अनुहारका अपराधीहरू जनअधिकारसहित सुनौलो राष्ट्रनिर्माणमा लागेका क्रान्तिकारीहरूको हत्या, गिरफ्तारीलगायत कैयौँ षड्यन्त्रकारी तानाबाना बुनिरहेका छन्। कमरेड माओले भन्नुभएझैँ प्रतिक्रियावादीहरू आफ्नो अन्त्य नहुँदासम्म गड्बडी मच्चाइरहन्छन् । क्रान्तिको यस महान् यात्राबाट अत्तालिएका जनताका बैरीहरू पनि त्यहीअनुरूप 'गड्बडी मच्चाउने' योजनाका साथ क्रियाशील छन्।

१. पार्टी महासचिवदेखि केन्द्र र विभिन्न तहका नेता-कार्यकर्ता एवम् जवस-मोर्चाका खासखास नेता-कार्यकर्ता र स्थानविशेषलाई निरन्तर निगरानी राख्न, गिरफ्तार गर्न फासिवादी केपी वली सरकारले सुरक्षा निकाय र राज्यकै उच्च तहबाट प्रत्यक्ष निगरानी र निर्देशन गर्नेगरी दक्ष, विश्वासिला र अनुभवी जनशक्ति परिचालन गर्ने रणनीति अख्तियार गरेको छ।

२. सरकार सकेम्म उच्च तहको नेतृत्व र कार्यकर्ता केन्द्रित हुने बैठक, तालिमस्थलको निरन्तर खोजीमा छ । जस्तो कि दाङमा भएको असोज ३० को घटनालाई लिन सकिन्छ। राज्य यो अवस्थाको खोजीमा छ कि एकै ठाउँबाट महत्वपूर्ण उपलब्धि हासिल गर्न सकियोस् र पार्टीलाई गम्भीर क्षति पुर्‍याउन सकियोस्।

३. सरकारले पार्टी र विभिन्न नेताबारे निरन्तर भ्रामक हल्ला फिँजाउने प्रोपोगान्डाका विधि प्रयोग गरी कार्यकर्ता र जनतामा भ्रम, अविश्वास, निराशा फैलाउने कोसिस गरिरहेको छ।

४. सरकारले नेता-नेता, नेता-कार्यकर्ता, कार्यकर्ता-कार्यकर्ताबीच सुनियोजित अन्तरविरोध खडा गर्ने, काल्पनिक कथा र घटनाहरू बनाई प्रचार गर्ने र मनोबल गिराउने काममा आफ्नो मातहतका संरचनालाई क्रियाशील बनाइरहेको छ।

५. सरकारले हत्या गर्ने, गिरफ्तार गर्ने, जेल पठाउने, हिरासतमा राख्ने आदि तरिका प्रयोग गरी थकाउने, गलाउने नीति लिई त्यसबाट पार्टी र जनताको मनोबल गिराउने कार्यलाई तीव्र बनाउँदै लगेको छ।

६. सरकारले पार्टीको विभिन्न तहमा घुसपैठ गराउने र अन्तरध्वंस गर्ने एवम् कमजोर वैचारिक र आर्थिक स्तर भएकालाई प्रलोभनमा पारी खरिद गर्ने, गोप्य रूपमा जागिरमा लगाउने र एजेन्टका रूपमा प्रयोग गर्ने काम पनि गरिररहेको छ।

७. सरकार चौतर्फी नाकाबन्दी गरेर हाम्रो पार्टीलाई साँघुरो घेरामा सीमित राख्न चाहन्छ। प्रतिबन्ध त्यसैको उपज हो।

८. सरकारले खुलेका नेता-कार्यकर्ता, परिवारका सदस्य र कतिपयको हकमा आफन्तसम्मको फोन ट्र्याप गर्ने, निरन्तर निगरानीमा राख्ने एवम् गिरफ्तार भएकाबाट बरामद फोन पनि निरन्तर अन राख्ने र त्यसलाई एम्बुसका रूपमा प्रयोग गर्ने काम गरिरहेको छ।

९. सरकारले परिवारका सदस्यहरूलाई धम्क्याउने, दुरुत्साहित गर्ने, सताउने, लोभ-लालचमा पार्ने, खरिद गर्ने र परिवारबाट घेराबन्दी गर्ने कामलाई तीव्र पारेको छ आदि।

यस्तै अनेकौँ तरिका प्रयोग गरी वर्तमान सामाजिक फासिवादी वली सरकार क्रान्तिमार्फत स्वाधीन राष्ट्र र समृद्ध जनताको सपना बोकेर अघि बढेको नेकपाका विरुद्ध घुँडा धसेर लागिपरेको छ। यो प्रतिक्रियावादी सत्ताको रणनीतिक विशेषता हो।

हामीले कुनै पनि मूल्यमा क्रान्ति जित्नैपर्छ । सात दसकदेखिको नेपाली क्रान्तिका अधुरा कार्यभार पुरा गर्नैपर्दछ । क्रान्तिबिना नेपाल र नेपालीलाई यो भयङ्कर बर्बादीबाट बचाउन असम्भव छ । मार्क्सले भन्नुभएझैँ दुनियाँ बदल्ने यो महान् अभिभारा हाम्रो काँधमा छ। त्यसले हरेक क्रान्तिकारीले आफ्नो पङ्क्तिको रक्षा गर्दै एवम् दलाल सत्ताको चिहान खन्दै उच्च मनोबल र दृढतापूर्वक अघि बढ्नुको विकल्प छैन। जब हामी उज्यालो दुनियाँ निर्माणको युगान्तकारी यात्रामा छौँ भने हामीसँग अँध्यारोका विरुद्ध सङ्घर्ष, त्यो पनि निर्णायक सङ्घर्षबाहेक कुनै बाटो हुँदैन। हामी सिद्धान्त, विचार, राजनीतिमा दृढ र स्पष्ट भएर पनि त्यसअनुरूपको कार्यशैली अपनाउन कुशल बन्नैपर्दछ। पहलकदमी आफ्नो अनुकूलतामा नलिई सङ्घर्षको मोर्चामा विरोधीलाई परास्त गर्नु असम्भव हुन्छ । कार्यदिशा र कार्यशैलीबीचमा सदैव अन्योन्याश्रित सम्बन्ध रहन्छ। एक अर्थमा क्रान्तिलाई मुटु मान्ने र कार्यशैलीलाई शरीर मान्न सकिन्छ । जसरी मुटुबिना शरीरको अर्थ रहँदैन, त्यसैगरी शरीर स्वस्थ नहुँदा मुटु पनि स्वस्थ हुँदैन। त्यसैले क्रान्तिको विजयका लागि कार्यशैली वैज्ञानिक, कलात्मक र लचकदार हुनैपर्दछ।

हामीले वली सरकारले हामीविरुद्ध कसरी काम गरिरहेको छ भन्ने विषयमा सङ्क्षिप्त चर्चा गर्‍यौँ । अब हामीले अपनाउने कार्यशैली कस्तो हुनुपर्दछ जसले हामीलाई सफल बनाउनेछ भन्ने सन्दर्भमा चर्चा गरौँ। हरेक राजनीतिक कार्यदिशाअनुरूपका कार्यशैली अनिवार्य हुन्छ। कार्यशैलीमा यान्त्रिकता, लापरबाही हुनु भनेको आफ्नो पराजयलाई आफैँले निम्त्याउनु हो । कार्यशैली प्रयोग गर्दा दृढ, अनुशासित, छरितो र सिर्जनशील हुनुपर्दछ जसले क्रान्तिजस्तो ऐतिहासिक कार्यभार सम्पन्न गर्न सकियोस्। त्यसैले काम गर्ने तौरतरिकाबारे केही छलफल गरौँ।

१. क्रान्तिको सफलताका लागि आफ्नो पङ्क्तिको रक्षा गर्नु एक अहम् सवाल हो। त्यसैले आफ्नो कार्यक्षेत्र र कामको विशेषताअनुसार गोप्य, अर्धगोप्य र खुला कार्यशैलीलाई अत्यन्त इमानदार र कडाइका साथ लागू गर्नुपर्दछ।

२. गोप्य कार्यशैलीका नाममा आफ्नै सहयोद्धा, कार्यकर्ता र जनतासँग लुकेर हिँड्ने र साहसी बन्ने नाउँमा वस्तुगत अवस्थाको विश्लेषण नगरी लापरबाहीपूर्ण तरिकाले काम गर्ने, यी दुवै शैलीले पार्टी र क्रान्तिलाई घाटा पुर्‍याउँछ। यसैले काम गर्ने शैलीको प्रयोग गर्दा वैज्ञानिक, साहसी र वस्तुनिष्ठ हुने कुरा धेरै महत्वपूर्ण हुन्छ।

३. आजको युग सूचना, सञ्चार र प्रविधिको युग हो। यसको सही र सफल प्रयोगबाट क्रान्तिको जित जति नजिक हुन्छ, लापरबाह र गलत प्रयोगबाट त्यत्तिकै भयानक र अनपेक्षित क्षति बेहोर्नुपर्ने हुन्छ। अध्ययनहरूले पनि के पुष्टि गरेको छ भने वर्तमान सरकारले हाम्रोविरुद्ध सञ्चालन गरेको अभियानको सबैभन्दा ठूलो सफलता (८० प्रतिशतभन्दा बढी) यही क्षेत्रबाट प्राप्त गरेको छ । त्यसैले सञ्चार सामग्रीको प्रयोग गर्दा निर्देशनअनुसार मात्रै प्रयोग गर्नुपर्दछ। सम्बन्धित सर्कलमा मात्रै सम्पर्क बनाउनुपर्दछ। तहगत, गोप्य र खुला काम गर्नेबीच अलगअलग सम्पर्क बनाउनुपर्दछ। खुलेको नेता, कार्यकर्ता, परिवारका सदस्य आदिको नामबाट सिमकार्ड प्रयोग नगर्ने आदि तरिका अवलम्बन गरी सूचना सञ्चारमा 'उच्च सतर्कता शैली' अपाउनुपर्दछ।

४. हाम्रो एकीकृत जनक्रान्तिको कार्यदिशाले दुस्मनसँग पनि कुम जोडेर काम गर्नुपर्ने स्थिति सिर्जना गर्छ। यसकारण पार्टीभित्र घुसपैठको सम्भावना जनयुद्धको कार्यदिशामा भन्दा प्रबल रहन्छ । त्यसैले पार्टी केन्द्रीय कार्यालयले निर्देशन गरेझैँ समितिहरू सुदृढ गर्ने, चुस्तदुरुस्त राख्नुपर्दछ। समिति र व्यक्तिहरू उपल्लो तहको प्रत्यक्ष निगरानीमा हुनुपर्दछ। वली सरकारको जोड पार्टीको महत्वपूर्ण निकाय र जनसेनामा घुसपैठ गर्ने रहेको छ। कतिपय अवस्थामा जनसेना, पार्टी, जवसका कमरेडहरू घरबिदा वा अन्य कममा गएको समयमा दुस्मनको धरापमा पर्ने, उनीहरूको सम्पर्कमा रहने र एजेन्टका रूपमा काम गरिरहेको पत्तै नहुने खतरा पनि हुन्छ । यस्तो अवस्थामा बिदाबाट फर्किएपछि अमूक कमरेडको व्यवहारमा शङ्का लागेमा तत्कालैबाट 'गुप्त निगरानी' र अनुसन्धान गरिनुपर्दछ। त्यहाँ कुनै पनि मोलाहिजा गर्नु हुँदैन। क्रान्तिको हितमा यस्ता मामिलामा 'कठोर शैली' अपनाउनुपर्दछ।

५.क्रान्तिमा मनोबलको भूमिका धेरै महत्वपूर्ण र निर्णायक हुने गर्दछ । त्यसैले जनता र पार्टी-पङ्क्तिको मनोबल उच्च राख्न र बैरीको मनोबल गिराउन प्रोपोगान्डा सेलहरूमार्फत व्यापक प्रचारप्रसार गरिनुपर्दछ । त्यसैले ' प्रोपोगान्डा शैली' प्रभावकारी ढङ्गले प्रयोगमा ल्याउनुपर्दछ।

६. विरोधी पक्षले जहिले पनि केन्द्रित अवस्थामा घेराबन्दी र हमला गर्ने मौका खोजिरहेको हुन्छ। यसर्थ बैठक, भेला, प्रशिक्षण, तालिमहरूको आयोजना गर्दा त्यसको स्थान, समय, सहभागी हुने नेताको जानकारी पूर्ण रूपले गोप्य राख्नुपर्दछ । विडम्बना ! दस वर्षभन्दा लामो शान्तिकाल र त्यसको प्रभावले गोपनीयता कायम राख्ने मामिलामा हाम्रो आदत नराम्ररी बिग्रिएको छ । हामी कतिपय संसदीय कार्यशैलीका सिकार पनि भएका छौँ। आफूसँग मन मिल्ने र विशेष सम्बन्ध भएकासँग 'कसैलाई नभन्नू है, फलानो ठाउँतिर जमघटमा जान लागेको, ढिस्कानो दाइ वा सर आउने कुरा छ, तपाईंलाई मात्र भनेको नि' भन्दै फोन वा भेटघाटमा कुरा गर्ने गम्भीर कमजोरी छ हामीसँग। यो एकदमै 'आत्मघाती शैली' हो। यसैले केन्द्रीकरणको संवेदनशील योजनाको समय हामी भावनामा बग्नु हुँदैन। के हामी आफ्नै हातबाट आफ्नो र आफ्नै कमरेडहरूको हत्या चाहन्छौँ!? अहँ, कदापि चाहँदैनौँ। यसैले 'लुज टकको शैली' लाई प्रतिबन्धै लगाउनुपर्छ। यसलाई कडा आत्मअनुशासनको विषय बनाउनुपर्दछ।

७. बैठक, भेला, प्रशिक्षणको समय कथम्कदाचित विरोधीको घेरामा परियो भने उपलब्ध सबै तरिकाको प्रयोग गर्ने र नेतृत्वलाई सुरक्षित स्थानतर्फ लैजानुपर्दछ । त्यसपछि मात्र साथमा रहेका राजनीतिक दस्ताबेज, सर्कुलर, योजनासँग सम्बन्धित महत्वपूर्ण नोटहरू नष्ट गर्नुपर्दछ । यस्तो समय बलिदानका बीचबाट पनि नेतृत्वको रक्षा गर्नुपर्ने हुनसक्छ। यस अवस्थामा 'शीघ्र निर्णय शैली' प्रयोग गर्नुपर्दछ । जहाँ अत्तालिनु र हडबड गर्नु आफ्नै पराजय हुन जान्छ।

८. आफूले प्रयोग गर्ने साधन, सेल्टर, बाटो आदिमा थोरै मात्र पनि दुस्मनको निगरानी छ भन्ने आशङ्का लाग्नेबित्तिकै परिवर्तन गर्नुपर्दछ । यसो गर्दा 'छिटाछिटो कार्यशैली' को प्रयोग गर्नुपर्दछ। 'आ, एक दिन त हो, एक छिन त हो, एक रात त हो, एकपटकलाई त हो' भनेर अल्छी गर्नु, अनुत्तरदायी बन्नु भनेको अनपेक्षित क्षति र विपत्ति निम्त्याउनु हो। सहरमा विशेषतः 'शीघ्रतामा सोच्ने र काम गर्ने शैली' अपनाउनुपर्दछ किनकि गाउँमा जस्तो सहरी भूगोल आफ्नो अनुकूलतामा हुँदैन।

९. आफूले प्रयोग गर्ने साधन, सेल्टर, बाटो आवश्यकताअनुसार विश्वस्त कमरेड वा सम्बन्धितलाई मात्रै जानकारी गराउनुपर्दछ । यो मामिलामा 'अनुदार शैली' नै उपयुक्त हुन्छ । यस्ता विषयमा साथीले चित्त दुःखाउँछ कि भनेर उदार हुनु भनेको आफ्ना लागि आफैँले खाल्डो खन्नु हो।

१०. कोही पनि कमरेड गिरफ्तार भएको जानकारी पाउनासाथ तत्काल सम्बन्धित ठाउँमा खबर गर्नुपर्दछ। उनको मातहत वा जानकारीमा रहेको सेल्टर, भण्डारण गरिएको सामग्री आदि तत्काल हटाउनु बुद्धिमानी हुन्छ । 'ऊ त इमानदार छ वा मन मिल्ने कमरेड हो' भनेर आलटाल गर्ने शैलीले अनिवार्य क्षति हुने खतरा हुन्छ।

हामीलाई थाहा छ, क्रान्ति जतिजति अघि बढ्दै जान्छ उतिउति सरकारी दमन पनि तीव्र बन्दै जाने गर्दछ । यस्तो बेलामा कार्यशैलीमा विकास र परिमार्जन पनि अनिवार्य बन्दै जान्छ। काम गर्ने सबै तरिकाहरू सबै ठाउँमा एकनासले प्रयोगमा आउँदैनन् । जस्तो कि आधार क्षेत्रमा प्रयोग गरिने शैली र दुस्मनको प्रभाव क्षेत्रमा प्रयोग गरिने शैलीमा अन्तर हुन्छ। सहर र गाउँमा काम गर्ने कतिपय तरिकामा एकरूपता भए पनि कतिपय शैली मेल खाँदैनन् । हामीले सधैँ के हेक्का राख्नुपर्दछ भने कार्यशैलीका पनि आम र विशिष्ट पक्ष हुन्छन्। यसकारण यान्त्रिकताबाट बच्नुपर्दछ। यसर्थ प्रयोग गरिने कार्यशैलीहरू विजय र सफलताका लागि हुनुपर्दछ, न कि आत्मरति लिन!

नख्खु कारागार, नयाँ ब्लक

## छैटौँ पार्टी पुनर्गठन दिवसका अवसरमा विशेष अन्तर्वार्ता

# श्रमिक जनता र देशका लागि जुनसुकै सङ्घर्ष र बलिदान गर्न पनि तयार छौँ



*"महान् सफलताका लागि महान् सङ्घर्ष, महान् सङ्घर्षमा महान् त्याग र बलिदानहरू अनिवार्य हुन्छन्"*

**विप्लव**
**महासचिव, नेपाल कम्युनिस्ट पार्टी**

» ***महासचिव कमरेड, नेपाल कम्युनिस्ट पार्टीको छैटौँ पुनर्गठन दिवसको ऐतिहासिक अवसरमा छौँ, कस्तो महसुस गरिरहनुभएको छ ?***

सही भन्नुभयो। हामी यसबेला हाम्रो जनप्रिय एवम् गौरवशाली नेपाल कम्युनिस्ट पार्टीको छैटौँ पुनर्गठन दिवसको सुखद अवसरमा जुटेका छौँ। यस ऐतिहासिक क्षणमा सर्वप्रथमतः श्रमिक जनता, आदरणीय सहिद तथा बेपत्ता परिवार, घाइते, बन्दी कमरेडहरू, पार्टीका नेता एवम् कार्यकर्ता, जनसेना, देशभक्त एवम् लोकतन्त्रिक मित्रहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु। क्रान्ति, बलिदान, विजय र सफलताका अवसरमा सबैसँग जनप्रिय एवम् गौरवशाली पार्टी पुनर्गठन दिवस उमङ्गका साथ मनाउन चाहन्छु। साथै एकीकृत जनक्रान्तिलाई सफल पारिछोड्ने दृढ प्रतिबद्धता व्यक्त गर्दछु।

» ***पार्टी पुनर्गठन दिवस मनाउँदै हुनुहुन्छ। राष्ट्रिय राजनीतिमा यसको के महत्व छ ? प्रस्ट पारिदिनुहुन्छ कि ?***

ऐतिहासिक आवश्यकता, पहल र सन्दर्भहरूले राजनीतिक महत्वका दिवसहरूलाई जन्म दिन्छन्। माओवादी जनयुद्धले जनयुद्ध दिवस दियो। आत्मसमर्पणवादी, विसर्जनवादी र पुँजीवादीहरूको हमलामा परेर माओवादी पार्टी लगभग विसर्जन भयो। पुँजीवादी, दलाल पुँजीवादी, विसर्जनवादी, आत्मसमर्पणवादीहरूले क्रान्तिको घाँटी निमोठेको, क्रान्तिकारी कम्युनिस्ट पार्टी समाप्त पारेको, नेपाललाई दलाल पुँजीवादभित्र थुन्न सफल भएको कल्पना गरेका थिए तर हामीले त्यो परिकल्पनालाई कल्पनामै समाप्त पारिदियौँ।

हामीले माओवादीको खरानीबाट ६ वर्ष अगाडि नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन गर्‍यौँ। जनताले आफ्नो मुक्ति, देशको स्वाधीनता र वैज्ञानिक समाजवादी सभ्यताको नेतृत्व गर्ने नेतृत्व, साधन र दस्ता प्राप्त गरे। संयोगले हामीले यसको नेतृत्व गर्ने अवसर प्राप्त गर्‍यौँ। अहिले यसैको नेतृत्वमा एकीकृत जनक्रान्ति अगाडि बढेको छ। वैज्ञानिक समाजवादी व्यवस्थालाई कसैले पनि रोक्न सक्ने छैनन्। यो वास्तवमै ऐतिहासिक महत्वको क्षण हो।

» ***केपी वली सरकारले ने.क.पा. माथि प्रतिबन्ध लगाएको वर्तमान अवस्थामा पार्टी पुनर्गठन दिवस कसरी मनाइरहनुभएको छ ?***

ठीक भन्नुभयो। यसपटकको पुनर्गठन दिवस क्रान्तिको मोर्चाभित्र, दमन र विद्रोह, प्रतिबन्ध र प्रतिरोध, प्रतिरोध र बलिदान, क्षति र उपलब्धिहरूबीच मनाउँदैछौँ। हामीले यो पार्टी पुनर्गठन गरेर एकीकृत जनक्रान्ति अगाडि बढाएपछि कमरेड कुमार पौडेल, कमरेड नीरकुमार, कमरेड महानसहित एक दर्जन नेता, कार्यकर्ता, कमान्डर र सदस्यहरू सहिद हुनुभएको छ। कमरेड सुदर्शन, कमरेड वीरजङ्गसहित सयौँजना कमरेडहरू जेल-हिरासतमा बन्दी हुनुहुन्छ। दर्जनौँ कमरेडहरू घाइते हुनुहुन्छ। हजारौँलाई मुद्दा लगाइएको छ। यस्तो नयाँ परिवेशमा यो दिवस मनाउँदैछौँ। त्यसैले हाम्रो आठौँ पूर्ण बैठकले विगतमा भन्दा अरू सशक्त प्रकारले मनाउने निर्णय गरेको छ। मङ्सिर ५ गतेदेखि ८ गते (चार दिनसम्म) प्रचारप्रसार, सहिद तथा बेपत्ता परिवारसँगको भेटघाट, बन्दी कमरेडहरूसँगको भेटघाट, जनतासँग अन्तरक्रिया, खेलकुद र खुसीयाली साटासाट गर्दै मनाउँदैछौँ। म सबै नागरिकहरूलाई यो उत्सवमा सहभागी बन्न आग्रह गर्दछु।

» ***हालै सम्पन्न केन्द्रीय समितिको बैठकले निकै महत्वपूर्ण निर्णय लिएको जानकारी प्रेसविज्ञप्तिमा उल्लेख गर्नुभएको छ। वक्तव्यले तरङ्ग पनि ल्यायो। यहाँ पनि केपी सरकार र देशको अवस्थाबारे छोटोमा विश्लेषण राखिदिनुस् न।***

हो, रातो खबरमार्फत नै हामीले ऐतिहासिक बैठकका निर्णयहरू सार्वजनिक गरिसकेका छौँ। फेरि पनि उल्लेख गर्नु पर्दा कम्युनिस्ट नामधारी केपी सरकार बनेपछि देश निरन्तर ओरालोतिर झरिरहेको छ। नागरिकहरू सारा क्षेत्रमा असन्तुष्ट र आक्रोशित बन्दै गएका छन्। देशले एकपछि अर्को सङ्कट भोग्नु परेको छ।

जस्तो कि राजनीतिक क्षेत्रमा केपी सरकार अकल्पनीय रूपले फासिस्ट, निरङ्कुश, दमनकारी, सर्वसत्तावादी, हत्यारो बन्दै गएको छ। जनता र देशको अधिकारका पक्षमा लड्ने राजनीतिक स्वतन्त्रतालाई हरण गर्दै तस्कर, ठग, भ्रष्ट, दलाल, बलात्कारीहरूको रक्षाका लागि हाम्रो पार्टीमाथि प्रतिबन्ध थोपर्न पुगेको छ। जुलुससमेत गर्न नपाउने मूढी, मूर्ख निर्णय गरेको छ। आर्थिक क्षेत्रमा केपीकै मान्छेहरू प्रधानमन्त्री कार्यालयको जग्गा बेचेर खानेमा पुगेका छन्। देशभरि उनका मान्छेहरूको लुट चलेको छ। सारा अराजकता, भ्रष्टाचारमा केपीकै मान्छेहरू डुबेका छन्। सांस्कृतिक क्षेत्र त अश्लीलता र छाडा क्रियाकलापले छोपिएको छ। केपीका मान्छे वेश्यालय खोलेर पैसा कमाउने प्रस्ताव गर्दै हिँडेका छन्। युवापिँढी लागूपदार्थको व्यापार र सेवनबाट ध्वस्त हुँदै गएको छ। देशको स्वाधीनतामाथि भारतीय साम्राज्यवादले खुलेआम अतिक्रमण गरेको छ। अमेरिकाले एकपछि अर्को हस्तक्षेप बढाउँदै लगेको छ। खुलेआम तिब्बतका पक्षमा बोलेर होस्, हिन्द-प्रशान्त रणनीति लादेर होस् वा भरखरै आतङ्कवादबारे देशहरूका रिपोर्टमा हाम्रो देश र पार्टीबारे पेस गरेको आपराधिक र झूटो विवरण होस्, अमेरिका नाङ्गो रूपले उत्रिएको छ। युरोपियन युनियनले पनि राजनीतिक, धार्मिक हस्तक्षेप बढाउँदै लगेको छ। तस्कर, ठगलाई कारबाही गर्दा नेपाली सेनालाई प्रयोग गर्न तयार हुने केपी सरकार सिमाना मिचिँदा लुगलुग काँपिरहेको छ। समग्रमा केपी सरकारले मुट्ठीभर दलाल पुँजीपति, भ्रष्ट, तस्करहरूको संरक्षण गरेर देशलाई सङ्कटमा हुल्नेबाहेक केही गरेको छैन।

» ***तपाईंहरूले देशको स्वाधीनतामाथि खतरा बढ्दै गएको विश्लेषण गरिरहेकै बेला भारतले कालापानी, लिपुलेक र लिम्पियाधुरालाई गाभेर नक्सा प्रकाशित गर्‍यो। देश नै त्यसका विरुद्ध उत्रियो। केपी सरकारले पनि विरोध गर्‍यो। केही सङ्घर्ष पनि गर्नुभयो। अब के होला ? के गर्नुपर्ला ? कसरी सोच्नुभएको छ ?***

सही विषय उठाउनुभयो। हामीले लगातार बताउँदै आएका छौँ नेपालको दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्था भारतका पोष्यपुत्रजस्तै हुन्। उसकै दबाब र तजबीजमा यो सत्ता र व्यवस्था चल्दै आएका छन्। यसको जन्म नै माथिल्लो कर्णाली, अरुण तीन सुम्पिँदै र नक्कली नागरिकता वितरण गर्दै भएको छ। कोसी उच्चबाँध पनि लादिने निश्चितजस्तै छ। यसले क्रमशः आफ्नो कुर्सीस्वार्थ र पदका लागि देशलाई सुम्पिँदै जाने निश्चित छ। कालापानी, लिपुलेक, लिम्पियाधुरा गाभ्नु यसको पछिल्लो कदम मात्र हो। भारतीय साम्राज्यवादले हाम्रो भूगोलमाथि गरेको अतिक्रमणलाई अहिले नक्सामा राखेर जाँच मात्र गरेको हो।

नक्सा बाहिर आएपछि नेपाली जनतामा राष्ट्रप्रेम र स्वाभिमान छचल्कियो। रातारात युवा, विद्यार्थी, बुद्धिजीवी, देशभक्त नागरिक सङ्घर्षमा उत्रिए। हाम्रो पार्टीले एकहप्ते सङ्घर्षका कार्यक्रम सञ्चालन गर्‍यो। कार्यक्रमहरू निकै प्रभावकारी भए। विडम्बना, केपी सरकारले हाम्रा विद्यार्थी, युवा, बुद्धिजीवीहरूलाई ज्ञापनपत्र बुझाउन, विरोध प्रदर्शन गर्न, जुलुस लगाउन र सभा गर्न पनि दिएन। सयौँजना साथीहरूलाई गिरफ्तार गरेर देशद्रोहको मुद्दा चलाएको छ। के यो केपीको दलाल चरित्र होइन ! यसले त केपी सरकारले बाहिर भारतको विरोध गरेको जस्तो गरेर जनताको आक्रोशलाई मत्थर पार्ने र भित्रबाट भारतकै स्वार्थ पूरा गरिदिने दलाली काम गरेको प्रस्ट हुन्छ। यसको हामी कडा रूपमा भर्त्सना गर्दछौँ।

» ***नेपाल कम्युनिस्ट पार्टीले पनि एक झमट सङ्घर्ष गर्‍यो तर निरन्तता भएन भन्ने गुनासो छ नि ?***

होइन, एक चरणको सङ्घर्षपछि सबैसँग सल्लाह-सुझाव लिँदैछौँ। पार्टी पुनर्गठन दिवसपछि छिट्टै दोस्रो चरणमा जान्छौँ।

» ***भारतीय साम्राज्यवादी अतिक्रमणविरुद्ध संयुक्त कार्यक्रमको पहल कसरी गरिहनुभएको छ ?***

हाम्रो पार्टीले पहिलेदेखि नै देशको स्वाधीनताका पक्षमा सहमत हुनेजति सबै कम्युनिस्ट, देशभक्त, लोकतन्त्रवादी, बुद्धिजीवी मित्रहरूसँग संयुक्त सङ्घर्ष गर्ने नीतिमा जोड दिँदै आएको छ। कतिपय अवस्थामा सफल पनि भइएको छ। अहिले पनि त्यसको राम्रो सम्भावना छ। कमरेड ऋषि कट्टेलले नेतृत्व गर्नुभएको नेकपा, नेकपा (माओवादी केन्द्र), वैज्ञानिक समाजवादी पार्टी, नेकपा (क्रामा) सहितका पार्टीहरूसँग छलफल गरेर सयुक्त सङ्घर्ष गर्नुपर्छ भन्नेमा छौँ।

» ***संसद्वादी पार्टीहरूले त कूटनीतिक र राजनीतिक पहलबाट भारतसँगका सीमा समस्या हल गर्नुपर्छ भन्ने मत राखिरहेका छन्। के त्यसरी हल हुने देख्नुहुन्छ ? अथवा कसरी हल हुन्छ भन्ने ठान्नुहुन्छ ?***

निश्चय नै राज्यले कूटनीतिक र राजनीतिक पहल गर्नुपर्छ तर हाम्रो विचारमा भारतीय साम्राज्यवादी अतिक्रमण यत्तिले मात्र हल हुन्छ भन्ने देखिँदैन। यो कुनै अन्जान वा विवादित इलाका, भूगोल भएको भए यस्तो पहलबाट हुनसक्थ्यो तर यो त नेपालको भूमि जानाजान भारतले अतिक्रमण गरेको क्षेत्र हो। नेपाली काङ्ग्रेसका कतिपय नेताहरूले लिपुलेकलाई त्रिदेशीय सिमाना पनि भन्ने गरेका छन्। यो पनि एकदमै गलत, भारतपरस्त एवम् भ्रामक भनाइ हो। लिपुलेक त्रिदेशीय क्षेत्र पनि होइन, प्रस्टतः नेपालको हो। हाम्रा सीमाविद्हरूले यथेष्ट प्रमाणसहित प्रमाणित गरिसकेकाले भारत पनि यो भूभाग नेपालको हो भन्नेमा त सहमत नै होला, उसले त कब्जा गरेको न हो, उसले कब्जाकै रूपमा बुझेको छ।

> *सामन्तवाद गयो, गणतन्त्र आयो, सङ्घीयता आयो, धर्मनिरपेक्षता आयो तर यी परिवर्तन श्रमिक जनताका लागि भएनन्, दलाल पुँजीपति वर्गका लागि भए। हामीले जनयुद्ध लडेको, क्रान्ति छेडेको त उत्पीडित वर्ग, समुदाय र देशको पूर्ण स्वाधीनताका लागि हो। एउटा लुटेराको सट्टा अर्को लुटेरालाई, एउटा ठगको ठाउँमा अर्को ठगलाई, एउटा हत्याराको सट्टा अर्को हत्यारालाई, एउटा दलालको सट्टा अर्को दलाललाई, एउटा चोरका ठाउँमा अर्को डाँकालाई सत्तामा विराजमान गराउन होइन नि। सामन्तवाद गएर जनगणतन्त्र स्थापना गर्ने भनेकोमा दलाल पुँजीवादी गणतन्त्र खडा भएपछि यो गणतन्त्र श्रमिक जनताको रक्षा र समृद्धि गर्ने गणतन्त्र भएन, दलाल पुँजीपति वर्गको रक्षा र समृद्धि गर्ने गणतन्त्र भयो। यो सङ्घीयता उत्पीडित समुदायको सङ्घीयता नभएर दलाल पुँजीपतिहरुको सङ्घीयता भयो। सयौँ वर्षदेखि दबिएका र शोषित भएका श्रमिक जनता त अहिले पनि शोषित, उत्पीडित नै छन्।*

कब्जा गर्दाको पनि कस्तो अनौठो तर्क छ हेर्नुस् न, कालापानी, लिपुलेक, लिम्पियाधुरा सामरिक महत्व भएकाले अर्थात चीनलाई परसम्म हेर्न सकिने भएकाले उसलाई चाहियो रे ! हेपाइको पनि सीमा हुन्छ ! भारत र चीनको सीमा हजारौँ किलेमिटरमा छ। चीनले भारतलाई लखेट्दा यहाँबाट भन्दा अन्यत्रबाट लखेटेको थियो अनि यही नेपाली चुच्चोबाट चीनलाई हेर्नुपर्छ ? पुँजीवादी-साम्राज्यवादीको चरित्र जन्मजात हिंश्रक हुन्छ। चीनले सीमा मिच्यो भनेर दिनरात कराउने भारतले हाम्रो सीमा लाजै पचाएर किन मिच्ने ? भारतले अतिक्रमित भूमिबाट आफ्नो सेना फर्काउँदैन भने नेपाली सेनालाई सीमारक्षामा खटाउनुपर्छ। तर केपी सरकारको बुताभित्र यो छैन। हामीले भनेका छौँ नि देशको स्वाधीनताको रक्षाका लागि पनि वैज्ञानिक समाजवाद आवश्यक छ।

» ***अमेरिकी रणनीतिमा पनि केपी सरकार जिम्मेवार छ भन्ने टिप्पणीप्रति यहाँको धारणा ?***

सही टिप्पणी हो। अमेरिकाले केपी-प्रचण्ड, प्रदीप ज्ञावली सायद शेरबहादुर सबैलाई भेटेर बुझेपछि यो रणनीति सार्वजनिक गरेको छ। पहिले प्रशान्त क्षेत्रीय रणनीतिबाट काम गरिरहेको अमेरिकाले पछिल्लो समयमा चीनको प्रभावलाई दक्षिणएसियाबाट कमजोर बनाउन अझै सानो घेरामा जोड दिन हिन्द-प्रशान्त रणनीति ल्याएको छ। यसको उद्देश्य चीनलाई घेर्ने, भारतलाई दबाबमा राख्ने र नेपाललाई सैन्य अखडा बनाउनेसँग सम्बन्धित छ। नेपाली नागरिकहरूले समयमै यसको भन्डाफोर र प्रतिवाद नगर्ने हो भने अमेरिकी अतिक्रमण हुने निश्चित छ। यसप्रति हाम्रो धारणा अमेरिकी नीतिको भन्डाफोर गर्ने र देशमा अमेरिकी अतिक्रमण हुन नदिने छ।

» ***चीनका राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणको मूल्याङ्कन कसरी गर्नुभएको छ ?***

चीनका राष्ट्रपति सीको भ्रमण राज्यबीचको मामिला हो। यद्यपि यसको सम्बन्ध राष्ट्रका नागरिकसँग पनि हुन्छ। लामो समयपछि चिनियाँ राष्ट्रपतिको भ्रमण भयो। यो नेपालका लागि खुसीकै कुरा हो। अध्यक्ष माओको समयमा निकै सौहार्दपूर्ण रहेको चीन-नेपाल सम्बन्ध त्यही रूपमा रहोस् र नेपालको स्वाधीनताप्रति चीन सहयोगी बनोस् भन्ने नेपाली जनताको अपेक्षा छ। चीनको नीति र व्यवहार अहिले पनि अहस्तक्षेपकारी एवम् मैत्रीपूर्ण छ भन्नेमा नेपाली नागरिक खुसी छन्।

» ***के नेपाल विश्वशक्ति राष्ट्रहरूको खेलमैदान बन्न लागेको हो ?***

यसका केही सङ्केत देखिन्छन्। अमेरिका र चीनबीचको शक्तिसङ्घर्ष, चीन र भारतबीचको सङ्घर्ष, नेपाली दलाल पुँजीपति वर्गको आत्मसमर्पणवादी चरित्र र विश्वव्यापी देखा परिरहेका बहुध्रुवीय सङ्घर्षका कारण यस्तो अवस्था पैदा भएको छ। तर नेपाली जनताको स्वाधीनताप्रेमी प्रवृत्ति र क्रान्तिकारी कम्युनिस्टहरूको प्रभावका कारण यो सजिलो छैन। हाम्रो पार्टीले निरन्तर यो चुनौतीका बारेमा जनतालाई सूचित गर्दै आएको छ।

» ***हालै 'आतङ्कवादबारे देशहरूका रिपोर्टहरू २०१८' मा अमेरिकी गुप्तचर ब्युरोले नेकपालाई आतङ्कवादी गतिविधि गरेको विवरण उल्लेख गरेको छ। यसबारे पार्टीको धारणा के छ ?***

हो, हामीले केही दिनपहिले अमेरिकाको गुप्तचर ब्युरोले निकालेको अत्यन्त भ्रामक, दुर्नियतपूर्ण, झूटो र षड्यन्त्रकारी रिपोर्ट हेर्‍यौँ। त्यसको प्रतिवाद पनि हामीले गरिसकेका छौँ। फेरि पनि अमेरिकाले जसरी नेपाल राष्ट्र र हाम्रो जनप्रिय पार्टीमाथि जस्तो गम्भीर, खतरनाक र षड्यन्त्रपूर्ण विवरण विश्वजनसमुदायमा सम्प्रेषण गरेको छ, त्यो अत्यन्त निन्दनीय, घृणित, तिरस्कारयोग्य र असैह्य छ। यो नेपालको सार्वभौमिकता, स्वाधीनता र राजनीतिक पार्टीको राजनीतिक स्वतन्त्रतामाथिको अतिक्रमण हो। न हाम्रो देश अमेरिकाले भनेजस्तो अन्तर्राष्ट्रिय आतङ्कवादको अड्डा र प्रवेशद्वार हो, न त हाम्रो पार्टी नै आतङ्कवादमाथि विश्वास राख्ने शक्ति हो। हाम्रो देश स्वतन्त्र एवम् सार्वभौमिक राष्ट्र हुन चाहन्छ भने हाम्रो पार्टी विश्व कम्युनिस्ट आन्दोलनको नेपाली प्रतिनिधि हो। यसले कुनै आतङ्कवादमाथि विश्वास गर्दैन भने कुनै देशको प्रभुत्व र अतिक्रमण पनि सहन गर्दैन। श्रमिक जनता र देशका लागि जुनसुकै सङ्घर्ष र बलिदान गर्न पनि तयार छ।

वास्तवमा अमेरिका नै विश्वशान्ति, सद्भाव, एकता, स्वाधीनता, स्वतन्त्रता, संमृद्धिको अवरोधक हो। ऊ नै संसारभर चलिरहेका हिंसा, हत्या, युद्ध, आतङ्क र विध्वंसको स्रोत, सञ्चालक र संरक्षक हो। जहिलेसम्म संसारमा अमेरिकाले हैकम कायम राखिराख्नेछ त्यही बेलासम्म विश्वले शान्तिको सास फेर्न पाउनेछैन। त्यसैले विश्व पुँजीवादलाई संसारबाट बिदा दिन आवश्यक छ।

» ***विश्व भूमण्डलीकरण भैरहेको अवस्थामा तपाईंहरूले क्रान्तिको कुरा गरिरहनुभएको छ, अन्तर्राष्ट्रिय मित्रहरूसँग तपाईंको केकस्तो सम्बन्ध रहेको छ ? अन्तर्राष्ट्रिय सहयोगबिना नेपालमा क्रान्ति सम्भव छ त ?***

कुरा ठीकै हो तर एकीकृत जनक्रान्ति नै यो प्रश्नको जबाफ हो। प्रचण्ड-बाबुराम, पहिले एमाले सबैले यही प्रश्नको उत्तर नकारात्मक दिएर पुँजीवाद र दलाल पुँजीवादसामु आत्मसमर्पण गर्न पुगेका हुन्। मोहनविक्रमलगायत कैयौँ मित्रहरू पनि रणनीतिक रूपले क्रान्तिको कुरा गरे पनि कार्यनीतिक रूपले संसदीय व्यवस्थाको घेराभन्दा बाहिर निस्किन नसकेका हुन्। परन्तु हामीले भन्यौँ- हरेक अन्तर्विरोधहरूको समाधान सम्भव छ। हरेक नयाँ विकास र प्रवृत्तिहरूको समाधान सम्भव छ। तर पुरानै तरिकाले होइन। वस्तुको विकास जहाँनेर भएको छ सोहीअनुरूपको साधन र प्रणाली विकास गरेर समाधान गर्नुपर्छ।

जस्तो कि विश्व भूमण्डलीकृत भएको छ। हामीले उत्तरसाम्राज्यवादी चरित्र भनेका छौँ। यसमा कैयौँ राजनीतिक, आर्थिक, सांस्कृतिक, प्राविधिक चरित्रहरू नयाँ विकास भएका छन्। हामीले पनि सोहीअनुरूपको विचार र प्रणाली विकास गर्‍यौँ भने समाधान गर्न सकिन्छ। हामीले गरेका पनि छौँ।

आज विश्वमा एक प्रतिशतको हातमा उनान्सय प्रतिशतको बराबर सम्पत्ति थुप्रिन जानु र त्यही कारणले जनता र विश्वपुँजीवादका बीचमा सङ्घर्ष बढनु नै हाम्रो क्रान्तिका मित्रहरू बढ्नु हो। देख्नु भएन केपीले हामीलाई प्रतिबन्ध लगाएपछि ठूलो जनमत प्रतिबन्धका विरुद्ध देखापर्‍यो। जहाँसम्म क्रान्तिलाई अन्तर्राष्ट्रिय सहयोगको कुरा छ त्यो पनि सम्भव हुने कुरा हो। एक हदसम्म त भइरहेको छ भने पनि हुन्छ।

» ***अलिकति देशतिर फर्कौं, नेपाल कम्युनिस्ट पार्टीले प्रतिबन्धपछि ठूला क्षतिहरू भोगेको भन्ने प्रचार छ। पछिल्लोपटक दाङबाट कमान्ड इन्चार्ज वीरजङ्ग, राप्ती ब्युरो इन्चार्ज सुवाससहित दुई दर्जन नेता-कार्यकर्ता साथै बाजुराबाट सीसीएम आदर्शसहित सोह्रजनाको गिरफ्तारीपछि यस्तो प्रचार छ। पार्टी जीवनमा वास्तविकता के हो ?***

हो, दमन र प्रतिरोध चलिरहँदा पार्टीले सङ्गठनका क्षेत्रमा केही ठूलाखालका क्षतिहरू बेहोरेको छ। यी क्षतिमा प्रायः पार्टीभित्र घुसेका गद्दारहरूको हात छ भने आफ्नै कमजोर कार्यशैलीको समस्या पनि छ। हामीले यी घटनाहरूलाई गम्भीर ढङ्गले समीक्षा गरेका छौँ र रोकथाम गर्ने उपायहरू पनि अगाडि बढाएका छौँ। तर बाहिर भनेजस्तो नेतृत्वलाई क्रान्ति अगाडि बढाउन प्रतिकूल हुने तहमा समस्या आयो भन्ने सत्य होइन। पार्टी एकीकृत जनक्रान्ति हाँक्न सक्षम छ।

हामीलाई थाहा छ क्रान्ति भनेको सोझो, सपाट, सरल र सजिलै बढ्ने यात्रा होइन। यो अनेकौँ प्राकृतिक र कृत्रिम अवरोधहरूसँग पाइलापाइलामा जुधेर सफल हुन्छ। कम वा बेसी, माथिबाट वा तलबाट, पहिले वा पछि केही त्याग, क्षति र बलिदान नचुकाएर क्रान्तिमा विजय हासिल गर्न सकिँदैन। क्रान्तिका मूल्य भनेका नै त्याग, क्षति र बलिदानहरू हुन्। हामी ती मूल्य चुकाउन तयार भएर नै एकीकृत जनक्रान्तिको यात्रा तय गर्न अगाडि सरेका हौँ। यसो भनेर बलिदानप्रति सचेत र संवेदनशील छैनौँ भन्ने होइन। हामी वास्तवमै गम्भीर छौँ। आउँदा दिनमा यसलाई हल गर्दै गइनेछ।

» ***समग्रमा देशभरि पार्टीको अवस्था के छ ? जनता र मित्रहरूको बुझाइ कस्तो पाउनुभएको छ ?***

एकदमै राम्रो प्रश्न, हामी केन्द्रीय समितिको आठौँ पूर्ण बैठकमा बस्दै गर्दा पार्टीको अवस्था निकै राम्रो ढंगले बढिरहेको पाएका छौँ। पार्टी दिन-प्रतिदिन श्रमिक जनतामाझ विस्तार हुँदै गएको छ। एकीकृत जनक्रान्तिमा आबद्ध हुन आउने जनता निकै बढेका छन्। केपी सरकारले त फागुनमा प्रतिबन्ध लगाएर चैतभित्र नेताहरूलाई समातिसक्ने, सीके राउत बनाउने वा दमन गरेर सक्ने भन्ने घोषणा गरेको थियो तर के भयो तपाईंहरूले पनि बुझ्नुभएकै छ। उसले पछिल्लो समयमा सर्वदलीय सहमति गरेर हामीमाथि दमन गर्ने चाल अगाडि सारेको छ तर यो पनि काम लागेको छैन। जनताले केपीका सबै दम्भ र घमण्डलाई हावामा उडाइदिए। हामीलाई भने जनताले आफ्नो काखमा राखेर आफ्नो सन्तानलाई जसरी संरक्षण गरिरहेका छन्। जनताको काखको माया पाउने सन्तानलाई कसैले पनि हराउन सक्दैन। हामीलाई हराउन केपीले पितापुर्खादेखिका भूतप्रेत जगाएर पनि सक्ने छैनन्।

» ***केपी सरकारले निःशस्त्र नेता-कार्यकर्तालाई गोली हानेर हत्या गर्दासमेत पार्टीले ठूला कारबाही र प्रतिरोध गरेन। कतिले नसकेर हो भन्ने चर्चा गर्छन् भने कतिले पार्टीले बुद्धि पुऱ्याएर काम गर्दैछ भन्छन्। वास्तविकता के होला ?***

यसमा भ्रमित हुनुपर्ने कुनै कुरा छैन। हामीले क्रान्ति गर्ने हो, केपी सरकारले जस्तो आतङ्कको राज फैलाउने होइन। क्रान्ति भनेको जनताको माग, चाहना र भावनाअनुरूप गर्नुपर्छ। जनताले एनसेललाई कारबाही गर भनेर माग गरे, हामीले गर्‍यौँ। जनताले भ्रष्ट, तस्कर, ठग, दलाललाई कारबाही गर भनिरहेका छन्, हामीले जनताको भावनाअनुरूप नै सङ्घर्ष गरिरहेका छौँ। केही लुकेर बचिरहेका छन्, तिनको पनि पालो आइहाल्छ। यतिबेला हत्याराहरूलाई कारबाही गर भन्ने आवाज आइरहेको छ। पुलिसका केही मान्छेहरूले बढी गरे प्रतिरोध होस् भन्दैछन्, आवश्यकताअनुसार यो हुँदै जानेछ। जनताले नै माग गरे भने पार्टीले मागअनुसार क्रान्तिलाई माथि उठाउनेछ र अन्ततः दलाल पुँजीवादी सत्तालाई नै परिवर्तन गर्नेछ।

» ***सरकारले यही मङ्सिर १४ मा ५२ ठाउँका केन्द्र, प्रदेश र स्थानीय तहहरूमा उपनिर्वाचन गर्दैछ। पार्टीले सशक्त बहिष्कार गर्ने भनेको छ। सरकारी नेकपाका कार्यक्रमहरूलाई प्रतिबन्ध पनि भनेको छ। यो कस्तो बहिष्कार हो ?***

ठीक भन्नुभयो, हामीले जनयुद्ध र श्रमिक जनतालाई धोकामा धकेलेर लादेका संसदीय चुनावहरूलाई पहिलेदेखि खारेज, बहिष्कार गर्दै आएका छौँ। यसपटक घोषणा गरिएका उपचुनावहरूलाई पनि बहिष्कार गर्ने निर्णय गरेका छौँ। हाम्रो जानकारीमा आएसम्म यो चुनावमा जनताको रुचि र आकर्षण कुनै छैन। जनता कथित जनप्रतिनिधि भन्नेहरूको थिचोमिचो र भ्रष्टाचारबाट वाक्क भएका छन्। पहिलेभन्दा बहिष्कार सशक्त हुन्छ। जहाँसम्म सरकारी वा संशोधनवादी नेकपालाई निषेध गर्ने विषय हो, यो हामीले घोषणा गरेका छौँ। उसले हामीविरुद्ध प्रतिबन्ध सही ठान्छ भने जनता र देशका विरुद्ध अनेकौँ अपराध गर्ने केपी सरकार र उसको पार्टीलाई प्रतिबन्ध किन नगर्ने ? हामी गर्छौँ।

*बाँकी पृष्ठ ५ मा*

## सामाजिक दलाल ...

नेकपा) र नेपाली काङ्ग्रेस सम्बद्ध बुद्धिजीवीहरूले चलाउँदै आएका छन् । उनीहरूले त्यही कारण केही नयाँ गर्नुपर्ने, विकास गर्नुपर्ने तर्कहरू अथवा जालझेलको 'बौछार' पनि गरिरहेका छन् तर फेरि पनि यो पुरानै दलाल पुँजीवादी सरकारहरूको निरन्तरता हो । सत्ता पुरानै र सरकार पुरानो वर्गको निरन्तरता भए पनि देशमा जनयुद्धका कारण नयाँ संविधान बन्यो, सरकार पनि पहिलेको भन्दा फरक पार्टीको बहुमतमा बन्यो र संयोगले दुई तिहाइको सरकार पनि बन्यो । केही नयाँ गरेको देखाउनुपर्ने बाध्यता यो सरकारको अगाडि छ । तर पुरानो सत्ता र सरकारको निरन्तरताका कारण जनताको हितमा नयाँ गर्न सकिने केही पनि हुन सक्दैन । त्यसकारण यो नयाँ देखाउनुपर्ने बाध्यताको उपयोग साम्राज्यवादको दलाली गर्ने, एकाधिकार पुँजीपतिहरूको चौकीदारका रूपमा काम गर्ने नीतिमा कैद हुन पुग्यो ।

कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार बनेपछि यसले कम्युनिस्ट शैलीको काम गर्नुपर्थ्यो । कम्युनिस्ट शैलीको काम भनेको के हो ? पुँजीवादीहरूले कम्युनिस्ट व्यवस्थालाई एकदलीय, अधिनायकवादी, अप्रजातान्त्रिक भनेर आलोचना गर्दै आएका छन् । उनीहरूका यी तर्कहरू नयाँ होइनन् । मूलभूत रूपमा अधिनायकत्वका बारेमा लेनिनले विस्तृत प्रकाश पार्नुभएको थियो । पुँजीवादीहरूले जुन लोकतन्त्र वा प्रजातन्त्र भन्ने गरेका छन्, यथार्थमा त्यो बुर्जुवा वर्ग, पुँजीपति वर्ग र जनतामाथि लुट गर्ने लुटेरा वर्गको एकदलीय अधिनायकत्वभन्दा केही फरक होइन । बेलायती शैलीको संसदीय व्यवस्था होस् वा अमेरिकी शैलीको राष्ट्रपतीय, स्विस शैलीको आलोपालो गर्ने उदारवादी राजनीतिक व्यवस्था होस्, यो आइल्यान्डको महिला प्रधान हुने, सबै व्यवस्थाको मूल प्रश्न एकाधिकारवादी पुँजीपति वर्गको पक्षपोषण गर्नु हो । यी राजनीतिक व्यवस्थाहरूमा एउटा वर्गका धेरै पार्टीहरू हुने गरेका छन् र उनीहरू जनतामाथिको लुटका निम्ति पालोपालो गरी निर्वाचित हुने गर्छन् । के अमेरिकामा रिपब्लिकन र डेमोक्रेटिक पार्टीको सरकार बदलिँदा विश्वका मानिसहरूको नरसंहार गर्ने अमेरिकी नीतिमा कुनै परिवर्तन आउँछ ? के बेलायतको टोरी पार्टी र लेबर पार्टीको जित र पराजयले विश्वका जनतामाथि लुटपाट गर्ने नीतिमा कुनै परिवर्तन आउँछ ? के नेपालमा एमाले नेतृत्वको नेकपा र नेपाली काङ्ग्रेसको चुनावी जित र पराजयले नेपाली सत्ताको चरित्रमा कुनै परिवर्तन आउँछ ? यसप्रकारको परिवर्तन किन आउँदैन ? किनकि सारमा एमाले नेकपा र नेपाली काङ्ग्रेस एउटै वर्गका पार्टीहरू हुन् जसरी अमेरिका, बेलायत, फ्रान्स र जर्मनीका पार्टीहरू एकाधिकारवादी पुँजीवादी वर्गका पार्टीहरू हुन् । त्यसैगरी नेपालका पार्टीहरू दलाल पुँजीवादी वर्गका पार्टीहरू हुन् । देखावटी रूपमा बहुदलीय प्रणाली भए पनि वास्तवमा यो प्रणाली नेपाली काङ्ग्रेसले भनेजस्तो बहुलवादी प्रणाली हो । बहुलवाद भनेको हुल्लडबाजी प्रणाली हो जसमा राष्ट्रको लुट, दलाली, डकैती र जनताका विरुद्धको प्रताडनामा उछिनपाछिन चल्ने गर्छ । त्यो सत्तामा पुग्नका लागि आफ्नै वर्गमा मानिसहरूको खुट्टा तान्ने, उचाल्ने र पछार्ने प्रक्रिया चलिरहेको हुन्छ ।

कम्युनिस्ट राज्यव्यवस्था भनेको सर्वाधिक जनतान्त्रिक राज्यप्रणाली हो । जनतन्त्र भनेको अङ्ग्रेजीको डेमोक्रेसी हो जुन अङ्ग्रेजी शब्दलाई अहिले सबैभन्दा फासिस्ट पुँजीवादीहरूले दुरुपयोग गरेका छन् । प्रजातन्त्र, लोकतन्त्र र जनतन्त्र भन्ने शब्दावली कुन सही हुन्छ ? शब्दले क्रिया वा कार्यको अर्थ बोकेको हुन्छ । प्रजा भनेको राजाका रैतीहरू भन्ने बुझिन्छ । लोक भनेको भीड भन्ने बुझिन्छ । नागरिकतन्त्र भन्नाले केवल नगरबासीहरूको तन्त्र भन्ने हुन्छ र त्यसले गाउँबासीको तन्त्रलाई इन्कार गर्छ । जन भनेको मानिस भन्ने बुझिन्छ । तसर्थ सबैभन्दा सही प्रयोग जनतन्त्र हुन्छ । यसको अर्थ सबै मानिसको तन्त्र वा मानवतन्त्र भन्ने हुन्छ । डेमोक्रेसीको सही अर्थ मानवतन्त्र भन्ने हुन्छ । तर तन्त्र भन्ने अर्थ हुन्छ त्यहाँ शासक र शासित भन्ने देखा पर्छन् । मानवतन्त्र वास्तवमा साम्यवादमा मात्र सम्भव हुनेछ जहाँ कोही पनि शासक र कोही पनि शासित हुने छैनन् । त्यहाँको राज्यप्रणाली केवल क्रान्तिकारी प्रशासनबाहेक केही हुनेछैन । त्यसकारण समाजवादी कालमा मानवतन्त्रभन्दा सही शब्द जनतन्त्र अथवा डेमोक्रेसी सर्वाधिक राम्रो हुन्छ र यसप्रकारको तन्त्र भएको व्यवस्था कम्युनिस्ट व्यवस्था हो । यो शैलीको व्यवहार गर्नु कम्युनिस्ट हुनु हो । तर माके-एमाले सरकार त्यसको ठीक विपरीत फासिवादको प्रयोग गर्ने हुन गयो ।

दस वर्ष जनयुद्ध लडेर पैदा भएको संविधानसभाले संविधानमा सामान्य रूपमा 'समाजवाद उन्मुख' भन्ने शब्द राखेको छ । समाजवादको अर्थ विश्वभरका संशोधनवादी पुँजीवादी लुटेराहरू, युरो कम्युनिस्ट तथा बेलायतको लेबर पार्टी, स्पेनको सोसलिस्ट पार्टीको बुझाइजस्तो पुँजीवादको 'गन्दकी' ले भरिएको विकृत समाजवाद भन्ने हुँदैन जुन एमाले नेकपाको विकृत समाजवादभन्दा एकरत्ति फरक छैन र हुन पनि सक्दैन । युरोपको विकृत समाजवाद नर्थ एट्लान्टिक सन्धि सङ्गठन 'नाटो' को साम्राज्यवादी सैनिक गठबन्धनबाट बाहिर आउन सक्दैन । साम्राज्यवादीहरूबाट विश्वभर लुटिने जनताको रगत-पसिनाको बर्बरताबाट बाहिर आउन सक्दैन, शोषणरहित विश्व साम्यवादको पैरवी गर्न सक्दैन । नेपालको एमाले नेकपाको सरकार पनि 'इन्डो-प्यासिफिक', 'बिमिस्टेक' जस्ता साम्राज्यवादीको गठबन्धनमा दासत्वका रूपमा डुब्न पुगेका छन् । नेपाली काङ्ग्रेसजस्तै एमाले नेकपा पनि त्यही दरिद्र नीतिको वकालत गर्छ जसले बजारबिना बजारको नियन्त्रणमा राज्यलाई छाडिदिन्छ । देशको औद्योगिकीकरण नगर्ने, भएका उद्योगहरू एकाधिकारवादी पुँजीपतिको हातमा दिने र बजार नियन्त्रित अर्थव्यवस्थाको कुरा गर्ने नेपाली काङ्ग्रेसको नीति बन्यो । अमेरिका, चीन, बेलायत, फ्रान्स र भारतसम्म पनि आफ्नो उद्योगबाट उत्पादन भएको सामानको बजार बनाउने र त्यो बजारबाट देशको अर्थतन्त्र चलाउने नीतिमा छन् । 'मामाकी घोडी, मेरी हिही' भन्ने नेपाली उखानजस्तो उद्योगहरू पुँजीवादीहरूको बजार-बजारको कुरा गर्ने नेपाली काङ्ग्रेसको नीति । ताजुबको कुरा त के छ भने एमाले नेकपाका लागि यसप्रकारको विकृत समाजवाद अवलम्बन गर्नु 'गौरव' को विषय भएको छ ।

जब हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीले एमाले नेकपालाई कम्युनिस्ट आचरण गर्नका लागि बहस चलायो, देशको राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रमा कम्युनिस्ट व्यवहार गर्नका लागि सङ्घर्ष चलायो, जब हाम्रो पार्टीले देशको स्वाधीनता, राष्ट्रियताको वास्तविक रक्षा गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि दबाब दिने गऱ्यो तब सामाजिक दलाल पुँजीवादी एमाले नेकपाको सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो । नेपाल कम्युनिस्ट पार्टीका सम्पूर्ण राजनीतिक कार्यक्रमहरूमाथि रोक लगायो । देशमा हुने भ्रष्टाचार, तस्करी, चेली बेचबिखन रोक्नुपर्छ, राष्ट्रियताको संरक्षण गर्नुपर्छ, देशको अर्थव्यवस्था जनताको समृद्धि ल्याउने हुनुपर्छ भन्ने नारा लगाउँदा मुद्दा लगाउने काम गर्दै आएको छ र यसप्रकारको आवाज उठाएबापत पाँच लाख रुपैयाँसम्म धरौटीको माग गरिएको छ । राष्ट्रियता, जनतन्त्र, जनजीविकाको सवालमा कुनै देशवासीले नारा लगाउँदा, दलाली, भ्रष्टाचारी, तस्करी, कमिसनखोरी, नातावाद, बलात्कार, हत्या, हिंसा राज्यले गर्नु हुँदैन । त्यसको प्रोत्साहन राज्यले गर्नु हुँदैन भन्नेहरूको मुखमा बुजो लगाउने सरकारको यो रवैयाभन्दा फासिवादी नीति अर्को के हुनसक्छ ? त्यसकारण एमाले नेकपाको सरकार भनेको सामाजिक फासिवादी सरकार हो भन्ने प्रमाणित हुन्छ । उनीहरूको शासनप्रणाली नाममा समाजवाद र व्यवहारमा विकृत पुँजीवाद अथवा दलाल पुँजीवाद हो भन्ने प्रमाणित हुन्छ ।

सामाजिक दलाल पुँजीवादी नेपाली शासकहरूले जसरी नाममा कम्युनिस्ट भन्ने गरेका छन् र व्यवहारमा वास्तविक कम्युनिस्ट पार्टीलाई प्रतिबन्धित गरेका छन् । त्यस्तैगरी उनीहरूले नाममा समाजवाद तर व्यवहारमा एकाधिकार पुँजीवादको सेवा गर्ने दलाल पुँजीवादको सेवा गरेका छन् ।

हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीले राष्ट्रिय पुँजीको विकासले मात्र नेपाली जनताका अहिलेका समस्या समाधान गर्छ भन्दै समस्त देशलाई झकझक्याउँदै आएको छ । यद्यपि यो कुरा शताब्दीयौँदेखि विश्वका अर्थशास्त्रीहरूको विश्लेषण र विश्वका तमाम प्रगतिशील शासकहरूको प्रयोगबाट प्रमाणित भइसकेको छ तथापि विश्वसाम्राज्यवाद र एकाधिकारवादी पुँजीपतिवर्गको स्वार्थमा नेपालमा नयाँ उद्योगहरू सञ्चालन गर्ने कुरा त परै जाओस्, भएका उद्योगहरूसमेत विदेशी कम्पनीहरूलाई बेच्ने काम एमाले-काङ्ग्रेसले गर्दै आए । त्यही एमाले माकेसँग एकता गरेपछि एमाले नेकपा बनेको छ । यसको नीति पनि त्यही पुरानो आत्मसमर्पणवादी, पराधीनवादी, दलाल पुँजीवादीको निरन्तरतामा कायम हुँदै आएको छ । तर यो पार्टीले आफ्ना दस्तावेज र भाषणहरूमा, जनतासँगको सम्पर्कमा आउँदा गरिने अभिनयमा राष्ट्रिय उद्योगहरू सञ्चालन गर्ने कुरा भन्न छाडेको छैन । भनाइमा उद्योगहरूको स्थापना गर्ने तर व्यवहारमा उद्योगहरूको उन्मूलन गर्ने र देशलाई आर्थिक पराधीन बनाउने सामाजिक दलाल पुँजीवादको चरित्र बनेको छ ।

नेपाल कम्युनिस्ट पार्टीका नाममा बनेको संसद्वादी एमाले नेकपाले आफ्ना दस्तावेजहरूमा त्यो पार्टीलाई नेपाली श्रमजीवी जनताको र सर्वहारा वर्गको रक्षा गर्ने बताउँदै आएको छ । तर यसले एकाधिकारवादी पुँजीपति वर्गको, दलालहरूको रक्षा गर्ने व्यवहार गर्दै आएको छ । नेपालको जलस्रोतमा होस् वा कृषिप्रणालीमा आधुनिकीकरण गर्नेमा, कच्चा पदार्थको संरक्षण गर्ने विषयमा होस् वा खानी-खनिजहरूको रक्षा गर्ने सवालमा विगतको नेपाली काङ्ग्रेस र एमालेका दलाल सरकारको निरन्तरता अहिलेको सरकारले गरेको छ । देशमा करिब ५७ लाख नेपाली सुकुमबासी अवस्थामा रहेका छन् । उनीहरूलाई उत्पादनका लागि जमिनको व्यवस्था गर्ने, मजदुरहरूका लागि उद्योगको व्यवस्था गर्ने यो सामाजिक दलाल पुँजीवादी सरकारको कुनै चासोको विषय छैन । बरु सम्पूर्ण स्रोतहरू विदेशी एकाधिकारवादी पुँजीपतिको हातमा दिएर देशलाई टाट पल्टाउने अवस्था बनेको छ । यो स्थिति विगतको काङ्ग्रेस-एमालेको सरकारदेखि चल्दै आएको थियो, अहिले पनि त्यसको निरन्तरता रहेको छ । यसरी नाममा कम्युनिस्ट पार्टी भन्ने, नाममा देशको औद्योगिकीकरणको नारा दिने तर व्यवहारमा दलाल पुँजीवादको पक्षपोषण गर्नु सामाजिक दलाल पुँजीवादको विशेषता हुने गरेको छ ।

सामाजिक दलाल पुँजीवादी सरकारको रोचक विशेषता के छ भने यसले भ्रष्टाचार नियन्त्रण गर्ने, भ्रष्टाचार नगर्ने नारा दिन-प्रतिदिन रटान लगाउने गरेको छ । व्यवहारमा सबैभन्दा बढी भ्रष्टाचारी यही सरकार, यसका सम्पूर्ण निकायहरू, यसको सम्पूर्ण संरचनाहरू रहँदै आएका छन् । यो सरकारले भ्रष्टाचार नगर्ने कुराको वकालत किन गरिरहेको छ ? भ्रष्टाचारका विरुद्ध बोल्ने र सङ्घर्ष गर्ने हाम्रो पार्टीलाई किन थुनछेक गरिरहेको छ र भ्रष्टाचारविरुद्ध मुद्दा उठाएको कारण पाँच लाखसम्म जरिबाना तिर्नुपर्ने न्याय सम्पादन किन गरिन्छ ? त्यसको एउटै कारण हो, जे भ्रष्टाचार हो, जे तस्करी हो, जे अनियमितता हो त्यो अब कानुनी मान्यता भएको छ र घूसखोरी उनीहरूका लागि कानुनसम्मत भएको छ जुन विषय उठाउनु जनताका लागि गैरकानुनी हुन पुग्छ । के प्रधानमन्त्री, मन्त्री, सचिव र कर्मचारीले देश चलाउने ठेक्कापट्टा गर्नु वैधानिक भ्रष्टाचार होइन ? अदालतले कुनै कम्पनीलाई कर तिर्नु पर्दैन भन्दै फैसला गर्नु भ्रष्टाचारको वैधानिकता होइन ? भ्रष्टाचारको नियन्त्रण गर्ने कुरा गर्नु तर भ्रष्टाचारमा लिप्त हुनु सामाजिक दलाल पुँजीवादको विशेषता बनेको छ ।

सामाजिक दलाल पुँजीवादको अर्को विशेषता देशमा आर्थिक वृद्धिको कुरा गर्ने तर व्यवहारमा मिटर ब्याज, चर्को कर असुली, वित्तीय शोषण गर्नु रहेको छ । अहिले देशव्यापी रूपमा मिटर ब्याज लिने र जनताको घरबास उठीबास पार्ने काम भएको छ । यसमा ठूलाठूला बैङ्कतिहरू, स्कुल र कलेजका मालिकहरू, होटेलका मालिकहरू, ठूलाठूला अस्पतालका मालिकहरू र अधिकृतहरूको रकम लगानी गरिएको पाइएको छ । यी मानिसहरू सबै एमाले नेकपामा र नेपाली काङ्ग्रेसमा आबद्ध छन् । उनीहरूले यसप्रकारको शोषण गर्न पाएबापत पार्टी र नेताहरूलाई अर्बौं रकम बुझाएका छन् । यसको कानुनी संरक्षण यो दलाल फासिवादी सरकारले गरिरहेको छ । मजाकका रूपमा भन्ने हो भने ७ प्रतिशतको आर्थिक वृद्धि नेपलका लुटेराहरूका लागि भएको छ तर जनताको उठीबास भएको छ । यस हिसाबले कथित आर्थिक वृद्धि पनि अथवा लुटको मात्रा केही वर्षका लागि दस, पन्ध्र र बीस प्रतिशतले बढे पनि भविष्यमा कमजोर हुँदै जानेछ किनभने भाँडोमा सम्पत्ति रहुन्जेल यो लूट चल्नेछ र त्यो सकिनेबित्तिकै यो कथित वृद्धिदर पनि रोकिनेछ । यसप्रकारको आर्थिक अनियमितता सामाजिक दलाल पुँजीवादको विशेषता भएको छ ।

सङ्क्षेपमा भन्ने हो भने सामाजिक दलाल पुँजीवादी सरकारका विशेषता नेपालको सन्दर्भमा निम्नअनुसार देखा पर्छन् : कुरा एउटा गर्ने काम अर्को गर्ने, भ्रम एउटा छर्ने, एक्सन अर्को गर्ने, बोली एउटा गर्ने व्यवहार अर्को गर्ने यसका प्रमुख विशेषताहरू हुन् ।

माके-एमाले मिलेर बनेको सरकारी नेकपाका अहिलेका मूल विशेषताहरू निम्नदेखा पर्छन् :

पहिलो, आफूलाई कम्युनिस्ट भन्ने, व्यवहारमा कम्युनिस्टमाथि दमन गर्ने, दोस्रो, पार्टीको नीति समाजवाद भन्ने, व्यवहवारमा एकाधिकार पुँजीवादको सेवा गर्ने, तेस्रो, भनाइमा आफूलाई सर्वहारा वर्ग तथा उत्पीडित जनताका पक्षमा भएको दाबी गर्ने, व्यवहारमा दलाल पुँजीवादको सेवामा उभ्याउने, चौथो, आफूले भ्रष्टाचार नगर्ने र गर्न पनि नदिने भाषण गरिरहने, व्यवहारमा सम्पूर्ण संयन्त्रलाई भ्रष्टाचारका अखडामा बदल्ने, पाँचौँ, देशमा सुशासन ल्याउने कुराको वकालत गर्ने तर व्यवहारमा नातावाद, कृपावाद, अन्याय, अत्याचार, तस्करी, घूसखोरी गर्ने, छैटौँ, स्वाधीनताको नारा दिने तर व्यवहारमा राष्ट्रिय आत्मसमर्पण गर्ने, सातौँ, देशमा औद्योगिकीकरणको नारा दिने तर व्यवहारमा देशका सम्पूर्ण उद्योगहरूको अन्त्य गर्ने, आठौँ, आर्थिक समृद्धिको कुरा गर्ने, व्यवहारमा मिटर ब्याजको प्रयोग गरी जनताको उठीबास लगाउने, नवौँ, राष्ट्रिय सम्मानको कुरा गर्ने, व्यवहारमा साम्राज्यवादीका अगाडि लम्पसार पर्ने र देशको बेइज्जत गर्ने, दसौँ, उच्च प्रकारको संस्कृतिको कुरा गर्ने तर व्यवहारमा देशभित्र वेस्यालय खोल्नका लागि वकालत गर्ने र अर्काकी श्रीमतीसँग गुपचुप रमाउने, एघारौँ, नाममा लोकतन्त्र, व्यवहारमा फासिवाद लागू गर्ने उनीहरूको चरित्र बनेको छ ।

यसप्रकारको सामाजिक दलाल फासिवादको प्रतिरोध जनताले गर्नु अनिवार्य बनेको छ र यो प्रतिरोध जबसम्म यसको समूल नष्ट हुँदैन अथवा सामाजिक दलाल पुँजीवादी फासिवाद पैदा गर्ने आर्थिक आधार र उपरिसंरचना सडेगलेको संसदीय व्यवस्थाको समूल नष्ट नहुँदासम्म चलाइरहन आवश्यक हुन्छ । यो दालल पुँजीवादी राज्यव्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नु अहिले नेपाली जनताको भविष्य निर्धारण गर्ने विषय बनेको छ ।

# पत्रकार महासङ्घले गऱ्यो देशभर प्रदर्शन

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल पत्रकार महासङ्घले पत्रकार हत्या तथा प्रेस स्वतन्त्रता हननका घटनामा संलग्नलाई कारबाही गरी पीडितलाई न्याय दिलाई दण्डहीनताको अन्त्य गर्न माग राख्दै उपत्यकासहित देशैभर प्रदर्शन गर्ने भएको छ । 'विश्व अन्तर्राष्ट्रिय दण्डहीनताविरुद्ध दिवस' का अवसरमा दण्डहीनताको अन्त्य र प्रेस स्वतन्त्रताको रक्षाका लागि प्रदर्शन गर्ने महासङ्घका महासचिव रमेश बिष्टद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । पत्रकार महासङ्घअन्तर्गतको द्वन्द्वपीडित पत्रकार




संरक्षण समितिका संयोजक जन्मदेव जैसीका अनुसार उपत्यकाको नयाँबानेश्वरमा आइतबार अपराह्न ४ बजे र देशैभर आइतबार प्रदर्शन भएका छन् ।

पत्रकारका हत्यारालाई कारबाही गरी पीडितलाई न्याय दिइएको घटना न्यून रहेको छ । कतिपय अवस्थामा पत्रकारको हत्या गर्ने व्यक्ति वा समूह पहिचान भइसक्दा पनि विभिन्न पक्षले हत्यारालाई संरक्षण दिने गरेकाले कानुनी दायरामा ल्याउन नसकिएको महासङ्घको बुझाइ छ । राज्य पक्ष पनि पत्रकारको हत्यारालाई कारबाही गरी पीडितलाई न्याय दिलाउने र दण्डहीनताको अन्त्य गर्ने विषयमा गम्भीर नभएको महासङ्घले जनाएको छ । यसकारण पत्रकारको हत्या गर्ने वा प्रेस स्वतन्त्रता हननमा संलग्नले उन्मुक्ति पाइरहेका छन् ।

नेपाल पत्रकार महासङ्घको प्रेस स्वतन्त्रता अनुगमन एकाइमा अभिलेख भएअनुसार नेपालमा २०५२ सालदेखि सुरु भएको जनयुद्धयता हालसम्म विभिन्न पक्षबाट ३७ जना पत्रकार मारिएका छन् भने ५ जना पत्रकारलाई बेपत्ता पारिएको छ । मारिएका ३७ जना पत्रकारमध्ये ५ जना पत्रकारको हत्यामा संलग्नलाई कारबाही गरी पीडित पक्षलाई न्याय दिलाइएको र ४ जनाको न्यायिक प्रक्रियामा रहेको बताइएको छ । अन्यको हकमा अझै प्रभावकारी ढङ्गले कानुनी कारबाही अघि बढ्न नसकेको महासङ्घले जनाएको छ । बेपत्ता पारिएका ५ जना पत्रकारको अवस्था अहिलेसम्म पत्ता लाग्नसकेको छैन ।

महासङ्घको सञ्चार अनुगमन एकाइका अनुसार २०७४ सालमा ६३ वटा र २०७५ सालमा ६० वटा तथा २०७६ वैशाखदेखि हालसम्म २६ वटा प्रेस स्वतन्त्रता हननका घटना अभिलेख भएका छन् । प्रेस स्वतन्त्रता हननका घटनाहरूमा पत्रकारमाथि धम्की, दुर्व्यवहार, आक्रमण, समाचार सङ्कलनमा अवरोधलगायत घटना बढी छन् । यस्तै पत्रकारलाई राजनीतिक आस्थाका आधारमा गिरफ्तार गर्ने क्रम बढिरहेको महासङ्घले जनाएको छ ।

महासचिव बिष्टद्धारा जारी विज्ञप्तिमा भनिएको छ, 'पत्रकार तथा सञ्चारमाध्यममाथि हुने सबैखाले आक्रमणको अन्त्य गर्न, पत्रकारको हत्या गर्ने तथा आक्रमणमा संलग्नको पहिचान गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न र बेपत्ता पत्रकारको अवस्था सार्वजनिक गरी पीडित पक्षलाई न्याय तथा दोषीमाथि कारबाही गरेर दण्डहीनताको अन्त्य गर्न एवम् पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति हुनुपर्छ ।'

# पत्रकारद्वारा अपराध र दण्डहीनता अन्त्यको माग

**काठमाडौं** : नेपाल पत्रकार महासङ्घले पत्रकार हत्या तथा प्रेस स्वतन्त्रता हननका घटनामा संलग्नलाई कारबाही गरेर पीडितलाई न्याय दिलाई दण्डहीनताको अन्त्य गर्न माग राख्दै उपत्यकासहित सातै प्रदेशमा प्रदर्शन गरेको छ । उपत्यकाबाहिर धनगढी, सुर्खेत, पोखरा, बुटवल, वीरगन्ज, झापासहित काठमाडौंको नयाँबानेश्वरमा प्रदर्शन गरिएको महासंघले जनाएको छ । महासंघले 'विश्व अन्तर्राष्ट्रिय दण्डहीनताविरुद्ध दिवस' का अवसरमा प्रदर्शन गरिएको जनाएको छ ।

पत्रकारहरुले दण्डहीनताको अन्त्य र अपराधीलाई हदैसम्मको कारबाही माग गर्दै बेपत्ताको स्थिति सार्वजनिक गर्न र पीडितलाई न्याय दिन जोडदार माग गरे । महासङ्घका महासचिव रमेश बिष्टले राज्य पक्ष अझै पनि पत्रकारको हत्यारालाई कारबाही गरी पीडितलाई न्याय दिलाउने र दण्डहीनताको अन्त्य गर्ने विषयमा गम्भीर नभएकाले पत्रकारको हत्या गर्ने वा प्रेस स्वतन्त्रता हननमा संलग्नले उन्मुक्ति पाइरहेको बताए । जनयुद्ध कालमा मारिएका पत्रकारका परिवारलाई न्याय र दोषीलाई कारबाहीका लागि नेपाल पत्रकार महासङ्घले सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी दिएको भए पनि गम्भीर छानबिन र थप प्रक्रिया अघि बढ्न नसकेको भन्दै उनले आक्रोश पोखे ।

पत्रकार महासङ्घअन्तर्गतको द्वन्द्वपीडित पत्रकार संरक्षण समितिका संयोजक रहेका केन्द्रीय सदस्य जन्मदेव जैसीले अझै प्रभावकारी ढङ्गले कानुनी कारबाही अघि बढ्न नसकेको, बेपत्ता पारिएका ५ जना पत्रकारको अवस्था अहिलेसम्म पत्ता लाग्न नसकेको र पीडित परिवारले न्याय नपाएको भन्दै पत्रकार महासङ्घ अहिले पनि न्यायका लागि आन्दोलनमै रहेको बताए ।

मुलुकमा पत्रकारका हत्यारालाई कारबाही गरी पीडितलाई न्याय दिइएको घटना न्यून रहेको छ । कतिपय अवस्थामा पत्रकारको हत्या गर्ने व्यक्ति वा समूह पहिचान भइसक्दा पनि विभिन्न पक्षले हत्यारालाई संरक्षण दिने गरेकाले कानुनी दायरामा ल्याउन सकिएको छैन ।

# नेकपा ललितपुरका नेता खपाङ्गी गिरफ्तार

नेपाल कम्युनिस्ट पार्टीको ललितपुर जिल्ला समितिका सचिवालय सदस्य जितबहादुर खपाङ्गीलाई प्रहरीले गिरफ्तार गरेको छ । खपाङ्गीलाई सादा पोसाकका प्रहरीले ललितपुरको एकान्तकुनास्थित डेराबाट शनिबार दिउँसो ४ बजे गिरफ्तार गरेको जानकारी परिवारका सदस्यले दिएका छन् ।

खपाङ्गी पार्टीनिकट मगर राष्ट्रिय मुक्ति मोर्चाका ललितपुर जिल्ला संयोजकसमेत हुन् । उनी यसअघि पनि गिरफ्तार भई अदालतको आदेशमा रिहा भएका थिए । उनीसँगै उनकी पत्नीलाई पनि एकान्तकुनास्थित डेराबाटै गिरफ्तार गरिएको छ । दुवैजनालाई ललितपुर जिल्ला प्रहरी कार्यालय जाउलाखेलमा राखिएको जनाइएको छ । दुवैजनालाई गिरफ्तार गर्नुको कारण अहिलेसम्म नबताइएको आफन्तले जनाएका छन् ।

# प्रहरी आफैँले मेटायो नेकपाको पोस्टर र भित्तेलेखन

नेपाल कम्युनिस्ट पार्टीले पार्टी पुनर्गठन दिवसका अवसरमा गरेको पोस्टरिङ, सीमामाथिको हस्तक्षेप, राष्ट्रघात तथा भ्रष्टाचारविरुद्ध गरेको भित्तेलेखनलाई प्रहरीले मेटाएको छ ।

नेकपाले ललितपुर महानगरपालिका २० स्थित विभिन्न क्षेत्र र सडक पर्खालमा गरेको पोस्टरिङ र भित्तामा लेखेको नारा प्रहरीले मेटेको हो ।

सडकका भित्ता र सार्वजनिक स्थानमा लेखिएका नारा र टाँसिएका पोस्टर प्रहरी दिनहुँ नष्ट गरिरहेको स्थानीयले बताएका छन् । पार्टीको झन्डासमेत टाँगिएको ठाउँबाट झिकेर फ्याँक्ने काम गरिएको छ ।

पोसाक लगाएर आएका प्रहरीले नारा र पार्टीको नाम पोतेर मेटेका हुन् । 'भ्रष्टाचारीलाई कारबाही गर, राष्ट्रघातीलाई कारबाही गर' लगायत नारा भित्तामा लेखिएकोमा त्यसलाई कालो पोतेर धमाधम मेटिएको छ ।

राष्ट्रघात र भ्रष्टाचारविरुद्ध लेखिएको नारा मेट्न प्रहरी परिचालन गरिनुले सरकार राष्ट्रघात र भ्रष्टाचारमा लिप्त रहेको स्पष्ट भएको जनाउँदै नेपाल कम्युनिस्ट पार्टी ललितपुरले आपत्ति जनाएको छ ।

# छैटौं पार्टी पुनर्गठन दिवस र आदर्शको मूल्य

हामी आज हाम्रो जनप्रिय एवम् गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीको छैटौं पुनर्गठन दिवस भव्य रूपमा मनाइरहेका छौं । राष्ट्रघात, जनघात र अत्याचारले चरम रूप लिइरहँदा त्यसका विरुद्ध सङ्घर्ष गरेर जनतालाई मुक्त गर्ने पार्टीको पुनर्गठन भएको दिन आज मङ्सिर ८ गते ऐतिहासिक दिन हो । किनभने यही दिन दलाल पुँजीवादी संसदीय व्यवस्थाको अन्त्य गर्ने उद्घोषसहित जनतालाई नेतृत्व प्रदान गर्नसक्ने पार्टीको पुनर्गठन भएको हो । त्यस्तै यही दिन राष्ट्र र जनताको पक्षमा बलिदान दिएर लड्न तयार जनमुक्ति सेनाको स्थापना भएको थियो । जनयुद्धप्रति गद्दारी गरेर पुँजीवादको गुलाम गर्न पुगेका गद्दार प्रचण्डहरूविरुद्ध सङ्घर्ष गर्दै निरन्तर क्रान्तिको झन्डा उठाएर विभिन्न अकर्मण्यताका विरुद्ध जुध्दै आउने क्रममा २०७१ मङ्सिर ८ गते जनताहरूको भरोसा महासचिव विप्लवको नेतृत्वमा पार्टीको पुनर्गठन भएको थियो ।

हामीले पार्टी निर्माण भएयताका छ वर्षहरूलाई समीक्षा गर्ने हो भने हामी दलाल सत्ताका विरुद्ध सङ्घर्ष गर्नसक्ने जनताको भरपर्दो शक्तिका रूपमा स्थापित भैसकेका छौं । त्यस्तै यो राष्ट्रलाई नयाँ उचाइमा उठाउन, जनताको जीवनलाई समृद्ध गर्नसक्ने क्षमतासहित अबको विकल्पका रूपमा अगाडि आइसकेका छौं । आलोचकहरूले विभिन्न कुनाबाट मनोगत आलोचना गरेर एकीकृत जनक्रान्तिको कार्यदिशामा अकर्मण्यता रहेको भनेर टिप्पणी गरिरहे पनि हाम्रो कार्यदिशाले व्याख्या गरेअनुसार कार्यदिशाको मागअनुसार पार्टी सफल हुँदै गएको छ ।

हामीलाई राज्यले कार्यदिशाको मूल पक्षबाट अन्यत्र धकेल्न प्रयत्न गरिरहेको छ । प्रतिबन्ध, हत्या, गिरफ्तारी सबै यसैका प्रतिफल हुन् । यद्यपि हामी अझ सशक्त, प्रतिबद्ध बनेर क्रान्तिका कामहरूलाई अगाडि बढाइरहेका छौं । हाम्रो नेतृत्व र सिङ्गो पार्टीपङ्क्ति अविचल प्रतिबद्ध बनेर सङ्घर्षमा जुटिरहेको छ । हामी सबै हिसाबले सफलतातिर गैरहेका छौं । जनताहरू हाम्रो पार्टीलाई साथ दिने स्थानमा आइपुगेका छन् । हामी जित्छौं, जनताको जित अवश्य हुनेछ । दलालहरूको खुनी सत्ता सदासदाका लागि खरानी बन्नेछ । पार्टी पुनर्गठनयता १० भन्दा बढी होनहार योद्धा कमरेडहरूको सहादत भैसकेको छ । हजारौं जेल र हिरासतमा हुनुहुन्छ । हाम्रो सिङ्गो पार्टीपङ्क्ति सङ्घर्षमा छ । हामीले बलिदानीको मूल्यलाई अझ उचाइमा उठाउनुपर्ने छ । हाम्रो आक्रामकतालाई अझै तिखार्नुपर्ने छ । हाम्रो आदर्शलाई हामी जहाँजहाँ भए पनि उचो बनाइराख्नुपर्ने छ ।

आदर्श रूप, गुण र विचारको अनुकरण गर्न सुहाउँदो व्यक्ति, पदार्थ वा सिद्धान्त अथवा कुनै वस्तु वा क्रियाको पूर्णता तथा उत्तमताको खास नमुना हो । आदर्श सबै हिसाबले अग्लो शिखर हो जसलाई दुनियाँले धेरै परबाट देख्न सक्छ । नेपाल कम्युनिस्ट पार्टिका महासचिव कमरेड विप्लवसँग स्थापित आदर्श लाखौं उत्पीडित जनताले धेरै पर दूरदराजबाट पनि हेरिरहेका छन् । यो आदर्श भनेको वैज्ञानिक समाजवाद- साम्यवादको आदर्श हो । यो आदर्श वर्गविहीन, धर्मविहीन, जातविहीन सबै नागरिकहरूलाई समान र बराबर बनाउने सुन्दर सभ्यताको आदर्श हो । यो आदर्शले व्यक्तिवाद, म वाद, मेरोवाद, आफन्तवाद, निजीवादहरूको मूल दलाल पुँजीवादको शोषण र विभेदमैत्री क्रियाकलापहरू विरुद्ध सधैँभरि अर्थात् कहिल्यै ननिदाई, कहिल्यै नडगमगाई सङ्घर्ष गरिरहेको हुन्छ । गरिबहरूको वर्गविरोधीहरूसँग अँगालो हाल्न पुगेका धेरै नामधारी कम्युनिस्ट दलालहरू र कम्युनिस्टहरूलाई सिध्याउन सकिन्छ वा सिध्याइयो भनेर खुसी भएका पुँजीपतिहरूको लुटको स्वर्गमा नायक बनेर खडा भएको विप्लव आदर्शले उनीहरूलाई हरसेकेन्ड चुनौती दिइरहेको हुन्छ । त्यसैले हाम्रो आदर्श आमउत्पीडित श्रमशील गरिबहरूका निम्ति आस्था, भरोसा र विश्वासको केन्द्र हो । हामी त्यही आदर्शका इँटहरू हौं । हामीले कहिल्यै हाम्रो आदर्शलाई गल्न र ढल्न दिनु हुँदैन ।

सामाजिक फासिवादी सरकारको जनविरोधी क्रियाकलापका कारण आमजनता आजित छन् । जनताहरूमा यस्तो परेको छ- अब कुनै शक्ति आइदेओस् र आफ्ना सारा दुःखहरू हरण गरिदेओस् । जनताको जीवनलाई नजिकबाट हेऱ्यो भने यति धेरै दर्दनाक छ, त्यो कथन गरेर साध्य नै छैन । किसान, मजदुर, गरिब, सुकुमबासी, दलित, मधेसी, महिला, जनजाति सबैको स्थिति भयावह छ । जनताहरू खान, लाउन र बस्न सक्ने अवस्थामा छैनन् । यति धेरै समस्या छ सायद यी समस्याहरू यो दलालहरूको सरकारलाई थाहा छैन । सबैतिरबाट हेर्दा तमाम समस्याहरूले क्रान्तिको खोजी गरेका छन् । त्यसैले यतिबेला क्रान्तिको रातो रडले सबै घर र मनहरूलाई छोएको छ । झुपडीहरू मात्र होइनन्, दलाल पुँजीवादी सत्ताको दास र गुलाम बनेका आधुनिक श्रमजीवी, मध्यमवर्गीय तप्का र देशलाई माया गर्ने देशभक्तहरूको मुठी दरो भएर कसिएको छ । तपाईंहामीले परिस्थितिलाई क्रान्तिको चस्माले हेर्यौं भने उत्पीडकहरूको सिसमहलविरुद्ध उत्पीडितहरूको बस्तीमा विद्रोहको आगो सल्किसकेको छ । यो आगो भायनक विस्फोटतर्फ बढेको स्पष्ट अनुभूति गर्न सकिन्छ ।

हेर्दाहेर्दै साम्राज्यवादी भारतले हाम्रो प्यारो मुलुकलाई निल्नै लागेको छ । फासिवादी सरकार भित्रभित्रै देश बेचेर स्वाभिमानी नागरिकहरूको अपमान गर्दै भारतीयहरूको जीहजुरी गरिरहेको छ ।



सुमनसिंह पौडेल

कति विडम्बना छ ! देश लुटिइरहने, सरकार चुप बस्ने । नागरिकहरू सडकमा निस्कँदा उल्टै सरकार नागरिकहरूलाई गिरफ्तार गर्ने । यतिसम्म लाचार र फोहोरी सत्ताको अनुभूति गरिरहेका नेपाली जनताहरूलाई के परिरहेको होला यतिबेला । एनसेलले अर्बौं करछली गरेको छ तर त्यसबाट कर लिनुको सट्टा उल्टै उसलाई सम्मानित गरेर करमिनाहा गरिन्छ र कर तिर्नुपर्छ भन्ने नागरिकहरूमाथि दमन गर्न पुग्छ सरकार । यो देशका हामी नागरिकहरूमाथि केही घिनलाग्दा फोहोरी, लोभीपापीहरूको अत्याचार कहिलेसम्म हुने हो । कहिलेसम्म सहनुपर्ने हो । प्रश्नहरू हज्जारौं छन् । हाम्रो देशलाई फेरि अर्को सिरिया, अफगानिस्तान बनाउने खेल भैरहेको छ । इन्डो-प्यासिफिक रणनीतिमार्फत अमेरिकी सेना नेपालमा ल्याएर नेपाललाई युद्धमैदान बनाउने प्रयत्न भैरहेको छ । नेपालका प्राकृतिक स्रोतसाधनहरूमाथि लूट मच्चाउने र आफ्ना आपराधिक स्वार्थहरू पूरा गर्ने दाउपेचमा रहेको आतङ्कवादी राष्ट्र अमेरिका, अर्को लुटेरा मुलुक भारत र उनीहरूका दलालहरू यो उद्देश्यमा लागिरहेका छन । नेपाली लेन्डुपहरू, राष्ट्रघातीहरू यसका मतियार

बाँकी पृष्ठ ७ मा

## श्रमिक जनता ...

» *सरकारले त यहाँहरूको वार्तासम्बन्धी धारणालाई ठाडै अस्वीकार गऱ्यो नि ?*

होइन, केपी सरकारले गरेको आत्मसमर्पणकारी वार्तालाई हामीले पूर्णतः अस्वीकार गरेका छौं । उसले राजनीतिक वार्तालाई अस्वीकार गरेको छ । को सही भोलि प्रस्ट हुँदै जानेछ ।

» *यतिबेला देशका वामपन्थी, देशभक्त, बुद्धिजीवी, लेखक, साहित्यकारहरूको धारणा कस्तो पाउनुभएको छ ?*

हामी निकै उत्साहित छौं । हाम्रो प्रत्यक्ष भेट र अन्तरक्रिया हुन नपाए पनि सारा देशभक्त, वामपन्थी, बुद्धिजीवी, लेखक, साहित्यकार, कलाकार, पत्रकार, मानवअधिकारवादी, कानुनविद्हरूको आत्मीय सद्भाव पार्टीप्रति पाएका छौं । उहाँहरू सबैको प्रतिनिधिका रूपमा काम गरिरहेको जस्तो महसुस हुन्छ । उहाँहरूको सद्भाव र मायाप्रति हामी धेरै आभारी छौं । पार्टीबाट जनता र देशका लागि जे अपेक्षा गर्नुभएको छ, त्यसमा कुनै घात नगर्ने विश्वास दिलाउन चाहन्छौं ।

» *क्रान्तिकारी ध्रुवीकरणको पाटोमा के भइरहेको छ नि ?*

ध्रुवीकरणबारे हामीले क्रान्तिकारी शक्तिहरूबाट सकारात्मक धारणा पाएका छौं । केही पार्टीका पत्र प्राप्त भएका छन् भने केहीसँग छलफल चलिरहेका छन् । ध्रुवीकरणबारे हामीले तीन विकल्प अघि सारेका छौं : एउटै पार्टी बनाउने, संयुक्त मोर्चा बनउने र कार्यगत एकता गर्ने । कार्यगत एकता त भइरहेकै छ । अन्य विषयमा केही मेहनत गर्नुपर्ने छ तर असम्भव छैन ।

» *दैनिक समस्याका विषयमा जनसङ्घर्ष पुगेन भन्ने पनि गुनासो सुनिन्छ । यसबारे कसरी सोचिरहनुभएको छ ?*

होइन, देशमा सबैभन्दा धेरै मुद्दा उठाउने र हरसम्भव जनसङ्घर्ष गर्नेमा हामी नै हौंला । केही बेला त नेपाल बन्द र सङ्घर्षहरू बढी भए भन्ने सुझाव पनि आउँछन् । एनसेल, ठूलो जहाज काण्ड, निर्मला बलात्कार तथा हत्याकाण्ड, ललिता निवासकाण्ड, बूढीगण्डकी, अरुण तीन, माथिल्लो कर्णाली, विराटनगरमा अवैध भारतीय कार्यालय, महँगी, भ्रष्टाचार, कालापानीलगायत सारा विषयमा हाम्रो सङ्घर्ष नै सबैभन्दा धेरै छन् । अहिले पनि मेडिकल कलेजको समस्या, शिक्षा, स्वास्थ्य, महँगी, भ्रष्टाचार, लागुपदार्थ, वेश्यावृत्तिविरुद्ध हाम्रा विद्यार्थी, युवा, बुद्धिजीवी, कलाकारहरूले सङ्घर्ष गरिरहनुभएको छ । यद्यपि सुझावलाई मनन गर्ने कुरा सही छ ।

» *नयाँ प्रसङ्ग भनौं, पूर्वसभामुख कृष्णबहादुर महरा र सांसद मोहमद अफ्ताब आलमका विरुद्ध भएको कारबाहीलाई कसरी लिनुभएको छ ?*

यो अलि फरक र संवेदनशील विषय छ । महराले निजी जीवनमा गरेका कमजोरी के हुन्, महिलाले नै भनेपछि अरूले धेरै बोल्ने कुरा भएन तर म ठोकेर भन्छु महरा मामिला केवल नैतिक र महिलाको मामिला मात्र भएन । सम्भोगलाई राजनीतिक मामिला बनाएको जस्तो लाग्छ । पुँजीवादी पार्टीहरूभित्र यस्ता सम्बन्ध नहुने कमै होलान् ! राष्ट्रपति सीको भ्रमणको बेलामा नै यसलाई उठाउनु, वलीले अमेरिकी कार्यक्रम एमसीसी रोक्ने महरा नै हो र गल्ती गरेका छन् भन्नु, प्रचण्डले अदालतमा रहेको मुद्दाबारे महराले नै गल्ती गरेका हुन् भनेर ठोकुवा गर्नु, यूएन, युरोपियन युनियनलगायतले वक्तव्य दिएर कारबाहीको माग गर्नु यसका दृष्टान्त हुन् ।

आलमका विरुद्धको कारबाही एउटा क्रूर घटनामा प्रतिशोधी चाल मिसिएजस्तो लाग्छ । बाँकी त बुझ्दै जान सकिन्छ ।

» *गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, जनताको सरकार सबै आए । कसका विरुद्ध लड्ने भन्ने प्रश्न पनि उठाइन्छ नि ?*

हो, यो प्रचार गरिन्छ । हामीले उल्लिखित परिवर्तन भएका छैनन् भनेर कहाँ भनेका छौं र ? हामीले भनेको त सामन्तवाद गयो, गणतन्त्र आयो, सङ्घीयता आयो, धर्मनिरपेक्षता आयो तर यी परिवर्तन श्रमिक जनताका लागि भएनन्, दलाल पुँजीपति वर्गका लागि भए । हामीले जनयुद्ध लडेको, क्रान्ति छेडेको त उत्पीडित वर्ग, समुदाय र देशको पूर्ण स्वाधीनताका लागि हो । एउटा लुटेराको सट्टा अर्को लुटेरालाई, एउटा ठगको ठाउँमा अर्को ठगलाई, एउटा हत्याराको सट्टा अर्को हत्यारालाई, एउटा दलालको सट्टा अर्को दलाललाई, एउटा चोरका ठाउँमा अर्को डाँकालाई सत्तामा विराजमान गराउन होइन नि । सामन्तवाद गएर जनगणतन्त्र स्थापना गर्ने भनेकोमा दलाल पुँजीवादी गणतन्त्र खडा भएपछि यो गणतन्त्र श्रमिक जनताको रक्षा र समृद्धि गर्ने गणतन्त्र भएन, दलाल पुँजीपति वर्गको रक्षा र समृद्धि गर्ने गणतन्त्र भयो । यो सङ्घीयता उत्पीडित समुदायको सङ्घीयता नभएर दलाल पुँजीपतिहरूको सङ्घीयता भयो । सयौं वर्षदेखि दबिएका र शोषित भएका श्रमिक जनता त अहिले पनि शोषित, उत्पीडित नै छन् । धर्मजस्तो जनविरोधी, अन्धविश्वासी, असत्य विषयको चर्चै नगरौं । धर्म भनेका सबै श्रमिक जनतालाई अन्धो बनाउने र अन्धकारमै थुनिराख्ने मन्त्र हुन् । धर्मको अन्धोराज जहिलेसम्म चल्छ उत्पीडित जनताले जीवनमा उज्यालो कहिल्यै भेट्टाउन पाउने छैनन् ।

» *पार्टी पुनर्गठन दिवसको सुखद अवसरमा थप केही भन्नुहुन्छ कि ?*

हाम्रो पार्टी पुनर्गठन सङ्घर्ष र सचेत पहलको प्रतिफल हो । महान् सफलताका लागि महान् सङ्घर्ष, महान् सङ्घर्षमा महान् त्याग र बलिदानहरू अनिवार्य हुन्छन् ।

## श्रीखण्ड दिएर ...

भनेको ५५ अर्ब भारतको सिफारिस आवश्यक पर्ने भन्दै नेपाललाई भुटानको स्तरमा राख्नु, अमेरिकासँग वली सरकारको साँठगाँठ देखिनु र यही बेला सीमा अतिक्रमण हुनुले ट्रम्प प्रशासन, मोदी प्रशासन र वली सरकारबीचमा अपवित्र साँठगाँठ भएर नै कालापानी अतिक्रमण भएको अनुमान छ । अमेरिकी सरकारको निर्देशनमा ने.क.पा.माथि प्रतिबन्ध लगाइएको कारण पनि त्रिपक्षीय गठजोड र राष्ट्रघातको आशङ्का बढेको छ ।

सुगौली सन्धि (१८१६), अङ्ग्रेज अधिकारीको पत्राचार, भोगचलन सबै कोणबाट कालापानी क्षेत्र नेपालकै पुष्टि हुन्छ । 'काशी जानु, कुतीको बाटो' भन्ने उखान नेपाली भाषामा प्रयोग हुँदै आएको छ । चलनचल्तीमा कुटियाङ्दीलाई 'कुती' भनिन्छ । सांस्कृतिक रूपले समेत उक्त क्षेत्र नेपालकै देखिन्छ । कालापानीवरपरका बासिन्दाले हामी कर अङ्ग्रेज सरकारलाई नै बुझाउन चाहन्छौं भनी लेखेको पत्रको जवाफमा अङ्ग्रेज अधिकारीले 'सुगौली सन्धिअनुसार सो क्षेत्र नेपालको सरहदमा परेकाले नेपालतिरै तिर्नू' भनी लेखेको पत्र नेपालसँग छ । त्यसकारण अतिक्रमित भूभागमा भारतको डकैतीबाहेक अरू केही छैन । तर जनताको दबाबलाई मत्थर पार्न मात्र सरकारले लुरे शब्दमा बोलेको देखिन्छ ।

भारतले २३ जिल्लाका ७१ स्थानमा सीमा अतिक्रमण गरेको छ । कात्तिक २५ गते सरकारलाई संसद्को लेखा समितिले आफ्नो नक्सा सार्वजनिक गर्न दिएको निर्देशन पनि सरकारले पूरा गरेको छैन । काङ्ग्रेसले कालापानीका विषयमा नीति निर्माण गर्न संसद्को विशेष अधिवेशन माग गरे पनि सरकारले सुनेको छैन । कालापानी समस्या सरकारको प्राथमिकतामा नपरेको देखिन्छ ।

भारत सरकारले जम्मु, कस्मिर र लद्दाखका सन्दर्भमा निकालेको नक्सा सार्वजनिक गर्ने क्रममा नेपालका कालापानी, लिम्पियाधुरा र लिपुलेक क्षेत्र पनि आफ्नो नक्साभित्र पारेर सार्वजनिक गरेको हो । २००९ सालमा काङ्ग्रेस नेता तथा प्रम मातृकाप्रसाद कोइरालाको कार्यकालमा भारतीय सेना नेपालको उत्तरी सीमानाका १४ स्थानमा बसेको हो । २०२६ सालमा १३ स्थानबाट हट्यो तर टिङ्करमा बसेको भारतीय अस्थायी शिविर २०१९ (सन् १९६२) मा कालापानीमा आएर बस्यो । कात्तिक २५ गते भारतीय अतिक्रमणको विरोधमा प्रदर्शन गर्दैगर्दा मकरध्वज गुरुङ, टीका कँडेल, मोहन खतिवडालगायत ११ जनालाई गिरफ्तार गरेर महाकाली नदी बेच्वा देशद्रोही वली सरकारले भारतको तावेदारी गरेको छ । भारतलाई अतिक्रमण गर्न गोप्य मन्त्रणा त गरेको छैन भन्ने प्रश्न उठेको छ ।

गएको साता वली-नेपालबीच दुई घन्टा लामो वार्ता भएको चर्चा भयो । वलीले 'माओवादीको हातमा पार्टीको नेतृत्व जाला भन्ने मेरो चिन्ता हो, अरू केही छैन' भनेको गाइँगुइँ छ । वलीको चिन्ता पार्टीसत्ताम नियन्त्रण कसरी कायम राख्ने भन्नेमा छ । सीमा अतिक्रमण उनको प्राथमिकतामा छैन । सरकारले भारतसँग वार्ताका लागि पत्राचार गर्ने, नक्सा सार्वजनिक गर्ने, नेपालको भूमिबाट सेना हटाउन आदेश गर्ने, भारतको परराष्ट्र मन्त्रालयलाई पत्राचार गर्ने केही पनि गरेको छैन । सञ्चारमा हल्ला मात्रैमा सीमित छ । प्रम वलीले देशभक्त नागरिकलाई 'नक्सा चाहियो कि माटो ?' भनेर अपमानित गरेका छन् । हामीलाई आफ्नो नक्सा र माटो दुवै चाहिएको हो । भारतले आफ्नो स्वार्थअनुसार बनाएको नक्सा सरकारले प्रयोग गरिरहेको छ । नेपालले कालापानी र सुस्ताको मुद्दा २०३८ साल (तदनुसार सन् १९८१) देखि कूटनीतिक प्रयासद्वारा समाधान गर्ने भन्दै आएको छ । ४६ वर्षदेखि एउटै सुगारटाइ छ । तर समस्या झन्झन् बढ्दै गएको छ । सरकारले देशभक्तहरूमाथि दमन गर्ने र सार्थक तथा उत्तरदायित्वपूर्ण पहल पनि नगर्ने गरिरहेको छ । जनताको धैर्यको बाँध भत्कियो भने गैरजिम्मेवार नेतृत्वका विरुद्ध विद्रोहमा उत्रिन सक्छन् । भारतले औपचारिक कार्यक्रममा समस्या भए ल्याउनुस् भन्ने अदृश्य रूपमा धम्की दिने दोहोरो चाल चालिरहेको छ । सन् १९८१ यता नेपालमा १६ जना प्रधानमन्त्री बनिसकेका छन् र सबैले कूटनीतिक प्रयासद्वारा समाधान खोज्ने भनिरहेका छन् । समस्याको कूटनीतिक समाधान असफल भएको हो कि पहल नै नभएको हो ? सरकारले स्पष्ट पार्नुपर्छ । कूटनीतिक प्रयास असफल भएको हो भने सिमानामा नेपाली सेना तैनाथ गर्नुपर्छ र अन्तर्राष्ट्रिय मञ्चमा विषयलाई प्रवेश गराउनुपर्छ । विश्वमा त्यस्ता अनेक नजिर छन् । क्यामरुनको भूभाग अतिक्रमण गरेको मुद्दा संयुक्त राष्ट्रसङ्घमा पुगेर नाइजेरियाको विपक्षमा फैसला भएपछि नाइजेरिया क्यामरुनको भूमि फिर्ता गर्न बाध्य भएको थियो । भारत र बङ्गलादेशबीचको कैयौं वर्षको सिमानाको गोली हानाहान समाधान भएको छ । तर नेपालका लेन्डुपेहरू समस्या समाधानको मार्गचित्र जनतालाई भन्न, सुसूचित गर्नै सक्दैनन् । उल्टो देशभक्तहरूमाथि मालिकको निर्देशनमा लाठी बर्साउँछन् र जनतालाई आन्दोलन नगर्न उपदेश दिन्छन् ।

दार्चुला, व्यास गाउँपालिकाले छाङ्रुमा व्यासी जातिको मन्दिर बनाउन ४ लाख रुपैयाँ निकासा गरेको थियो । मन्दिर बनाउन खोज्दा भारतीय सेनाले स्थानीयलाई 'तुमको कितना मन्दिर चाहिए ?' भन्दै लखेटेका छन् । उता सुस्ताको ज्यादती उस्तै छ । भारतको अतिक्रमण रोक्न २०२२ सालमा राजा महेन्द्रले सुस्तामा अवकाश प्राप्त सेना र मुस्लिम समुदायलाई बसाएका थिए । सोही सालमा नापी विभागका कर्मचारी त्यहाँ पुग्दा भारतीय प्रहरीले पक्राउ गरेर ४ वर्ष भारतमा थुनेको सबैलाई थाहै छ । महाकाली नदीको मुहानकै विषयमा भारतले विवाद झिक्न खोजेको छ । पानीको मात्रा, गहिराइ, चौडाइ, जनश्रुति, लम्बाइ आदि प्रचलित मुहान छुट्याउने मान्यता छन् । त्यसका आधारमा पनि महाकाली नदीको मुहान लिम्पियाधुरा नै हो । नदीको मुहान तोक्ने प्रचलित मापदण्डअनुसार पनि भारतीय दाबी पुष्टि हुँदैन ।

केपी वलीको विगत अत्यन्त देशद्रोही रहेको छ । उनले आफ्नै पार्टी फुटाएर, विभिन्न दलहरूले महाकाली सन्धिको विरोधमा सिंहदरबार घेराउ गरिरहेको बेला लाठीचार्ज, अश्रुग्याँस र गिरफ्तार गरेर राती १२ बजे महाकाली सन्धि गराएका थिए । राष्ट्रघाती महाकाली सन्धिको पैरवी गर्दै वलीले 'महाकाली सन्धि भयो भने पश्चिमबाट सूर्योदय हुने' घोषणा गरेका थिए । तर सूर्य आजसम्म पूर्वबाटै उदाइरहेको छ । भारतले नेपाली भूमि मिच्नुमा प्रम वलीसमेतको सहमति भएको सङ्गीन आरोप काङ्ग्रेसका नेता देउवा र नेमकिपाले लगाइसकेका छन् । भारतले सीमा मिचेको २ साता नाघिसक्दा पनि सरकारले एउटा पनि सार्थक प्रयास नगर्नुको कारण कतै सहमतिमा त भएको छैन ? भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । ३५ दिनभित्र संयुक्त राष्ट्रसङ्घको न्यायिक निकायमा उजुरी गर्ने अथवा त्यसपूर्व समस्या समाधान गर्न दबाव बढिरहेको छ । भारतले अतिक्रमित भूभागबाट महाकाली नदी पश्चिम आफ्नो सेना फिर्ता लगेपछि मात्र दुई देशका बीचमा वार्ता गर्नुपर्छ । तर सरकारले भारतीय सेना हटाउन त के वार्ताको प्रस्ताव पनि अझै गर्न सकेको छैन ।

यसैबीच भारतीय पूर्वराजदूत श्यामशरण गोप्य रूपमा काठमाडौं आएका छन् । उनको नेपाल भ्रमण गोप्य राख्नुले झन् रहस्यमय भएको छ । मङ्सिर ३ गतेदेखि सुरु भएको दुई देशको सीमा बैठक प्रभावित पार्न श्यामशरण काठमाडौं आएको अनुमान गरिए पनि कालापानी क्षेत्र विवाद मुख्य विषय हुनसक्छ । राष्ट्रिय लज्जाको विषय त के भने कालापानी क्षेत्रमा भारतले गोर्खा फौजसमेत तैनाथ गरेको छ । नेपालको सार्वभौमिकताका विरुद्ध नेपाली नागरिक नै तैनाथ गरिएको छ । यो घटनाले पनि गोर्खा भर्ती खारेज गर्नुपर्ने स्पष्ट हुन्छ । नेपाली जनमतका विरुद्ध भारतको उत्तराञ्चलका मुख्यमन्त्रीले बोलेको लगत्तै नेपालका लागि बदनाम भारतीय पूर्वराजदूत श्यामशरण गुपचुप नेपाल आएका हुन् । नेपालको देशभक्तिको आन्दोलन दबाउन, फाटो पार्न, चीनले पनि सीमा मिचेको हल्ला चलाएर विषयान्तर गर्न समग्रमा नेपालको भूमि अतिक्रमणका विरुद्ध उठेको आन्दोलन रोक्न उनी नेपाल आएका हुन् । अब त्यसको प्रभावबाट स्वर परिवर्तन हुने र भारतको दलालीका स्वरहरू बाहिर आउन सक्छन् । त्यसो भयो भने देशभक्त शक्तिहरूले तुरुन्तै प्रतिरोध गर्नुपर्छ । भारतीय दूतावासलाई नेपालविरोधी हर्कतमा नलाग्न निगरानी र खबरदारी गर्नुपर्छ ।

सत्तारूढ दलको नयाँ कार्यविभाजनले तत्कालको दुर्घटना त टरेको छ तर पार्टी र सरकार दुई केन्द्र बन्न गएका छन् । बहुकेन्द्रले अराजकता पैदा गर्छ । सरकार आफ्नै पार्टी र प्रतिपक्षको घेराबन्दीमा पर्नेछ । त्यो सुरु भइसकेको छ । त्यसप्रकारको अवस्थाले राष्ट्रियताको आन्दोलनलाई थप कमजोर बनाउन सक्छ । अर्कोतिर काङ्ग्रेसका कतिपय नेताहरूले लिपुलेकलाई त्रिदेशीय बिन्दु भनेर भारतको दलाली गरिरहेका छन् । भारतले चाहेको नै त्यही हो । लिपुलेक त्रिदेशीय बिन्दु भएपछि त्यसभन्दा पश्चिमको भूभाग स्वतः भारतको हुन्छ । वास्तविकता त लिम्पियाधुरा त्रिदेशीय मार्ग हो र लिम्पियाधुरा नै महाकालीको मुहान हो । महाकालीपूर्वका भूभाग नेपालका हुन् । यो विवादित भूभाग होइन । भारतद्वारा अतिक्रमित भूभाग हो ।

भारतले नेपाली भूभाग अतिक्रमण गरेकै समयमा कुख्यात भारतीय कूटनीतिज्ञ श्यामशरण काठमाडौं भ्रमणमा छन् र काठमाडौंमा एकथरी भारतपरस्त ठानिएका बुद्धिजीवी, राजनीतिक पङ्क्ति र लैनचौरद्वारा पालिएका सञ्चारकर्मीहरू चीनले सीमा मिचेको प्रचार गरिरहेका छन् । भारतको अपराध छोप्न, समस्यालाई विषयान्तर गर्न श्यामशरणलाई खुसी पार्न त्यो धन्दा चलिरहेको छ । श्यामशरण चोर बिरालोझैं लुसुक्क झ्यालबाट छिरेर किन काठमाडौं आइपुग्छन् ? सरकारले नागरिकलाई सूचना दिनुपर्छ र श्यामशरणलाई फिर्ता पठाउनु पर्दछ ।

देशभक्त शक्तिहरूले आआफ्नै शैली र क्षमताअनुसार पहिलो चरणको सङ्घर्षको कार्यक्रम सम्पन्न गरेका छन् । विप्लव नेतृत्वको नेकपाले पहिलो चरणको सङ्घर्षको कार्यक्रम गरिसकेको छ । जनप्रतिरोधका कारण भारत रक्षात्मक देखिएको छ । उसले वार्ताद्वारा समस्या समाधान गर्न तयार भएकोदेखि दुई साताबीचमा दोस्रोपटक नक्सा सार्वजनिक गर्न बाध्य भएको छ । तर उसको अतिक्रमणकारी चरित्र यथावत् छ । तसर्थ पशुपतिनाथको मन्दिरमा दाउरा चढाएर नेपालको माटो नै लुट्न खोज्ने मोदी ज्यादती र डकैतीको विरोधमा संयुक्त जनप्रतिरोध गर्नुपर्छ । देशभक्तिको आन्दोलनलाई संयुक्त रूपले चलाइयोस् भन्ने आमजनताको अपेक्षा पनि छ । भारत र उसका दलालले अबका दिनमा गर्नसक्ने षड्यन्त्र चिर्न पनि संयुक्त प्रतिरोध अनिवार्य छ ।

निबन्ध

# बाहुनडाँडामा छापामारसँग

**'केही थान मान्छेहरूलाई बालुवाटार पठाउनलाई मात्रै हो यत्रो बलिदान ?' उनको प्रश्नले मलाई पनि भाउन्न भयो र सम्झिएँ मैले- सानै उमेरमा घर छाडेर हिँडेको त्यो तन्नेरी छापामार लडाकु। क्यान्टोनमेन्टको काँडेतारभित्र बिताएका उसका कठोर दिन। सहिदका रगत कुर्सीसित साटेर मस्तीको जिन्दगी जिइरहेका 'सर' र 'मेडम' पनि आए आँखामा। सपना पूरा नहुँदै भत्किएको उनको ती निश्छल अनुहार सम्झेर मन भरङ्ग भयो।**



खोमा तरामु मगर

ढुङ्गाले छाएको पुरानो गोठ। गोठको तलामा साँघुरो आँटी। आँटी खचाखच छ र अगाडि झुन्डिएको छ एउटा ह्वाइट बोर्ड। अर्थात् ह्वाइट बोर्डमा लेखिएको छ, 'मार्क्सवादका तीन सङ्घटक अङ्ग- दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद।' ओहो, कस्तो जटिल विषय। तर सकेजति फार्ने पर्नेछ यो विषय। बोर्डमा लेखिएका विषयलाई कमरेडहरूले गुन्द्रीमा बसेर टिपिरहेछन् कापीका पानामा। डाँडातिर कुहिरो डम्म छ र सिमसिम झरी परेको छ। धमिलो बादल ओढेर मस्त निदाएको छ धौलागिरि हिमाल। तलतिर निसी खोला बगेको छ।

देशभर राज्यले दमन चलाएको छ। कैयौँ कमरेडहरू जेल र हिरासतमा छन्। गोली चलेको छ र कमरेडहरू ढलेका समाचारहरू आएका छन्। राज्यको दमन र प्रतिरोधले सिर्जिएको नयाँ मौसम हो यो। अर्थात्, प्रतिक्रान्तिको अँध्यारो पर्दा च्यातिएर खुल्दै गरेको उज्यालो मौसम।

हो, त्यही मौसमको त्यो दिन। अर्थात्, हिउँद सकिएर आँगनमा झरी परेको दिन। बागलुङको बाहुनडाँडामा भेटिए प्युठान डाम्रीका नरबहादुर थापामगर, अर्थात् 'गम्भीर'। रङ्गीन सपना बोकेर जनयुद्धमा होमिएका एउटा छापामार योद्धा। उनी बाहुनडाँडामा आइपुगेका थिए त्यो दिनको झरी थामिएपछि। दुनियाँ बदल्ने सपना उनेर उडेको एउटा मालचरी। छापामार युद्ध लड्दालड्दै उनका जुँगाका रेखी बसेछन्। कुर्कुरे बैँसमै 'मायापिरिम' बसेछ र युद्धमोर्चामा नै बिहे पनि भएछ अर्की छापामार योद्धा कमरेड आधारशिलासँग।

०००

प्युठानको डाम्रीबाट उडेको थियो त्यो मालचरी। कहाँ पुगम्ला भनेर उडेको त्यो चरी, कहाँ पुगेँ भन्ने ठम्याउनै नसकी रनाहा परेर साउदी पुगेछ। यसो गम्यो, एकपटक दृष्टि घुमायो र भन्यो 'मालचरीको लामबाट धेरै चराहरू काठमाडौँ पसे। हेर्दाहेर्दै गिद्द बने। कोही चिल बने। कोही काग। अर्थात् कोही सिंहदरबार पसे। कोही बालुवाटार पसे। गुराँसको फेदमा कुइनो अड्याउँदै टाउको निहुराए र उनले भने, 'तिनका चालढाल देखेर म त जिल खाएँ।'

उनले कम्युनिस्ट घोषणापत्र पढाएर युद्धमा जान प्रेरित गर्ने कमरेडले सहरमा घरघडेरी जोडेको देखे। क्रान्तिकारी भूमिसुधारको नारा दिने कमरेड जग्गा प्लटिङ गर्दै हिँडेको देखे। सर्वहारावर्गको सिद्धान्त सिकाउने कमरेड विलासी गाडीमा हुइँकिएको देखे। जनवादी संस्कृति सिकाउने कमरेड गेरुवस्त्रमा मन्दिर गएर पूजाआजा गरेको देखे। बुर्जुवा शिक्षाको नारा सिकाउने कमरेडले छोराछोरीलाई सहरका 'तारे' बोर्डिङमा पढाएको देखे।

उनले अरू केके देखे ? थाहा छ ?

कमरेडहरूले 'सलाम कमरेड' भनेर गरिने अभिवादन 'नमस्ते' मा फेरिएको देखे। कमरेडबाट 'सर' र 'मेडम' भएको देखे। 'सर' का औँला र 'मेडम' का घाँटीमा सुन फुलेको देखे। भातलाई 'भुजा' र बोलीपिच्छे '..सियोस्' थपिएको सुने। अँ प्युठानको त्यो मगर ठिटो। अर्थात् जनयुद्धका एउटा सिपाही। उनले जनयुद्धका आरोहअवरोह सम्झिए र नजानिँदो गरी गम खाए। के सम्झिए कुन्नि ? उनले घरिघरि प्रचण्ड, बाबुराम, वर्षमान, कृष्णबहादुर महरा, पासाङलाई सम्झिए। त्यसपछि मुन्टो हल्लाउँदै लामो सास फेरे, 'लडाइँमा धेरैको रगत बग्यो। अङ्गभङ्ग भए। धेरै कमरेडहरूलाई गुमायौँ। महान् सहिदहरूले धेरै सपना देखेका थिए। तर ती सपनाहरू एकैरातमा उडायो हुरीले।'

अँ, मैले उनलाई बाहुनडाँडामा भेट्दा निकैबेर नियालेँ। उनका सपनाहरूका पखेटा कच्याककुचुक थिए। रोगले थला परेजस्तै देखिन्थे। विगत सम्झँदा उज्यालो थिएन उनका अनुहार। उनले जनयुद्धमा नेताहरूको सेन्ट्री गरेको पल सम्झिए। सेनाले गिरफ्तार गरेर ब्यारेकमा कठोर यातना पाएको सम्झिए। भाबाङ, भालुबाङ, बेनी, बुटवल, तौलिहवा, सुनवल, धरमपानी, तीनगिरेलगायत दर्जनौँ स्थानहरूमा आक्रमण गर्दाका क्षण सम्झिए। आफ्नै खुट्टामा गोली लागेर घाइते भई ढलेको क्षण सम्झिए। घाइते कमरेडलाई रक्तमुच्छेल बोकेर सुरक्षित स्थान पुऱ्याएको सम्झे।

त्यसपछि ?

खुट्टामा गोलीको दाग देखाउँदै ङिच्च नक्कली हाँसो हाँसे। जनयुद्धको आँधीमा हुर्रिएको त्यो एउटा छापामार योद्धा। शान्तिप्रक्रियासँगै उनले 'सर' र 'मेडम' आफ्ना सालासाली, भान्जाभान्जी च्यापेर सहर छिरेको देखे। उनले आफूलाई हेरे र भने- 'आफू न त सरका साला परियो, न मेडमका कोही।'

०००

हामी बर्खाको झरीमा बाहुनडाँडाको धुरीमा पुग्यौँ। बाटोभरि चुत्रो पाकेको छ। पलम र आरुको मौसम रहेछ। आकाशमा डम्म कुहिरो छ। ढुङ्गाले छाएको त्यो पुरानो गोठ। गोठको आँटीमा 'कम्युनिस्ट स्कुल' चलेको छ। मध्यान्तरमा ती कमरेड र म चौरतिर निस्कियौँ र सुस्तायौँ केहीबेर गुराँसको फेदमा। उनी कहिले भेटौँला र भनम्ला भनी साँचेर बसेजस्तै बोल्न थाले। जो सङ्गालिएका थिए जिन्दगीका सुखम-दुखम, प्युठानको डाम्रीगाउँदेखि जनयुद्धको आँधी हुँदै बाहुनडाँडाको यात्रासम्म। ओहो ! जनयुद्धका ती दिन। शान्तिप्रक्रिया र फेरि नयाँ क्रान्तिपछिको अप्ठ्यारा दिन। यी र ती यात्रा जति अप्ठ्यारा थिए र छन्, उति नै गर्विला पनि लाग्छन् उनलाई। शान्तिप्रक्रियाका बाँकी दिन ? उफ् ! मनमा एकप्रकारको भाउन्न हुँदोरहेछ उनलाई। यहाँ किन आएको त नि ? प्रश्न नसकिँदै उनले भने, 'सहिदका सपना त पूरा गर्न परो नि !' उनी जीवन र भविष्यप्रति निरास देखिन्नन्।

उनले कहानीको पोको फुकाए- छापामारमा भर्ती भएदेखि अहिलेसम्मको लम्बे यात्रा। भयावह दिनका क्षणहरू सम्झँदा उनका आँखा रसाए। उनले लडाइँमा ढलेका घाइते र सहिद कमरेडहरूलाई सम्झिए। आफ्नै सहयोद्धा ढलेका क्षण सम्झिए। सहिदका सम्झनामा आयोजित श्रद्धाञ्जलीसभामध्ये सबैलाई रुवाउने सभाको घटना सुनाए। शान्तिप्रक्रियापछि प्रचण्डले भैँसीपूजा गरेको, तासको खालमा बसेको, महराले पास्चरसँग शिरमा हात राखेर आशीर्वाद मागेको, हिसिला यमीले मातासँग फोटो सेसन गरेको आदि देखेर उनले चित खाएछन्।

क्यान्टोनमेन्टभित्रको रामकहानी पनि सुनाए। क्रान्तिमा 'मुक्ति वा मृत्यु' को शपथ खाएर युद्धमा होमिएका उनी जब क्यान्टोनमेन्टभित्र छिरे, वर्षदिन तलब नआउँदा उनको मन चसक्क भएछ। नेता र कमान्डरको तामझाम र कार्यकर्ताको दशा देखेर एकपालि होइन, लाखपालि गम खाएको प्रसङ्ग सुनाए। तर क्यान्टोन्टमेनभित्र सबै त्यस्तो नभएको प्रस्ट्याए।

त्यसपछि ?

उनले सुनाए- 'सुरुमा नेताहरू हिँडेर आउँथे, फाट्टफुट्ट मोटरसाइकलमा आउन थाले। बिस्तारै गाडीमा आउन थाले। त्यसपछि राता गाला बनाएर कालोकोटमा चिटिक्क परेर स्कार्पियोमा आउन थाले र भान्साहरू भिन्नाभिन्नै पाक्न थाले।' उनले क्यान्टोनमेन्टमा कमरेड विप्लव र अनन्तलाई भेटेको प्रसङ्ग पनि सुनाए। विप्लव कमरेडले भनेछन् रे, 'पार्टी बिग्रियो। सहिदका सपना पूरा हुने देखिएन। प्रचण्ड झन् बिग्रिए।'

क्यान्टोनमेन्टमा उनलाई बसिनसक्नु भएछ। कैयौँ कमरेडहरू क्यान्टोनमेन्टबाट निस्किएका रहेछन्। ती निस्किएका कमरेडहरूको नाउँमा आएका करोडौँ पैसाभित्रै हिनामिना हुँदोरहेछ। नेताहरूले जनमुक्ति सेनालाई शाहीसेनामा विलय गराउन लागेको बुझेपछि उनले अवकाशमा जाने निर्णय गरेछन्। उनलाई जनयुद्धमा लडेर कायम गरेको इतिहास क्षणभरमा नै बालुवामा पानी खन्याएजस्तै भएछ। नेताहरू रिसोर्ट, तारे होटेल, सिङ्गापुर, मलेसिया, अमेरिका भ्रमणतिर तर कार्यकर्ताहरू भने जुत्ता फेर्न नसकेर हरिबिजोक। उनले भने, 'चीनमा त सत्ता आएपछि प्रतिक्रान्ति भयो। तर यहाँ त नआउँदै भयो।'

०००

'केही थान मान्छेहरूलाई बालुवाटार पठाउनलाई मात्रै हो यत्रो बलिदान ?' उनको प्रश्नले मलाई पनि भाउन्न भयो र सम्झिएँ मैले- सानै उमेरमा घर छाडेर हिँडेको त्यो तन्नेरी छापामार लडाकु। क्यान्टोनमेन्टको काँडेतारभित्र बिताएका उसका कठोर दिन। सहिदका रगत कुर्सीसित साटेर मस्तीको जिन्दगी जिइरहेका 'सर' र 'मेडम' पनि आए आँखामा। सपना पूरा नहुँदै भत्किएको उनको ती निश्छल अनुहार सम्झेर मन भरङ्ग भयो।

अवकाश लिएर घर फर्कंदा पराजित महसुस भएपछि रोजीरोटीका लागि उनी हान्निए साउदीतिर। साउदीमा पनि दोहोरिए दुःखका दिनहरू उसैगरी। उनले साउदीमा थुप्रै छापामार भेटेको सम्झिए। उनले भने, 'शान्तिप्रक्रियापछि नयाँ वर्गको जन्म भयो। तिनलाई सखाप नपारी कसरी गरिबका दिन आउला र ?'

०००

जनयुद्धले केही थान मान्छेहरूका जीवन फेऱ्यो तर सहिद, बेपत्ता, घाइतेहरूका सपना जस्ताको तस्तै छन्। उनले जिन्दगीको सबैभन्दा ऊर्जाशील याम छापामार भएर बिताए। तर उनका सपना पूरा भएन। फेरिए त 'सर' र 'मेडम' का सपना र जीवनशैली। उनी भन्छन्, 'जनयुद्धमा भएको त्याग, बलिदान र सङ्घर्षका 'लेखा' हुनै बाँकी छ। एक-एक हिसाब हुनेछ र दिल खोलेर हाँस्ने दिन आउनेछ कुनै दिन जरुर।'

ओ, लालगद्दारहरू हो ! नरबहादुर थापामगर अर्थात् 'गम्भीर' का आँखाका तुफानी सपनाहरू तिम्रो बन्दुक र दमनले रोकिएलान् कि अझ विस्फोट होलान् ?

०००

## भारतद्वारा मिचिएको भूमि फिर्ता नहुँदासम्म आन्दोलन गर्ने विद्यार्थीको उद्घोष

■ रातो खबर संवाददाता/बुटवल

नेपाल कम्युनिस्ट पार्टी निकट विद्यार्थी सङ्गठनले आइतबार रूपन्देहीको बुटवलमा निकालेको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरेको छ।

भारतले नेपाली सीमा मिचेर आफ्नो नक्सा बनाएको विरोधमा विद्यार्थीले त्यसको कडा विरोधका साथ बुटवलमा जुलुस निकालेका हुन्।

विरोधजुलुसबाट प्रहरीले विनोद विश्वकर्मा र शिशिर नेपालीलाई गिरफ्तार गरेको थियो। जुलुसमा सहभागी विद्यार्थीले अनेरास्ववियु (क्रान्तिकारी) लेखेको पर्चा भेटिएकाले गिरफ्तार गरिएको वडा प्रहरी कार्यालय रामनगर बुटवलले जनाएको छ। गिरफ्तार विद्यार्थीलाई केही घन्टा नियन्त्रणमा राखेर छोडिएको प्रहरीले जनाएको छ।

'कालापानी, लिम्पियाधुरा र लिपुलेक हाम्रो हो, भारतीय सेना नेपाली भूमि छोड्' लगायत नारा लगाउँदै विद्यार्थीले विरोध जुलुस निकालेका थिए।

अनेरास्ववियु (क्रान्तिकारी) लुम्बिनी क्षेत्रीय समन्वय समितिको आयोजनामा विरोध जुलुस निकालिएको हो।

बुटवलका योगीकुटी, कालिकानगर, देवीनगर, मिलनचोक, नयाँ बसपार्क, गोलपार्कबाट एकैसाथ विद्यार्थीले विरोध जुलुस निकालेका थिए।






विरोध जुलुसमा बुटवलका विभिन्न शैक्षिक संस्था तथा कलेजमा अध्ययनरत विद्यार्थीको सहभागिता थियो। जुलुसमा अन्य विद्यार्थी सङ्गठनमा आबद्ध विद्यार्थी र सर्वसाधारण नागरिक पनि सहभागी थिए।

विद्यार्थीको जुलुसलाई नियन्त्रण गर्न प्रहरीले कालिकानगर, चौराहा, मिलनचोक, गोलपार्कमा प्रयास गरे पनि नियन्त्रण गर्न सकेको थिएन। जुलुस सुरु हुनुअघि नै सम्बन्धित ठाउँमा पुगेर प्रहरीले बिथोल्न खोजे पनि बिथोल्न सकेन। स्कुल, कलेजको पोसाकसहित हातमा कापी र किताब बोकेका विद्यार्थीले प्रहरी प्रशासनलाई चुनौती दिँदै भारतीय अतिक्रमणविरुद्ध नारा लगाएका थिए।

बुटवलको मिलनचोक, चौराहा र कालिकानगरबाट प्रहरीलाई आन्दोलनकारी विद्यार्थीले छक्याउँदै जुलुस अगाडि बढ्केको थियो। प्रहरीले जुलुसलाई रोक्न खोज्दा विद्यार्थीले प्रहरीलाई तपाईंहरू भारतीय हो कि नेपाली हो भन्दै प्रश्न गरेपछि आक्रोशित मुद्रामा देखिएको प्रहरी मूकदर्शक बनेको थियो। 'भारतले अतिक्रमण गरेको भूमि फिर्ताका लागि सहयोग गर्नुस् अङ्कल' भन्दै विद्यार्थीले प्रहरीहरूलाई आग्रहसमेत गरेका थिए।

भारतीय साम्राज्यवादले नेपाली भूमि अतिक्रमण गरेकाले अतिक्रमित भूमि फिर्ता गराउन आन्दोलन जारी राखिने विद्यार्थीले बताएका छन्। अनेरास्ववियु (क्रान्तिकारी) लुम्बिनी क्षेत्रीय समन्वय समितिका संयोजक तथा केन्द्रीय सचिवालय सदस्य वीरेन्द्र विकले नेपाली भूमि फिर्ताका लागि आन्दोलन जारी राख्ने बताए। उनले केपी वली नेतृत्वको सरकार भारतविरुद्ध बोल्न डराएको रसामान्य विज्ञप्ति निकालेर जनताका अगाडि तर्किने काम गरेकाले यो सरकारको पनि कडा विरोध गरिने उनले बताए।

विद्यार्थीले बुटवलको पुष्पलालपार्क, मिलनचोकमा कोणसभासमेत गरेका थिए। नेपाली भूमि मिचेर भारतले बनाएको नक्कली नक्सा नसच्याउँदासम्म आन्दोलन निरन्तर अगाडि बढाइने वक्ताहरूले बताएका थिए। प्रहरी प्रशासनले जुलुसको नेतृत्व गर्ने नेताको खोजी गरे पनि चिन्न नसकेको एक विद्यार्थीले बताए।

कविता

### म ठूलो जेलमा छु कमरेड

■ भैरव

*तिमी गोलघरमा छौ।*
*म खुला आकाशमा रहेर पनि कैदी*
*तिमी बन्द कोठाको कैदी...*
*फरक यति छ*
*तिमीलाई आफू गुमनाम लाग्छ*
*मलाई म असुरक्षित लाग्छु ....*
*तिमी गोलघरभित्र बन्दी बनेका छौ*
*म खुला आकाशमुनिको प्रतिबन्धित मान्छे*
*तिमीले गोलघरमा भोगेको यातना सुन्छु*
*लाग्छ म बारुद भएर पनि पड्किन सकिनँ*
*तिमी त अर्कैको कब्जामा छौ कमरेड*
*तिमीले चिसो छिँडीमा काटेका रात सम्झन्छु*
*त्यस्तै चिसो रात मैले जङ्गलमा काटेको छु...*
*तिमीले गोलघरभित्र नुन नलागेको तरकारी सम्झँदै गर्दा*
*म पनि भोकभोकै हिँडेर गिठा, भ्याकुर खाएको सम्झन्छु।*
*म ठूलो जेलमा छु कमरेड*
*तिमी गोलघरमा छौ*
*तिमीले दुस्मनको लाठी सहँदै गर्दा*
*मैले सुखी जीवन जिएको छैन कमरेड*
*तिमीले नुन नलागेको दालभात खाँदै गर्दा*
*म सुखले मात्तिएको छैन कमरेड।*
*तिमीले लाठीको डर मान्दै गर्दा*
*म दुस्मनका पेस्तोलको निशानामा छु*
*त्यसैले म भन्छु-*
*म ठूलो जेलमा छु कमरेड।*
*तिमी गोलघरमा छौ*
*तिम्रो सपना, मेरो सपना अनि हाम्रो सपना*
*यो नेपाल आमाको साझा सपना हो कमरेड*
*यो सपान हामीले पूरा गर्नुपर्नेछ*
*तिमीले गोलघरभित्र लाठी सहँदा*
*म बाहिर छातीमा बन्दुक थाप्न तयार छु*
*तिमी भित्र असह्य पीडा सहनू*
*म बाहिर सहिद बन्नु परे बनौँला*
*तिमी बसेको गोलघरभन्दा*
*म बसेको खुला आकाश झनै असुरक्षित छ*
*त्यसैले तिमीले आत्मसमर्पण नगर्नू*
*तिमी कायर होइनौ*
*तिमी क्रान्तिकारी हौ*
*तिमी नेपाल आमाका सपूत हौ।*

### फर्किआऊ साइँला दाइ

**वीरेन्द्र शाह**

*फर्किआऊ साइँला दाइ घर-देशमा*
*बिरानोबिरानो लाग्छन् सबै परदेशमा*

*परदेशमै कतिखेर फाल्छौ जवानी*
*के हुन्छ ? प्रियसीसँगै जुनी काट्ने कहानी*

*मातृभूमिले बोलाएको छ अब आउनुपर्छ*
*साङ्लोले कैद छ उसलाई मुक्त गर्नुपर्छ*

*सहनु हुन्न अब अर्काको गुलामी*
*बरु होस् हाम्रो लासको सलामी*

*फर्किआऊ है साइँला दाइ...*
*जहाँ बगेको छ सहिदको रगत*
*नफाल खेर विदेशमा जवानी*

*आऊ यहाँ लेखिदिऊँ स्वतन्त्रताका कथाहरू*
*बुझिदिऊँ निमुखा र उत्पीडितका व्यथाहरू*

*दुनियाँलाई सम्झाइदिऊँ*
*गुलामै बनेको देशको कहानी*
*घर-देश फर्किआऊ साइँला दाइ*
*देश माग्दैछ बलिदानी !*

## नेकपाले गाड्यो ...

नारा लेखेर नेकपाले जनकारबाहीको अपिल गरिएको ब्यानर टाँगेको छ।

झापाका दर्जनौं स्थानमा यसप्रकारका ब्यानर टाँगिएको जिल्ला सेक्रेटरी श्रीजङ्गले बताए। झापामा पार्टीले विगतदेखि नै जनकारबाही सञ्चालन गर्दै आएको भए पनि यसलाई अझ तलतलसम्म लैजाने र समाजलाई सफा र स्वच्छ बनाउन आफूहरूले जनकारबाही सञ्चालनका निम्ति जनतालाई अपिल गरेको उनले बताए । उनले भने, 'जनताको साथ हामीलाई छ। हामी जनकारबाहीको नेतृत्व गर्न तयार छौं।'

नेकपाले जिल्लामा 'दलाल पुँजीवादी गणतन्त्रको विकल्प वैज्ञानिक समाजवाद स्थापना गरौं, वैज्ञानिक समाजवाद स्थापनाको दिशामा अघि बढौं, दलाल संसदीय सत्ता खारेज गरौं, जनसत्ता लागू गरौं' लगायत नारा लेखिएका ब्यानर पनि दर्जनौं सार्वजनिक स्थानमा टाँगेको छ।

झापाका विभिन्न स्थानमा विगतदेखि भारतीय साम्राज्यवादले सीमा मिच्दै आएकोमा नेकपा गम्भीर देखिएको छ । नेकपाका कार्यकर्ताहरूले झापाका भारतसँग सिमाना जोडिएका स्थानमा पर्ने सीमा पिल्लरहरूमा झन्डा गाडेका छन् । दर्जनौं स्थानमा झन्डा गाडिएको सेक्रेटरी श्रीजङ्गले बताए । उनले भने, 'झापा करिब २०० स्तम्भहरू पछिल्लो १० वर्षमा हराएको तथ्याङ्क छ । हामी ती स्तम्भहरू खोज्दैछौं । हामी विज्ञहरूसँग छलफल गरेर साबिक स्थानमा सीमा पुनर्स्थापित गर्न प्रयत्न गर्छौं । साथै त्यसका निम्ति सरकारलाई दबाब दिन्छौं।'

न्यायमाथि प्रतिबन्ध लगाएर दलाली गरिरहेको सरकार चुप लागेर बसे पनि सिमानामा आफूहरू बलिदान दिएर लड्न तयार रहेको उनले बताए । आफूहरूलाई जनताको साथ रहिरहने उनको भनाइ छ।

## होस्टेलमा आफैले ...

विद्यार्थी, अभिभावक र जनताविरुद्ध मेडिकल माफियाको संरक्षणका खातिर आफ्नो घिनलाग्दो नाङ्गो हस्तक्षेपमा उत्रेको छ । यस्तो घिनलाग्दो षड्यन्त्रको भन्डाफोर गर्दै प्रतिकार गर्न र मेडिकल माफियालाई जरैबाट उखेलेर फाल्दै सर्वसुलभ मूल्यमा चिकित्सा शिक्षा हासिल गर्ने र सबै जनताका छोराछोरी डाक्टर बन्ने सपना साकार पार्न सबै विद्यार्थी, युवा, बुद्धिजीवी, पत्रकार, स्वास्थ्यकर्मी र राष्ट्रसेवक कर्मचारीहरूमा अपिल गर्न चाहन्छु।'

संयोजक चन्दको विज्ञप्तिको आरम्भमै भनिएको छ, 'नेपालमा मेडिकल शिक्षा र स्वास्थ्य सेवा दिनानुदिन निकै भयावह र कहालीलाग्दो अवस्थाबाट गुज्रिरहेको छ। कम्युनिस्ट भनिने दुई तिहाइको सरकार कहिले समाजवाद उन्मुख भन्छ त कहिले सुखी नेपाली समृद्ध नेपालको ढोङ पिट्छ तर यहाँ दिनदाहडै निर्मला बलात्कृत हुन्छिन्, दिनदाहडै सस्तो एप्रोनलगायत विद्यार्थी कुटिन्छन्, बन्धक बनाइन्छन् । मेडिकल शिक्षा लिइरहेका हजारौं विद्यार्थीले चिकित्सा शिक्षा सङ्घर्ष समिति बनाएरै मेडिकल माफिया, भ्रष्ट र दलालका विरुद्ध र राज्यले गरेको निर्णय लागू गराउन सङ्घर्षमा होमिएको आज ३ महिनाभन्दा बढी भइसक्यो भने डा. गोविन्द केसी १७ औं पटकसम्म जीवन-मरणको अनशन बसिसकेका छन्। सङ्घर्षका क्रममा विद्यार्थीलाई कहिले प्रहरी प्रशासन लगाएर कुटियो, धम्की दिइयो त कहिले भारतीय गुन्डाहरूको प्रयोग गरी मरणासन्न हुनेगरी कुटियो।'

चन्दले अगाडि भनेका छन्, 'राज्य न मेडिकलसम्बन्धी शिक्षा नीति बनाउन सक्छ, न त गरेको निर्णय लागू गर्न सक्छ। सरकार आज मेडिकल माफियाको अगाडि लम्पसार परेको छ । चुनावमा लिएको पैसाका कारण आज सरकारका जिम्मेवार व्यक्तिहरू मेडिकल माफियाका अगाडि रोइकराइ गरिरहेका छन् । राज्य नै माफियाले चलाएको छ र राज्य नै आज यो सङ्घर्षका विरुद्ध, विद्यार्थीका विरुद्ध, अभिभावकका विरुद्ध जस्तोसुकै षड्यन्त्र गर्न तयार छ र गरिरहेको छ। प्रहरी प्रशासनको कार्य सम्पादनप्रति न विद्यार्थीको भरोसा छ, न त अभिभावक र जनताहरूको किनकि प्रहरी प्रशासनलाई आज माफियाले राज्यमार्फत आफ्नो अनुकूलतामा निमुखा जनतालाई दमन गर्ने, फसाउने, दबाउने साधनका रूपमा प्रयोग गरेको छ। यस्तै षड्यन्त्र आज चितवन मेडिकल कलेजमा प्रहरी प्रशासनले माफियाको इसारामा विद्यार्थी र माफियाविरुद्धको सङ्घर्ष समाप्त पार्नका लागि गरेको छ । कैलाशनगरमा रहेको सीएमसीको होस्टलमा बिहानबाट कलेजका कर्मचारी अरुण कोइराला र प्रिन्सिपल ममता तिवारी घुमिरहेका थिए। सँगै प्रहरी पनि बर्दी र सादा पोसाकमा थिए।'

घटनाबारे जानकारी दिँदै चन्दले भनेका छन्, 'आज ८ गते हुन लागेको मेडिकल माफियाविरुद्धको विशाल विरोधर्याली र विरोधसभाको काम मैले साथीहरूको सहयोगमा गरिरहेको थिएँ । सबै काम सकिएपछि होस्टलबाट साथीहरूले भोलिको कार्यक्रमका लागि छलफलमा बोलाउनुभयो र म त्यता हिँडेँ । होस्टल अरू बेलाजस्तै सामान्य थियो म सीधै होस्टलनजिक बीडीएस हलमा गएँ । त्यहाँ ब्यानर र पम्पलेट बनाइरहेका साथीहरूसँग भेटेँ र एकछिन छलफल गरेँ। झन्डै ३५ मिनेट भएको थियो। गार्ड दाइ आउनुभयो र तपाईं र प्रविनलाई मूल गेटमा प्रहरीले बोलाएको छ भन्नुभयो म। साथीहरूसहित गएँ। त्यहाँ बाक्लो प्रहरी थियो । मलाई साथीहरूले त्यता जान दिनुभएन। म फर्किएँ। मैले एकजना प्रहरीसँग यो के गर्न खोजेको भनेर सोधेँ। उनले भने- धेरै सेन्सेटिभ छ। अवैध सामानसहित मान्छे छिरेको छ र तपाईंलाई पक्राउ गर्ने भन्ने माथिको आदेश छ। उनले यसो भनेलगत्तै माफियाको मतियार एवम् बाच प्रिन्सिपल ममता तिवारी, अरुण कोइराला र प्रहरीहरू टिटी कोटतिर गएर त्यहाँ रहेका अन्य सादा पोसाकका प्रहरीले केही सामान राखेर फोटो खिचिरहेका थिए। त्यति देखेपछि म अर्को बाटोबाट बाहिर निस्किएँ र केही समयपछि होस्टलमा हतियार भेटियो भन्ने भ्रमपूर्ण र षड्यन्त्रपूर्ण समाचार बाहिर ल्याइयो। हो, यही षड्यन्त्र थाहा पाएर म बाहिर निस्किएको थिएँ । केहीबेर विद्यार्थी भित्र नै बन्धक बनाइएका थिए । हिजोसम्म मौन बसेको राज्य विद्यार्थीलाई न्याय दिनुको साटो आज डरलाग्दो षड्यन्त्रसहित विद्यार्थी, अभिभावक र जनताविरुद्ध मेडिकल माफियाको संरक्षणका खातिर आफ्नो घिनलाग्दो नाङ्गो हस्तक्षेपमा उत्रेको छ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'यस्तो घिनलाग्दो षड्यन्त्रको भन्डाफोर गर्दै प्रतिकार गर्न र मेडिकल माफियालाई जरैबाट उखेलेर फाल्दै सर्वसुलभ मूल्यमा चिकित्सा शिक्षा हासिल गर्ने र सबै जनताका छोराछोरी डाक्टर बन्ने सपना साकार पार्न सबै विद्यार्थी, युवा, बुद्धिजीवी, पत्रकार, स्वास्थ्यकर्मी र राष्ट्रसेवक कर्मचारीहरूमा अपिल गर्न चाहन्छु।'

## नेकपाले पार्टी पुनर्गठन ...

दलाल पुँजीवादी संसदीय व्यवस्थालाई ध्वस्त गरेर वैज्ञानिक समाजवाद स्थापना गर्न एकीकृत जनक्रान्तिको प्रक्रियामा आउन सबै जनतालाई अपिल गरे।

त्यस्तै ब्युरो इन्चार्ज अनुले मेची र कोसीका न्यायप्रेमी जनसमुदायलाई पार्टी पुनर्गठन दिवसका अवसरमा शुभकामना दिँदै दलाल संसदीय व्यवस्थाको अन्त्य गरेर मात्र जनता सबैखाले अत्यचार बाट मुक्त हुने भएकाले यसका निम्ति एकीकृत जनक्रान्तिको प्रक्रियामा आउन अपिल गरेकी छिन्।

### महानगरभित्रै पार्टी पुनर्गठन दिवस सम्पन्न

नेपाल कम्युनिस्ट पार्टीले छैटौं पार्टी पुनर्गठन दिवस देशैभरि भव्य रूपमा मनाइरहँदा चितवन जिल्लामा पनि पुनर्गठन दिवस मनाइएको छ। भरतपुर महानगरपालिकाभित्रै कार्यक्रम सम्पन्न गरिएको हो । कार्यक्रमको अध्यक्षता जगदीश शर्मा, प्रमुख अतिथि जिल्ला इन्चार्ज शार्दूल, अतिथि जिल्ला सेक्रेटरी विजय शर्मा र जिल्ला सदस्य दोर्जे लामा रहेका थिए । नेता-कार्यकर्ता, पार्टी समर्थक, शुभचिन्तक र आमजनताको सक्रिय सहभागितामा पुनर्गठन दिवस मनाइएको हो।

चितवन मेडिकल कलेजमा विद्यार्थीहरूले विरोध प्रदर्शन गरिरहेकोमा पार्टीको साथ र समर्थन रहने पनि कार्यक्रममा सहभागी नेताहरूले बताएका थिए।

त्यसैगरी कालीकोट जिल्लामा पनि पार्टी पुनर्स्थापना दिवसका अवसरमा भव्य जनसभा सम्पन्न भएको छ । सभामा नेकपाका भेरी-कर्णाली ब्युरो सदस्य भीष्म शाही, अखिल क्रान्तिकारीका भेरी-कर्णाली ब्युरो संयोजक पुष्प न्यौपाने, अनेमसङ्घ क्रान्तिकारीकी केन्द्रीय सदस्य शान्ति विक, पार्टीका एरिया इन्चार्ज कञ्चन शाही, जिल्ला सल्लाहकार सदस्य समग्रले बोलेका थिए।

पार्टी पुनर्स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा वक्ताहरूले दलाल संसदीय व्यवस्थाको अन्त्य गरी राष्ट्रिय स्वाधीनतासहितको वैज्ञानिक समाजवाद स्थापना गरिने बताए । वक्ताहरूले कालीकोटका दलाल भ्रष्टहरूलाई दमाहा बजाएर लखेट्न आमजनसमुदायलाई अपिल गरेका थिए।

कार्यक्रममा जिल्ला सल्लाहकार समग्रले पनि बोलेका थिए । उक्त कार्यक्रममा ८ जना सहिद परिवारलाई सम्मान गरिएको थियो। कार्यक्रममा घाइते र जेलमा बन्दी भएकाहरूका परिवारलाई सम्मान व्यक्त गरिएको थियो। प्रमुख अतिथिले सहिदको सपना पूरा गरेरै छोड्ने बताएका थिए। सभाको अध्यक्षता एरिया इन्चाज महेन्द्र शाहीले गरेका थिए।

### पार्टी पुनर्गठन दिवसका अवसरमा शुभकामना आदान प्रदान

नेपाल कम्युनिस्ट पार्टी कपिलवस्तु जिल्लाले पार्टी पुनर्गठन दिवसको अवसर पारी शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको जनाएको छ।

जिल्लाको शिवराज न.पा. ९ अञ्चलपुर, बुद्धभूमि न. पा. ३ वक्तापुर, वाणगङ्गा न. पा. ३ बभनी, शुद्धोधन गा.पा. ६ बाँसखोरलगायत ठाउँमा नेकपाले विशेष कार्यक्रम आयोजना गरेको हो । शुभकामना आदानप्रदान कार्यक्रममा जिल्ला इन्चार्ज जुझारुले एकीकृत जनक्रान्तिले उचाइ हासिल गरेको र श्रमिक जनताको विजय सुनिश्चित रहेको बताए । दलाल पुँजीपतिहरू नाङ्गिँदै गएको र उनीहरूले जनतामा छरेको भ्रम मेटिँदै गएकाले जनतालाई एउटा अन्तिम लडाइँका लागि तयार रहन उनले अपिल गरे।

त्यस्तै अर्को कार्यक्रमलाई सम्बोधन गर्न पुगेका जिल्ला सेक्रेटेरी शेरमानले सहिद तथा बेपत्ता परिवारका सपना पूरा गर्न एकपटक आफूहरू सहिद हुन तयार रहेको उद्घोष गरे। उनले भने, 'हिजो पनि जनताका सपनाका लागि हाम्रा सपनाहरू बलिदान गरेका हौं । आज पनि जनतालाई बचाएर बलिदान दिन तयार छौं । एकदुईजना गिरफ्तार गर्दैमा क्रान्ति रोकिँदैन।'

नेकपाका अर्का जिल्ला नेता सुनीलले पनि एकीकृत जनक्रान्ति नै अबको मुक्तिको बाटो भएको बताए । उनले देश बेच्नेहरूलाई जनताले ठेगान लगाउने भन्दै क्रान्तिको ज्वारभाटा छिट्टै विस्फोट हुने बताए।

कार्यक्रममा सहिद तथा बेपत्ता परिवार, नेता-कार्यकर्ता तथा शुभेच्छुकदेखि सयौंको सङ्ख्यामा जनताको उपस्थिति थियो । कार्यक्रममा आजीवन क्रान्तिकारी विचारधारामा रहेर कम्युनिस्ट कित्तामा उभिएका पुराना नेताहरूलाई सम्मानसमेत गरिएको थियो। शिवराज ९ बाट जमलाल विक 'राजन' र वाणगङ्गा १० बाट यमबहादुर सुनार 'अशोक' लाई इन्चार्ज, सेक्रेटेरीलगायतले अभिनन्दन गरेका थिए। नेपाल कम्युनिस्ट पार्टीले ६ वर्षअघि वैद्य समूहसँग विद्रोह गरी नयाँ पार्टी पुनर्गठन गरेको थियो । सोही अवसरमा देशभर विभिन्न कार्यक्रमहरू सम्पन्न भएका हुन्।

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्चले शुभकामना आदान प्रदान कार्यक्रम काठमाडौंको म्हैपीमा सम्पन्न गरेको छ । उक्त कार्यक्रम जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय अध्यक्षको पहलकदमीमा भएको थियो । कार्यक्रममा शुभकामना आदान प्रदान गदै ' जनगणतान्त्रिक मञ्च केन्द्रीय सदस्यहरुले पार्टीको लोप्रियताका कारण प्रतिबन्ध लगाएता पनि अगाडि बढ्नबाट नरोकिने बताएका थिए। उक्त कार्यक्रममा जनगणतान्त्रिक मञ्चका केन्द्रीय सदस्यहरु तथा जिल्ला संयोजकहरु लगायतको बाक्लो उपस्थिति रहेको थियो।

## देश युद्धमा जाने ...

गर्दासमेत रोक्न निर्देशन दिने प्रशासकप्रति असन्तुष्टि पोखेका थिए।

कार्यक्रम हुनुपूर्व प्रशासनले कार्यक्रम रोक्न भन्दै विभिन्न माध्यमबाट चेतावनी दिएको थियो । सङ्गठनले शान्तिपूर्ण ढङ्गले कार्यक्रम आयोजना गर्दागर्दै हस्तक्षेप गरिएमा जसरी पनि कार्यक्रम गर्ने अडान लिँदा पनि व्यापक प्रहरी परिचालन गरिएको र कार्यक्रम स्थगित गर्न भन्दै प्रशासनले ताकेता गरेको थियो। कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेलले राजनीतिक विचारसँग असहमति र ाख्दैमा राजनीतिक शक्तिलाई प्रतिबन्ध लगाउने सरकारी कदमको भर्त्सना गरेका थिए । कट्टेलले पछिल्लो समय नेपालमा मानवअधिकार र प्रेस स्वतन्त्रता हात्तीको देखाउने दाँत मात्रै भएको टिप्पणी गरे। उनले मानवअधिकारको अवस्था कमजोर बन्दै गएको टिप्पणी गर्दै प्रतिकूल परिस्थितिलाई सरकारले गम्भीरतापुर्वक नलिएमा देश युद्धमा जाने धारणा र ाखे। नेता कट्टेलले भने, 'एउटा कम्युनिस्ट पार्टी सर कारमा छ । अर्को कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाइएको छ। यो कस्तो कम्युनिस्ट शासन हो ?'

एक अर्को प्रशङ्गमा कट्टेलले माओबादी जनयुद्ध र झापा विद्रोहबाट आएका शक्तिहरूले खुला र ाजनीतिक गतिविधिसमेत गर्न नदिनुले निरङ्कुशताको सङ्केत गरेको बताए। जनयुद्धकालमा जस्तै अहिले पनि कम्युनिस्ट नाम गरेको सरकारले एउटा र ाजनीतिक दलका कार्यकर्तालाई भिडन्तका नाममा हत्या गर्नु यो कस्तो लोकतन्त्र हो भन्दै उनले आक्रोश पोखे । विकास र समृद्धिको बहस चलाउने सरकार भ्रष्टाचार र अनियमितताबारे मौन रहेको उनको तर्क थियो।

कार्यक्रममा जनपत्रकार सङ्गठन नेपालका अध्यक्ष प्रकाश डुम्रेले प्रेस स्वतन्त्रता सङ्कटमा फस्दै गएको भन्दै मिडिया जगत् गम्भीर बन्नुपर्ने बताए। डुम्रेले शान्तिपूर्ण कार्यक्रम रोक्न प्रशासनले गरेको ज्यादतिको कडा शब्दमा निन्दा गरे । डुम्रेले प्रेस तथा अभिव्यक्ति र स्वतन्त्रताका पक्षमा बहस चलाउँदा राज्यले गिरफ्तार गरे गिरफ्तारी दिन तयार रहेको बताए।

कार्यक्रममा राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष दीपक पाण्डेले मानवअधिकार र अभिव्यक्ति स्वतन्त्रताका विषयमा सरकार गम्भीर बन्नुपर्ने बताए। उनले नक्कली कम्युनिस्टको शैली हेर्दा उदेकलाग्दो भएको भन्दै व्यङ्ग्य गरेका थिए।

नेकपा (क्रान्तिकारी माओवादी) का नेता उत्तम थापाले सरकारले न्यूनतम् कम्युनिस्ट आचरण भुलेको भन्दै सरकारी रबैयाले पञ्चायतकालको झल्को दिएको टिप्पणी गरे । नेपाल बार एसोसिएसनका प्रतिनिधि तेजप्रसाद शर्मा र नेपाल पत्रकार महासङ्घका प्रदेश कोषाध्यक्ष दीपक भट्टर ाईले पत्रकारको कार्यक्रममा हस्तक्षेप गरिए महासङ्घ सडकसङ्घर्षमा आउने चेतावनी दिए।

कार्यक्रममा नागरिक अगुवा डाक्टर माया गिरी, नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष श्रीराम सिग्देल, क्रान्तिकारी पत्रकार महासङ्घका महासचिव रामकुमार श्रेष्ठ, प्रेस युनियनका सचिव खगराज सापकोटा, फोनिजकी प्रदेश उपाध्यक्ष कमला थापा, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) नेता केदार पर ाजुली, इन्सेक प्रतिनिधि तीर्थ डुम्रे, मानवअधिकार कर्मी रमेश शर्मालगायतले बोलेका थिए । पत्रकारहरू, कानुन व्यवसायी, नागरिक समाजका अगुवा, प्राध्यापकलगायतको उपस्थितिमा कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रम सङ्गठनका केन्द्रीय सदस्य शिव डुम्रेको अध्यक्षता र अनिल नेपालीको सञ्चालनमा सम्पन्न भएको थियो।

पछिल्लो समय मानवअधिकार र प्रेस स्वतन्त्रता कमजोर बन्दै गएको निष्कर्षसहित सङ्गठनले देशभर अभियान चलाएको थियो । राजनीतिक विचार र आस्थाका कारण नागरिक एवम् पत्रकारहरूमाथि धरपकड र गिरफ्तारी बढ्दै गएको बेला पत्रकार सङ्गठनले सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो।

# कालापानी नेपालको हो भन्नेहरूमाथि सशस्त्र र जनपद प्रहरी लगाएर दमन

सरकारले कालापानी, लिपुलेकलगायत नेपाली भूमि भारतले मिचेको विरोधमा प्रदर्शनमा उत्रिएका विद्यार्थीलाई सशस्त्र र जनपद प्रहरी लगाएर गिरफ्तार गरेको भन्दै नेकपाले घोर भर्त्सना गरेको छ । नेकपा दार्चुलाका इन्चार्ज आकाश र सेक्रेटरी लक्ष्मणले विज्ञप्ति जारी गरी राष्ट्रियताको रक्षाको माग गगर्दै प्रदर्शनमा उत्रिएका आफ्नो पार्टीको भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी) का जना नेता-कार्यकर्तालाई प्रहरी लगाएर गिरफ्तार गरेको भन्दै सरकारको तीव्र आलोचना पनि गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, 'यति बेला नेपाल कम्युनिस्ट पार्टी साम्राज्यवाद र घरेलु प्रतिक्रियावादका जनविरोधी कदमबिरुद्ध निर्मम तरिकाले सङ्घर्ष गरिरहेको छ। देशका शासकहरू विदेशी शक्तिको आडमा नेपाली जनतामाथि एकपछि अर्को उत्पीडन थोपरिरहेका छन् । आज शासकहरूको दलाल चरित्र दिनानुदिन जनताको बीचमा एकपछि अर्को गरी उदाङ्गो भइरहेको छ। भारतीय साम्राज्यवादको नेपालमाथिको उत्पीडन चरम बिन्दुमा पुगेको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'भारतीय साम्राज्यवादले नेपालको भूमि कालापानीलाई आफ्नो राजनीतिक नक्सामा समेटेर जाली नक्सा सार्वजनिक गरेको छ । त्यसको सच्चा देशभक्त र राष्ट्रवादी नेपाली जनताले विरोध गरिरहेका छन्। तर भारतीय साम्राज्यवादको कठपुतली प्रचण्ड-वलीमण्डली भने त्यसको विरोध गर्नुको साटो सडकमा शान्तिपूर्ण तरिकाले आन्दोलनमा उत्रिएका विद्यार्थीहरूमाथि दमन गर्न उद्यत रहेको छ।'

विज्ञप्तिमा भनिएको छ, 'त्यसैक्रममा नेकपाको भ्रातृ सङ्गठन अखिल क्रान्तिकारी सेती-महाकाली क्षेत्रीय समन्वय समितिले दार्चुलाको सदरमुकाम खलङ्गामा राष्ट्रियता सम्बन्धमा अयोजना गरेको विरोध प्रदर्शनमा वली-बादल नेतृत्वको प्रशासनले धरपकड गरेको छ । स्थानीय प्रशासनले सशस्त्र प्रहरी परिचालन गरी ६ जना विद्यार्थीलाई गिरफ्तार गरेको छ। त्यस्तै प्रहरी र सशस्त्र प्रहरीले गुन्डागर्दी शैलीमा विद्यार्थीहरूका झोला च्यात्ने, मोबाइल फाल्ने र विद्यार्थीमाथि कुटपिटसमेत गरेका छन्।'

इन्चार्ज र सेक्रेटरीले जारी गरेको विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'कालापनी, लिपुलेक र अन्य ठाउँमा भारतले गरेको अतिक्रमणका विरुद्ध शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका विद्यार्थीमाथि वली-प्रचण्डको सामाजिक फासिवादी हर्कतको घोर भर्त्सना गर्दै गिरफ्तार भएका सम्पूर्ण विद्यार्थीलाई बिनासर्त रिहाइको माग गर्दछौं । अन्यथा त्यसको कडा प्रतिवाद गरिनेछ।'

## दुई तिहाईको ...

नेता वामदेव गौतमले हालै सार्वजनिक गरेका छन् । देशभक्ति र राष्ट्रिय स्वाभिमानको पैरवी गर्दा आफ्नै सहकर्मीलाई कारबाही गर्ने वली नै देशको कार्यकारी प्रमुख भएको अवस्थामा कसरी सार्वभौम सत्ताको रक्षा हुनसक्छ भन्ने प्रश्न उठेको छ । सरकारले त्यसैलाई पुष्टि गर्ने गरी 'मिडिया खपत' बाहेक सिन्को भाँचेको देखिएको छैन।

सरकार टिकिरहनु मात्रै राजनीतिक स्थिरता होइन । जनतामा स्थिरताको बोध गराउनु, आशा जगाउनु, समस्याको समाधान गर्नु र जनताको नेतृत्व गर्नुमा राजनीतिक स्थिरता निहित हुन्छ । सरकारप्रति जनतामा व्यापक असन्तुष्टि र अविश्वास छ। त्यो घट्ने छाँटछन्द देखिएको छैन। सरकारले सीमा अतिक्रमण भएको (औपचारिक अर्थमा) एक महिना नाघिसक्दा पनि सीमा अध्ययन समिति गठन गरेको प्रचारबाजीबाहेक अरू कुनै सार्थक प्रयास गरेको छैन। सम्पूर्ण जनता र सरकारसमेत एकजुट भएर भारतीय अतिक्रमणका विरुद्ध राष्ट्रिय-अन्तर्राष्ट्रिय जनमत निर्माण गर्नुपर्ने समय हो यो । तर सरकारका कारण नागरिकहरू देशको रक्षा गर्न नसक्ने, जनताको नेतृत्व गर्न नसक्ने सरकार चाहिन्न भन्न थालेका छन् । यो विडम्बनापूर्ण अवस्था हो । भारतीय अतिक्रमण हुनुमा कतै सत्तारूढ पार्टीकै अदृश्य साँठगाँठ त छैन ? भन्ने आशङ्काहरू पनि उत्पन्न भएका छन् । आक्रोश र अविश्वासले अराजकता र विद्रोह नै निम्त्याउने हो । त्यसकारण देशमा दुई तिहाइ बहुमतको अस्थिरता पैदा भएको छ।

## छैठौं पार्टी पुनर्गठन ...

बनिरहेका छन्। कहिलेसम्म यी तमाम अपराधहरू जनताले सहन सक्छन् ? अब त्यो सम्भव छैन । अब विस्फोट हुनेवाला छ। नेपाली धर्तीमा विद्रोह भर्भराएर उठ्नेछ।

सामाजिक फासिवादी सत्ताका तमाम जनविरोधी हर्कत र राष्ट्रघातविरुद्ध सङ्घर्ष गर्ने ऊर्जा हामीलाई हाम्रो आदर्शले नै प्रदान गर्नेछ । हामीलाई बलिदान गर्नसक्ने उच्च मनोबल यही आदर्शले नै प्रदान गर्नेछ । दुनियाँलाई एउटै गतिमा हिँडाउने मनोविज्ञान पनि यही आदर्शले नै प्रदान गर्नेछ। यतिबेला हाम्रो आदर्शलाई हामीले दृढतापूर्वक बचाउनु नै हामीले क्रान्तिका अधुरा कामहरूलाई अगाडि बढाउनसक्नु हुनेछ।

माओवादी आन्दोलनको खरानीबाट उठेको नेपाली कम्युनिस्ट आन्दोलनको सपना धेरै चुनौतीहरूको सामना गरेर हुर्किएको छ। कमरेड पुष्पलालदेखि आज विप्लवसम्म आइपुग्दा यसले नेपाली जनताको आमकम्युनिस्ट, कम्युनिज्म अर्थात समतामूलक समाज निर्माणका लागि गरिएका सबै आन्दोलन, बलिदानीको क्रान्तिकारी कडीलाई जोडेको छ। यहाँसम्म आइपुग्नुले स्पष्ट सङ्केत गरेको छ- यसले दलाल संसदीय सत्ताको अन्त्य अनिवार्य गर्नेछ र यो नै दलाल संसदीय व्यवस्थाको विकल्प हो। यही नै क्रान्तिको मूलधार हो । जनताको अवश्य जित हुनेछ । वैज्ञानिक समाजवाद- साम्यवाद स्थापित भैछाड्नेछ।

आदर्शका लागि हिँडेका क्रान्तिकारीहरूका लागि जेल, नेल, हतकडी, दुःखकष्ट अनिवार्य विषय हुन्। यी सबै कुराको सामना गर्न हामी तयार हुनैपर्छ। यी हाम्रा गौरव हुन्। देशैभरिका कारागारमा रहेका क्रान्तिकारिहरू त्यहीँबाट गर्जिरहनु पर्दछ । पेरूमा कमरेड गोन्जालो दशकौंदेखि साम्राज्यावादी दलालहरूको बन्धक बनेर गर्जिरहनुभएको छ । उहाँको आदर्श विश्वभरिका श्रमजीवी गरिबहरूका निम्ति ऊर्जा हो भने दलाल पुँजीवादीहरूको विश्वशिविरका निम्ति धेरै ठूलो चट्टानी टक्कर हो।

जेल क्रान्तिकारिहरूका निम्ति विश्वविद्यालय हो । त्यहीँबाट उहाँहरूले क्रान्तिका निम्ति हाम्रो आदर्शलाई अझ उचो, स्पातिलो बनाएर चम्काइरहनुपर्छ। त्यसो हुंदा मात्र जनताप्रति न्याय हुनेछ। अनेकौं षड्यन्त्रहरू हुन सक्छन्। जेलभित्रै पनि बाहिरबाट दूषित र फोहोरी हावाहरू पुऱ्याउन केही काला बिरालाहरू लाग्न सक्छन् । यसप्रति सचेत बनेर जेल मोर्चाका अन्तिम समयसम्म सतिसाल बनेर उभिरहनुपर्छ। आमसहिद परिवारको यही छ अपेक्षा, यही छ सन्देश। उहाहरू भन्नुहुन्छ- हाम्रा परिवार गुमे हामी सहन्छौं तर तपाईंहरूले दलालहरूका अगाडि घुँडा टेकेको सहन सक्दैनौं । यसले के कुरा स्पस्ट गरेको छ भने दसौं हजार सहिदहरूको सपना पूरा गर्ने दायित्व हाम्रो काँधमा छ। हामीले उठाएको क्रान्तिको झन्डालाई दरोसँग समाउन जरुरी छ।

हुलाक द. नं. ११/०७२/७३ काठमाडौं जि.का. द. नं. १०७/०७१/७२
वर्ष ५, अङ्क २२, पूर्णाङ्क २१७
रातो खबर

नियमित

# उपचुनाव सक्रिय बहिष्कार गर्न मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपाल क्रान्तिकारीको अपिल

मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपाल क्रान्तिकारीले यही मङ्सिर १४ गते हुने भनिएको उपचुनाव सक्रिय बहिष्कार गर्न आह्वान गरेको छ। मोर्चाका संयोजक देवनारायणले अपिल प्रकाशित गर्दै यस्तो आह्वान गरेका हुन्। अपिलको पूर्ण विवरण यसप्रकार रहेको छः

कुनै पनि देशका जनता त्यो देशको सर्वशक्तिमान् अजेय शक्ति भएको हुँदा देशको राज्य सञ्चालन, विकास, समृद्धि, सुरक्षा, न्यायसम्मत सर्वोपरि अधिकार, स्वतन्त्रता र अमनचैन, राष्ट्रियता, सार्वभौमिकता, स्वाधीनताका लागि जनताको मत जाहेर हुन्छ। सामाजिक सम्झौता हुन्छ। सरकार र सत्ता बन्छ। जनतामा अन्याय-अत्याचार भएपछि सामाजिक सम्झौता भङ्ग भई सरकार र सत्ताको अन्त्य हुन्छ। राज्य सञ्चालनका निम्ति देशको सम्पूर्ण स्रोत, साधन, श्रम, कर देशको ढुकुटी (कोष) बन्छ। त्यही रकमले राज्य सञ्चालन र सम्पूर्ण जनताको अधिकार र सुविधाहरूको निर्वाह हुन्छ। यसलाई एकथरीले निजी बनाउँछ, अर्कोथरीले सामूहिक बनाउँछ। एकथरीले ब्रह्मलूट गर्छ, अर्कोथरीले जनताको वर्तमान र भविष्यको अधिकारका रूपमा जनहित चाहन्छ।

जनताको असमानता, अहितको प्रतिनिधित्व र हितको प्रतिनिधित्वबीचको सङ्घर्षमा आदिम साम्यवाद, दासयुगपछि विश्वको भूगोलमा देशहरूको निर्माण सामन्ती युग, राजा-महाराजा, सम्राट् हुँदै साम्राज्यवादसम्म हुन पुग्यो। एउटै देशको श्रम र स्रोतसाधनले पुगेन, अर्को देश कब्जा गरी श्रम र स्रोतसाधन लुट्न पुग्यो। कहाँसम्म भने अङ्ग्रेजले सम्पूर्ण भारतको भूभाग कब्जा गरेपछि नेपाली जनताको वीरताले पूरै देश कब्जा गर्न सकेन तर केही भूभागलाई औपनिवेशिक बनायो। महान् सेनानी कमरेड लेनिनले विश्व-उपनिवेशवादको अन्त्यको घोषणा र चुनौती दिँदा अङ्ग्रेजले भारतलाई मुक्त गऱ्यो। त्यसबखत रहेको नेपालको सम्पूर्ण भूभाग नेपालको हुने हो। यसमा साम्राज्यवादी भारतले नेपालमाथि बेइमानी गरेको छ। यो साम्राज्यवादीहरूको नियत नै बेइमान हुन्छ। यो सामन्तवादको भ्रूणबाट बुर्जुवा पुँजीवादको जन्म हुन्छ र बुर्जुवा पुँजीवादको भ्रूणबाट साम्राज्यवादको चरम सीमाले अहिले साम्राज्यवाद निगम पुँजीवाद हुँदै उत्तरसाम्राज्यवादमा फड्को मारेको छ। यसकारण उनीहरूको वैचारिक हतियार अध्यात्मवादी दर्शन हो। यसबाट नै जनतामा हिन्दु धर्म, इसाई धर्म, मुस्लिम धर्म, जिसस क्राइस्ट वा क्रिस्चियन धर्ममार्फत श्रमजीवी जनतामा अन्धविश्वास, भ्रम, धामीझाँक्री, बोक्सी, मानव जातिमा विभिन्न जाति, विभिन्न समुदायमा खर्बौं लगानी गरी फुटाऊ र शासन गरको नीति अख्तियार गर्दै मालिक र नोकरको संज्ञा दिन्छन्। यस विचारमा संलग्न कुनै पनि मानिसको हित हुँदैन। यो विचार र व्यवस्थाका काला कर्तुतहरू कतिसम्म क्रूर हुन्छन् भने आफूबाहेक अरू श्रमिक जनतालाई मानिस ठान्दैनन्। जनावरलाई राम्रो ध्येयले हेर्छन् तर मानिसलाई अवहेलना गर्छन्। उनीहरूका काला कर्तुतबारे बोल्न खोज्यो भने हत्या-हिंसा र दमनमा उत्रिन्छन्। विश्वमा करोडौँ मानिसको हत्या गरिसकेका छन्। बाँचेकालाई दास, नोकर, गुलाम बनाइरहेका छन्। उनीहरू कतिसम्म खतरनाक हुन्छन् भने सम्पूर्ण श्रमजीवी जनताको अधिकारको विषय, स्रोत-साधन र श्रमको आवाज उठाउँदा हत्या गरिहाल्ने, सामूहिक स्रोत-साधनलाई निजी स्वार्थमा दुरूपयोग गर्ने गर्छन् र सम्पूर्ण श्रमजीवी किसान, मजदुर अन्याय-अत्याचारको भुमरीमा परेका हुन्छन्। अझ महिलाहरू दोहोरो चपेटामा परेका छन्। तिनै महिलालाई दासी र खेलौना बनाउने गर्छन्। यस्तो अध्यात्मवादी, घोर अपराधी संस्कृतिको विरोध गर्दा दमन गर्ने गर्छन्। यो सबै अमानवीय र अत्याचारी नियत हो। छिमेकी साम्राज्यवादी देश भारतको बुर्जुवा पुँजीवादले हिन्दु धर्मलाई खर्बौं लगानी गरी घोर अध्यात्मवादी, हिन्दु धर्मावलम्बीहरूलाई राष्ट्रपति, प्रधानमन्त्री र मन्त्री बनाएको छ। मालेमावादमा आधारित दसबर्से जनयुद्धले अन्त्य गरेको सामन्ती नाइके र हिन्दु राज्यलाई स्थापित गर्न भारतीय शासकहरू कसरत गरिरहेका छन्। भारतीय संविधानमा धर्मनिरपेक्ष राज्य लेखिएको छ। धर्मावलम्बी धमभीरुहरू नेपालमा पनि शासक भएका छन्। केपी वलीको होलीवाइन (जुन पिसाब र वीर्यबाट बनाइएको रक्सी हो) यसको सेवनले पुनः जनतामाथि शासन गर्ने काल्पनिक अन्धविश्वास प्रचण्डको भैँसीपूजा, शेरबहादुरको कुण्डलीपूजा, राष्ट्रपतिको कुमारीपूजा, पूर्वराजा ज्ञानेन्द्रको मन्दिरपूजा यी सबै श्रमिक जनतामा भ्रम छर्ने छद्मभेषीहरूको चाल हो।

मधेसी जनतामा नयाँ भ्रम दिन, श्रम लुट्न, मधेसी जनतालाई अलमल्याउन दलाल पुँजीवादका मतियारहरूले नयाँ छद्मभेष खडा गरेका छन् जसले युरोपियन युनियनको कुटिल चालअन्तर्गत मधेस छुट्टै देश हुने, मधेसका दलालहरूको छुट्टै मधेसी सरकार बनाउने भनी चुनाव बहिष्कारमा रहेका सीके राउतले सामाजिक दलाल संसदीय व्यवस्थाका मतियार केपी वलीको भक्त बनी चुनावी मैदानमा उत्रेका छन् र श्रमजीवी जनतालाई अधिकार पाउने भ्रम छरिरहेका छन्। मधेसवादी दल वा पार्टीहरू मधेसी जनतामा भ्रम दिन, श्रम लुट्न दलाल संसदीय व्यवस्थाको उपनिर्वाचनमा भाग लिएका छन्।

महान् दार्शनिक कार्ल मार्क्स र एङ्गेल्सले धर्म श्रमजीवी जनताका निम्ति अफिम हो भन्नुभएको छ। यसले मानिसलाई श्रमशोषण, अन्याय-अत्याचार गर्दछ। श्रमजीवीलाई फुटाऊ र शासन गर भन्ने नीति लागू हुन्छ। त्यसैले अन्धविश्वास र अध्यात्मवादी दर्शनलाई अन्त्य गर्नका निम्ति श्रमजीवी जनताको हातमा सत्ता र सरकारका निम्ति उहाँहरूले ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादको प्रतिपादन गर्नुभयो जुन विज्ञानसम्मत छ। सम्पूर्ण श्रमजीवी जनता मालिक हुनुपर्छ। कोही पनि असमानतामा रहनु हुन्न। सम्पूर्ण श्रम सामूहिक हुनुपर्छ। निजी पुँजीको अन्त्यका निम्ति उहाँहरूले वैज्ञानिक समाजवाद- साम्यवादको पथ निर्माण गर्नुभयो। रुसमा लेनिनले संसदीय दलाल व्यवस्थाको चुनावबाट नभई जनताको क्रान्तिमार्फत वैज्ञानिक समाजवाद लागू गर्नुभयो। कमरेड माओले चीनमा पनि चिनियाँ जनताको क्रान्तिमार्फत जनगणतन्त्र घोषणा गर्नुभयो। त्यहाँका सम्पूर्ण जनताको सामूहिक उत्पादन, समान वितरण, युवकयुवतीहरू समान रूपले विशेषज्ञ भएका छन्। मार्क्सले भन्नुभएको थियो- जबसम्म देशमा वैज्ञानिक समाजवाद- साम्यवादी आउँदैन तबसम्म स्थायी शान्ति हुँदैन। त्यसैले स्थायी शान्ति र अमनचैनका लागि महासचिव कमरेड विप्लवको नेतृत्वमा पुनर्गठित नेपाल कम्युनिस्ट पार्टी एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत वैज्ञानिक समाजवाद साम्यवाद प्राप्तिका लागि सङ्घर्षरत छ। यता कमिसनखोर, नोकरशाह, भ्रष्टाचारी, दलालहरूले नेकपामाथि प्रतिबन्ध लगाएका छन्। वर्तमान सरकार काला कर्तुतमा फसेको छ र दमनको नीति लिएको छ। नेपालका श्रमिक जनता, मजदुर, व्यापारी-उद्योगीहरूमा चरम कर थुपार्न, लुटखसोट गर्न, अन्याय-अत्याचार गर्न, २०७६ साल मङ्सिर १४ गतेका कथित उपनिर्वाचनको घोषणा गरेका छन्। उक्त कथित चुनाव दलाल संसदीय व्यवस्था अर्थात् कमिसनखोर, सूदखोर, वित्तीय पुँजी, घूसखोर, भ्रष्टाचारी, बलात्कारीहरूको चुनाव भएकाले उक्त निर्वाचन सशक्त बहिष्कार र खारेज गर्नको निम्ति मधेसमा बसोबास गरेका श्रमजीवी जनता, मजदुर, किसान, शिल्पकार, व्यापारी, उद्योगी, बुद्धिजीवी, पत्रकार, डाक्टर, इन्जिनियरहरूमा मधेसी राष्ट्रिय मुक्ति मोर्चा क्रान्तिकारी केन्द्रीय समितिका तर्फबाट हार्दिक अपिल गर्दछौँ।

# नेकपाका नेता-कार्यकर्तामाथि प्रहरीद्वारा हिरासतभित्रै कुटपिट

**अछाम** : बाजुरा प्रहरीको हिरासतमा रहेका नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्तामाथि प्रहरीले कुटपिट गरेको बताएका छन्। गत कात्तिक २२ गते बाजुराको गौमुल गाउँपालिका ३ बाट गिरफ्तार गरिएका १६ जना कार्यकर्ताले बाजुरा प्रहरीले कुटपिट गरेको बताएका हुन्। 'प्रहरीले हामीमाथि दुर्व्यवहार गरेको छ। हामीलाई गिरफ्तार गरेर ल्याएको अर्को दिनसम्म कुटपिट गरेको थियो', हिरासतमा रहेका उक्त पार्टीका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' ले भने, 'प्रहरीले कानुनी परामर्शका लागि वकिल र घरपरिवारलाई फोनसम्म गर्न दिएको छैन।'

हिरासतमा पुगेको मानवअधिकार तथा शान्ति समाजका प्रतिनिधिसमक्ष नेकपा नेता-कार्यकर्ताहरूले आफूमाथि प्रहरीले दुर्व्यवहार गरेको बताएका हुन्। उनीहरूका अनुसार प्रहरीले आफन्त भेट्न, आफन्तलाई फोन गर्न र वकिललाई सम्पर्क गर्नसमेत दिएको छैन। यस विषयमा बुझ्दा जिल्ला प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक उद्धवसिंह भाटले भने नेकपाका नेताहरूमाथि त्यस्तो अभद्र व्यवहार नगरिएको दाबी गरे।

प्रहरीले हतियार बरामद भएको नक्कली बहाना बनाएको नेकपाका कार्यकर्ताहरूले बताएका छन्। गिरफ्तार भएकाहरुमा ११ जना पुरुष र ५ जना महिला छन्। महिलाहरूले प्रहरीले गिरफ्तार गर्दा कुटपिट गरेको बताएका छन्। गिरफ्तार भएकाहरुमा रोल्पाको गङ्गादेव गाउँपालिका ३ जिनाबाङका नेकपाका केन्द्रीय सदस्य ओली, बाजुराको त्रिवेणी नगरपालिका २ छताराका डम्मर सुनार, अछामको ढकारी गाउँपालिका २ का नरेश शाही, कैलालीको घोडाघोडी नगरपालिका १ का दीपक प्रकाश सुनार, बाजुराको हिमाली गाउँपालिका १ का अमलाल थापा, त्यही ठाउँका धर्मबहादुर थापा, अछामको पञ्चदेवल विनायक नगरपालिका ८ का उदय कसेरा, अछामको ढकारी गाउँपालिका २ का राजेशकुमार शाही, सोही गाउँपालिका ७ का डबलबहादुर नेपाली, तुर्माखाद गाउँपालिका ८ का कृष्ण विक छन्। त्यसैगरी बाजुराको हिमाली गाउँपालिका १ का धर्मसिंह बोहरा, स्वामीकार्तिक गाउँपालिका १ बस्ने कुस्मा विक, सोही गाउँपालिका १ बस्ने अस्मिता विक, सुस्मिता विक, अछामको ढकारी गाउँपालिका २ बस्ने कमला विक र बझाङको मष्टा गाउँपालिका १ बस्ने सृष्टि सिंहलाई गिरफ्तार गरी प्रहरीले हातहतियार तथा राज्यद्रोहको मुद्दा चलाएको छ।

# कैलालीमा नेकपाले फेरि गऱ्यो जग्गा कब्जाको घोषणा


युवा संगठन नेपाल
कैलाली जिल्ला
परिवर्तनकारी जनतालाई हाम्रो सलाम, दलाल भ्रष्ट भूमाफिया हाम्रो निशानी जनयुद्धको क्रममा कब्जा गरिएका सबै जग्गा पुन युवा संगठन नेपाल कैलालीले आजको मिति देखी आफ्नो नियन्त्रमा लिएको जानकारी सबैमा गराईन्छ। यो जग्गा बिक्री वितरणमा संलग्न दलाल भूमाफिया भ्रष्ट दलका नेतालाई भौतिक कार्वाही गरिने छ।
मिति: २०७६/०८/०८ गते
क.प्रतिरोध
युवा संगठन कैलाली नेपाल

**धनगढी** : जनयुद्धकालमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले कब्जा गरेको कैलाली जिल्लाको जोशीपुर गाउँपालिका वडा नम्बर ७ को १३ बिघा जग्गा भूमाफियाले बिक्रीवितरण गरेको पाइएपछि नेपाल कम्युनिस्ट पार्टीले फेरि कब्जामा लिइएको घोषणा गरेको छ।

युद्धकालमा सामन्त ठहर गर्दै मखन राईको ६० बिघा जग्गामध्ये १३ बिघा जग्गा तत्कालीन ने.क.पा.(माओवादी) ले कब्जा गरेको थियो। उक्त जग्गालाई बर्दगोरिया गाउँपालिकाका बौनिया निवासी कर्ण कुँवर भनिने भूमाफियाले स्थानीय कुमार थापालाई बिक्री गरेको जानकारी ने.क.पा. कैलालीले गराएको छ।

उक्त जग्गा नेकपा कैलालीले फेरि आफ्नो कब्जामा लिएको घोषणा गर्दै बिक्रीवितरणमा रोक लगाइएको घोषणा गरेको छ। नेकपा कैलाली र युवा सङ्गठन नेपाल कैलालीको नेतृत्वमा उक्त जग्गा सोमबार साँझ पार्टीको झन्डा र सङ्गठनको झन्डा तथा कालो ब्यानर राखेर कब्जामा लिइएको नेकपाले जनाएको छ।

उक्त अवसरमा नेकपा कैलालीका सेक्रेटरी करणले यो जग्गा किनबेच गरेमा भूमाफियालाई भौतिक कारबाही गर्ने चेतावनी दिएका थिए। कार्यक्रमको सञ्चालन युवा सङ्गठन नेपाल कैलालीका संयोजक प्रतिरोधले गरेका थिए।

www.jbbl.com.np
हाम्रो सुरक्षित बचत खाता
बचत गरौं सुरक्षित रहौं
तपाईको बचतमा हाम्रो सुरक्षा, आकर्षक ब्याजदरको साथै बीमाको सुविधा

* रू. ५ लाख सम्मको दुर्घटना बीमा*
* रू. १ लाख सम्मको औषधी उपचार खर्च सोधभर्ना*
विशेषताहरु:
* वार्षिक ७% ब्याजदर * दैनिक मौज्दातमा त्रैमासिक ब्याज भुक्तानी
* न्यूनतम मौज्दात रु. ५,०००/- * लकरको वार्षिक शुल्कमा ५०% छुट
* बीमा सुविधा सहित अन्य धेरै सुविधाहरु
ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था"
कमलादी, काठमाडौं, नेपाल
फोन नं.: ०१-४१६८६०५, ०१-४१६८८१६/१७/१८
फ्याक्स नं.: ०१-४४४२१९२, ४१६८५८१
ईमेल: info@jbbl.com.np

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, कार्यकारी सम्पादक : **प्रकाश डुम्रे**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं